




## तिनाउ गाउँपालिकाको १५औं गाउँसभाबाट पारित

# वार्षिक गाउँ विकास योजना

## आ.व. २०८१/०८२

**तिनाउ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
दोभान, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

www.tinaumun.gov.np    tinaururalmunicipality@gmail.com    075–413063

# तिनाउ गाउँपालिकाका पदाधिकारीहरु



प्रेम श्रेष्ठ
अध्यक्ष



लाल बहादुर थापा
उपाध्यक्ष



भुवान सिं चिदी
वडाअध्यक्ष



यादव प्रसाद अर्याल
वडाअध्यक्ष



चित्र बहादुर थापा
वडाअध्यक्ष



तुल बहादुर आले
वडाअध्यक्ष



इन्द्र कुमारी चिदी
वडाअध्यक्ष



टोम बहादुर पुन
वडाअध्यक्ष



धनि कुमारी बगाले
कार्यपालिका सदस्य



पम्फा मगर
कार्यपालिका सदस्य



कुमारी सुनार
कार्यपालिका सदस्य



गंगा कुमारी राना
कार्यपालिका सदस्य



छवि विश्वकर्मा
कार्यापालिका सदस्य



सन्तोष दमाई परियार
कार्यापालिका सदस्य

तिनाउ गाउँपालिकाको

# वार्षिक गाउँ विकास योजना

(आ.व. २०८१/०८२)

प्रकाशकः

तिनाउ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दोभान, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

Website: www.tinaumun.gov.np

E-mail : info@tinau.gov.np

tinaururalmunicipality@gmail.com

**पुस्तक**

**वार्षिक गाउँ विकास योजना**

**प्रकाशक**

तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दोभान, पाल्पा

**सर्वाधिकार** : तिनाउ गाउँपालिका, दोभान, पाल्पा

**आर्थिक वर्ष** : २०८१/०८२

**प्रमुख संरक्षक** :
अध्यक्ष श्री प्रेम श्रेष्ठ

**संरक्षक** :
उपाध्यक्ष श्री लाल बहादुर थापा

**सम्पादन मण्डल**
श्री लेख बहादुर बस्नेत - प्रमुख प्रशासकीय अधिकृत
श्री शंकर पुरी - लेखा अधिकृत
श्री कृष्ण ज्ञवाली - रोजगार संयोजक
श्री सुनिल के.सी. - सहायक पाँचौं
श्री निरन्जन लामिछाने - सहायक चौथो

**छापिएको प्रति** : २५० प्रति

सेटिङ्/डिजाईन : **पारस वर्मा** (मो. ९८४७२६६७६८)

मुद्रणः **आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस**
बुटवल-६, पुरानो बसपार्क, फोनः ०७१-५५३२९३, ९८५७०३५३८०, ई-मेलः ideapressbtl@gmail.com

# तिनाउ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**दोभान, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**



## अध्यक्षको कलमबाट

जनताको घर आँगनमा सेवा पुऱ्याई नागरिकमा वास्तविक लोकतन्त्रको अनुभूति गराउने अङ्ग स्थानीय सरकार हो। यसको प्रभावकारितामा नै लोकतन्त्र, सुशासन, समानता र समतामा आधारित न्यायपूर्ण समाजको निर्माण हुने हुदाँ सरकारको जनताप्रतिको दायित्व स्थानीय तहको सक्षमतामा निर्भर रहन्छ। नेपालको संविधानको अनुसूची ८ र ९ मा स्थानीय तहलाई प्राप्त अधिकार स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय जनताको प्रत्यक्ष सहभागितामा विभिन्न चरणहरु पुरा गरी गाउँसभाको पन्ध्रौं अधिवेशनबाट स्वीकृत गरी कार्यान्वयका लागि प्रस्तुत वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका तयार गरिएको छ। जनताको उच्च आकांक्षा र गाउँपालिकामा उपलब्ध सीमित स्रोत साधन तथा जनशक्ति व्यवस्थापनका कतिपय जटिलताहरु भएपनि सबै प्रकारका जनआकांक्षालाई सकेसम्म सम्बोधन गर्ने अथक प्रयास गरिएको छ। तिनाउ गाउँपालिकाको समग्र विकासको प्रयास निरन्तर प्रक्रिया भएकोले क्रमशः जनआकांक्षाहरु पुरा गर्न हाम्रो प्रयास जारी रहनेछ भन्ने प्रतिवद्धता समेत व्यक्त गर्न चाहान्छौं। सरकारको पहिलो दायित्व कानूनको शासन कायम गर्दै सबै नागरिकको सकारात्मक सहयोग सद्भाव र सक्रिय सहभागिताले मात्र हामीले खोजेको विकास गर्न सम्भव भएको हुदाँ सम्पूर्ण गाउँपालिका बासीहरुले जसरी योजना तर्जुमा प्रक्रियामा उत्साजनक अर्थपूर्ण सहभागिता देखाउनु भएको छ त्यस्तै सक्रियता कार्यान्वयनको चरणमा हुनेछ भन्ने हाम्रो दृढ विश्वास छ।

तिनाउ गाउँपालिकाको समग्र बिकासका लागि शिक्षाको माध्यामबाट नै सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक, पर्यटकीय र वातावरणीय बिकास सम्भव छ भन्ने तपाईहरुको सुझावलाई मनन् गर्दै यस गाउँपालिका भित्रका सडक निर्माण, पुल निर्माण, कृषि विकास, पशु सेवा, पर्यटन प्रवर्द्धन, खानेपानीको व्यवस्थापन, कला संस्कृतिको संरक्षण र सम्वर्द्धन गरी लक्षित वर्गले नै बिकास तथा न्यायमा पहुँच सुनिश्चित भएको महसुश गरी समृद्ध तिनाउ सुखी तिनाउबासीको सपना साकार पार्ने प्रयास गर्नेछौ। संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा हामी सबैको चासो र चिन्तनले समग्र तिनाउको विकास र समृद्धिका लागि यस आर्थिक वर्षमा धेरै बजेटको व्यवस्था भएको छ। अब हाम्रो साझा चासो र चिन्तनको विषय तिनाउ गाउँपालिकाको प्राकृतिक, धार्मिक, सांस्कृतिक क्षेत्रको संरक्षण सम्वर्द्धन र बिकास गर्दै निजी क्षेत्रको समन्वयमा आन्तरिक स्रोत वृद्धि तर्फ केन्द्रित हुनुपर्ने कुरा महशुस गरिएको छ।

अन्त्यमा, हालसम्म यस गाउँपालिकाको नीति कार्यक्रम तथा बजेट तर्जुमा सहयोग गर्नुहुने उपाध्यक्ष ज्यू, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु, राजनैतिक दलका पदाधिकारीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत सहित सम्पूर्ण कर्मचारी मित्रहरु, विभिन्न पेशा व्यवसायसँग सम्बन्धीत व्यक्तित्वहरु, बुद्धिजीवी वर्ग, पत्रकार लगायत सम्पूर्ण गाउँपालिका बासी आमावुवा दाजुभाई दिदिवहिनिलाई धन्यवाद दिन चाहान्छु। गाउँपालिकाको सिंगो टीम गाउँपालिका बासीको समस्या पहिचान गरि गाउँपालिका बासीको उत्साहजनक सहभागिताबाट मात्र गाउँपालिकाको विकास सम्भव रहेकोमा पूर्ण विश्वस्त रहँदै सम्पूर्ण गाउँपालिका बासीहरुको साथ सहयोग र सकरात्मक आलोचना प्राप्त हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु। धन्यवाद !!

२०८१ श्रावण

**प्रेम श्रेष्ठ**
अध्यक्ष

# तिनाउ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**दोभान, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**



## उपाध्यक्षको कलमबाट

शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन र पूर्वाधार, समृद्ध तिनाउको मूलआधार आदर्श वाक्यलाई सार्थक बनाई गाउँपालिकाको समग्र पक्षको विकास गर्नका लागि सबै प्रकारका आयोजनाहरु समावेश गरी आ.व ०८१।०८२ को बार्षिक नीति कार्यक्रम बजेट तयार गरी किताबको रुपमा यहाँहरु समक्ष प्रस्तुत गर्न पाउदाँ खुसी लागेको छ । जनचाहाना अनुरुप जनताले चाहेका प्रतिनिधिद्वारा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउने राज्यको शासन व्यवस्थाको स्थापना गर्न इतिहासका विभिन्न चरणमा परिवर्तनका लागि भएका आन्दोलनमा आफ्नो प्राण उत्सर्ग गर्नुहुने ज्ञात, अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु र शासन व्यवस्था परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण मेरा राजनीतिक अग्रजहरु र सहकर्मिमा सम्मान व्यक्त गर्न चाहान्छु।

हामी निर्वाचित भएर आए पश्चात यस अगाडि गाउँपालिकाबाट प्रस्तुत भएका बार्षिक नीति तथा कार्यक्रम, बजेट सफलता पूर्वक कार्यान्वयन गरि योजनाहरु गुणस्तरीय रुपमा समयमै सम्पन्न गर्न सहयोग पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, राजनीतिक दलहरु, उपभोक्ता समितिहरू, कर्मचारीहरु र आम गाउँपालिकाबासिहरु प्रति हार्दिक धन्यवाद दिदै आभार व्यक्त गर्दछु।

गाउँपालिकाको विगत वर्षका नीति तथा कार्यक्रम र बजेट कार्यान्वयका अनुभव, तपाईहरुको राय सुझाव र सल्लाह, विज्ञहरुको परामर्शको आधारमा गाउँपालिकाबासिहरुको टोल-टोलमा, बस्ती बस्तीमा गएर लक्षित वर्गहरुसँगको छलफल अन्तरक्रियाबाट उहाँहरुकै रोजाईका आयोजनामा प्राथमिकता निर्धारण गरी वडा समितिको बैठकको निर्णयबाट प्राप्त आयोजना माथि विषयगत समितिको निर्णयबाट पूर्ण समावेशि, सहभागितामुलक पद्धतिबाट यस आ.व. ०८१।०८२ को बार्षिक नीति कार्यक्रम बजेट तयार गरी यहाँहरु समक्ष सार्वजनिक गरेका छौं।

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट जारी भएका ऐन, नियम, नियमावली, कार्यविधिहरु र बजेट तयारी सम्बन्धी मार्गदर्शनहरु यस विकास योजना कार्यान्वय गर्नमा आधार हुनेछन् । जसका कारण आयोजना कार्यान्वयमा र गाउँपालिकाबाट प्रवाह हुने, सेवा लिने क्रममा आम जनसमूदायहरुमा सुशासनको अनुभूति हुनेछ। गाउँपालिकाले आयोजना गरेका सम्पूर्ण काम दिगो रहने गरी सञ्चालन गरिएको छ जसको कारण गाउँबासिहरुमा विकासका गतिविधिको प्रत्यक्ष अनुभूति हुने आशा लिएको छु।

अन्त्यमा, दिगो विकास र सुशासनको प्रत्याभूति गर्ने गराउने विषयमा हामी सबैको सकरात्मक सोचको विकास होस, सम्पूर्ण गाउँपालिकाबासिहरुको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । साथै यस गाउँ विकास योजना सफल कार्यान्वयनका लागि सबै पक्षहरु र सम्पूर्ण गाउँपालिकाबासिहरुको सहयोग प्राप्त हुने पूर्ण आशा र विश्वास लिएको छु। धन्यवाद !

२०८१ श्रावण

**लाल बहादुर थापा**
उपाध्यक्ष

# तिनाउ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### दोभान, पाल्पा
### लुम्बिनी प्रदेश, नेपाल



## मेरो भन्नु

तिनाउ गाउँपालिकाले सदा जस्तो यस आर्थिक वर्षमा पनि आर्थिक वर्ष २०८१/८२ को नीति, कार्यक्रम तथा बजेट गाउँसभाबाट स्वीकृत गरी गाउँपालिकाका कार्यक्रमहरुलाई सम्पूर्ण जनसमुदायहरुलाई जानकारी गराउन पुस्तकको रुपमा प्रकाशित गर्ने प्रयास गरेको छ । विगतका वर्षहरुमा जस्तो यस वर्ष पनि गाउँपालिकाले आफ्ना वार्षिक कार्यक्रमहरुलाई पुस्तकको रुपमा प्रकाशित गरी सार्वजनिक गर्ने प्रयास गरिरहेकोमा मलाई खुशी लागेको छ।

संघीयताको कार्यान्वयन भए पछी देश भरिका स्थानीय तहहरुले स्थानीय सरकारको रुपमा आफ्ना कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् । यस्तै सरकारहरु मध्ये तिनाउ गाउँपालिकाले पनि आफ्ना कामहरु स्थानीय सरकारको रुपमा सम्पादन गर्दै आएको छ । गाउँपालिकाले आफ्ना कामहरु सम्पादन गर्दा विभिन्न समस्याहरुलाई समाधान गर्दै अँगाडी बढिरहेका छन् । आफ्नो कार्यसम्पादनलाई प्रभावकारी बनाउन सरकारले गर्ने सम्पूर्ण कामहरु एउटै निकायबाट गर्दा विविध प्रकारका समस्याहरु देखा पर्ने गरेका छन् । नेपाल संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमा रहेकोले स्थानीय सरकारका कार्यहरु सोचे जस्तो प्रभावकारी हुन सकेका छैनन् जसले गर्दा जनताहरुले संघीयताको अनुभूति पूर्ण रुपमा गर्न सकेको अवस्था देखिँदैन ।

गाउँपालिकाको कार्य सम्पादनलाई संघीय सरकारको कार्य प्रक्रियाले पनि प्रत्यक्ष प्रभाव पार्ने कुरा नेपालले वर्तमान समयमा अंगालेको संघीयताको प्रणालीले देखाउँदछ । नेपालको संघीयता सहकार्य, सहअस्तित्व र सहकारीताको प्रणालीको आधारमा कार्यान्वयनमा आएको छ । हाल संघीय सरकारमा देखिएको अस्थिरता तथा विगत केही समय यता वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा संघीय सरकारले उपलब्ध गराएको शिलिङ रकममा आर्थिक वर्षको अन्यमा केही रकम कटौती गर्ने परिपाटीले गाउँपालिकाको बजेट तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न समस्या परेको छ।

तिनाउ गाउँपालिकाले यस वर्ष वार्षित नीति तथा कार्यक्रम तयार गर्दा संघीय सरकारले उपलब्ध गराएको नियमानुसारको शिलिङ्ग तथा मार्गदर्शनहरुलाई पालना गर्ने अधिक्तम प्रयास गरिएको छ । गाउँपालिकाको आन्तरिक श्रोतसाधनलाई अधिक्तम उपयोग गर्ने उद्देश्यका साथ यस वर्षको वार्षिक कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ । विकास एक वहु आयामिक विषय हो । यसको कार्यान्वयन गर्न वहु प्रतिभा भएका जनशक्तिको आवश्यक पर्दछ । यस गाउँपालिकामा हाल उक्त जनशक्तिहरुको केही अभाव भएकोले स्थानीय सरकारको पूर्ण रुपमा कार्यान्वयन गर्न समस्या परेको अवस्था छ ।

अन्त्यमा यस वार्षिक विकास योजना तयार गर्न सहयोग गर्नु हुने गाउँपालिकाका अध्यक्षज्यू उपाध्यक्षज्यू सम्पूर्ण वडा अध्यक्षज्यूहरु कार्यपालिकाका सदस्यज्यूहरु गाउँसभाका सदस्यज्यूहरु र गाउँपालिकामा कार्यरत सबै कर्मचारी साथीहरुलाई हार्दिक धन्यबाद दिनु चाहान्छु । धन्यबाद नमस्कार !

२०८१ श्रावण

**लेखबहादुर बस्नेत**
प्रमुख प्रशासकीय अधिकृत

# तिनाउ गाउँपालिकाको सक्षिप्त पार्श्वचित्र, पाल्पा

**Factsheets of Profile**

| | |
|---|---|
| क्षेत्रफल : २०२ बर्ग कि.मि.   घरधुरी संख्या: ४२०१ | जम्मा जनसंख्या: १७,७७७ <br> औषत साक्षरता दर : ८१.०९% (महिला: ७५.४, पुरुष: ८९.३) |
| लैगिंक अनुपात : ९०.६२ | जनघनत्व : ८८ |

(स्रोत : २०७८ को जनगणना र आ.व.२०८०।८१ को शाखागत विवरण)

## वडागत जम्मा घरधूरी,पुरुष र महिलाको जनसंख्या विवरण




## उमेरगत जनसंख्या वितरण

| उमेर समूह (बर्ष) | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| ००- ४ | १४३६ | ७५३ | ६८३ |
| ४-१४ | ३२२२ | १६५१ | १५७१ |
| १५-१९ | १६६२ | ७९१ | ८७१ |
| २०-४९ | ७८३० | ३५४६ | ४२८४ |
| ५०-५४ | ९५७ | ४३४ | ५२३ |
| ५५-५९ | ७३१ | ३५७ | ३७४ |
| ६०-६९ | ११४८ | ५४७ | ६०१ |
| ७०+ | ७९१ | ३७२ | ४१९ |
| Total | १७७७७ | ८४५१ | ९३२६ |

**खाना पकाउन प्रयोग**

दाउरा : ८३.४५%
ग्यास : १५.२३%
अन्य: १.३०%

## लिङ्ग अनुसार जनसंख्या

| पुरुष | महिला |
|---|---|
| ४७.५३% | ५२.४४% |
| ८४५१ | ९३२६ |

## कृषि बाली र उत्पादन

| बाली | क्षेत्रफल (हे.) | उत्पादन (कि.) |
|---|---|---|
| बर्षे मकैं | ३२९६ | ११९३३ |
| धान | २३०१ | ७२४९ |
| कोदो | ७५६ | १९५२ |
| तरकारी | २४९९ | ६४२४ |
| फलफूल | ११४ | १०२३ |
| मसला बाली | ५३१ | १२४९ |

## बत्तीको श्रोत

| | |
|---|---|
| बिद्युत | ९४.७१% |
| सोलार | ४.८५% |
| अन्य | ०.६९% |

## १० वर्ष माथिको जनसंख्या संलग्न भएको पेशागत जनसंख्या




कृषि, वन तथा मत्यपालनमा संलग्न पेसागत जनसंख्या : ७७.६%
अन्य : २२.४%
कृषि क्षेत्रमा संलग्न जनसंख्या : ८०.९%
अन्य : १९.१%

## साक्षरताको अवस्था




## खानेपानीको श्रोत अनुसार परिवार संख्या




## घर, जग्गामा महिलाको स्वामित्व अनुसार परिवार संख्या




## १० वर्ष भन्दा माथिको व्यक्तिको आर्थिक क्रियाकलापमा संलग्न जनसंख्या



## खोप तथा पोषणको अवस्था

| | |
|---|---|
| १ वर्ष मुनिका वालवालिकाको संख्या | २५१ |
| २ वर्ष मुनिका वालवालिकाको संख्या | ५०६ |
| ५ वर्ष मुनिका वालवालिकाको संख्या | १२७९ |
| बिसिजि खोप लगाउने वालवालिकाको संख्या | १३१ |
| पोलियो खोप तेस्रो मात्रा लगाउने बालवालिकाको सं | २०४ |
| दादुरा रुबेला दास्रो खोप लगाउने बालवालिकाको सं | २३९ |
| जे.ई.खोप लगाउने बालबालिकाको संख्या | २४१ |
| २ वर्ष मुनिका वालवालिकाको औषत बृद्धि अनुगमन पटक | २२ |

## चर्पीको प्रयोगको अवस्थाको विवरण (परिवार)



| फ्लस भएको (सा. ढल) | फ्लस भएको (से. ट्याङ्क) | साधारण | चर्पी नभएको |
|---|---|---|---|
| ७.५६% | ७७.४८% | १४.२०% | ०.७०% |

## पशुजन्य उत्पादन

| | |
|---|---|
| उन्नत गाई | २१२ |
| भैसी | ४०० |
| दुध उत्पादन (वार्षिक लिटर) | ३,००,११३ |

## कृषि क्षेत्र

| | |
|---|---|
| सिचिंत क्षेत्र (हे.) | ९१९ |
| जम्मा खेतियोग्य जग्गा (हे.) | १४९५ |

## घटना दर्ता विवरण (स्रोत : आ.व.२०८०।८१ पञ्जिकरण शाखा)




| | | | |
|---|---|---|---|
| बसाईसरी आएको | ८७ जना | बसाईसरी गएको | १४४ जना |

## प्रमुख जातजातिहरुको जनसंख्या (प्रतिशत)




## प्रमुख धर्म मान्ने मानिसहरुको जनसंख्या (%)




## भू-उपयोग अवस्था

| | |
|---|---|
| खेतियोग्य जमिन | १७.६ |
| बनजंगल | ११२.६७ |
| पानी | ५.९२ |
| अन्य | ६४.८ |
| जम्मा | २०२ |

## मुख्य पर्यटकिय तथा धार्मिक क्षेत्रहरु

**सत्यवति मन्दिर र ताल, सिदबाबा मन्दिर, माँ कामाख्या मन्दिर, नुवाकोट गढी, रामापिथेकस पार्क, रानी झरना, मरामकोट, जन्तिलुगं, सिद्ध गुफा, सुकेताल, खुलखुले पार्क**

## सुरक्षित मातृत्वको अवस्था

| | |
|---|---|
| टि.टि दास्रो खोप लगाएका गर्भवतीको संख्या | ९४ |
| टि.टि दास्रो + खोप लगाएका गर्भवतीको संख्या | ८८ |
| प्रोटोकल अनुसार चार पटक गर्भजाँच गरेको संख्या | १५७ |
| स्वास्थ्य सस्थामा सुत्केरी भएको संख्या | ४३ |
| ५ वर्ष मुनिका वालवालिकामा पखाला लाग्ने दर (प्रतिहजार) | ८८ |
| ५ वर्ष मुनिका वालवालिकामा स्वासप्रस्वासको समस्या दर(प्रतिहजार) | १८५ |

## बिद्यालयको विवरण

प्राथमिक १-५) - २३
आधारभूत (१-८) - ८
माध्यमिक (१-१०) - ३
उच्च मावि (१-१२) - ६

जम्मा शिक्षक : ३१८ : शि. पुरुष - १४५ शि.महिला - १७३

जम्मा बिद्यार्थी : ३८८६ : छात्र -२०१०, छात्रा - १८७६

## अपाङ्गताको विवरण

जम्मा अपाङ्गता 4% जनसंख्या

महिला ३.८%

पुरुष ४.६%

| अपाङ्गताको प्रकार | प्रतिशत |
|---|---|
| शारीरिक अपाङ्गता | ३७.२० |
| बहुअपाङ्गता | ९.२० |
| दुष्टिबिहिन | ३.५० |
| न्यून दुष्टिबिहिन | १६.०० |
| बहिरा | ८.७० |
| मनोसामाजिक अपाङ्गता | २.८० |

## प्रशासनिक अवस्था

| | |
|---|---|
| गाउँपालिका भवन | १ |
| वडा भवन | ६ |
| जनप्रतिनिध संख्या | ३४ |
| कर्मचारी संख्या | ५२ |
| हे.ई. ४।५।६ | २१ |
| क.न. | १३ |
| स्वयसेविका | ४० |

## स्वास्थ्य संस्था

| | |
|---|---|
| स्वास्थ्य चौकी | ४ |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | २ |
| सामुदायिक स्वास्थ्य इकाई | ९ |
| गाउँघर क्लिनिक | १८ |
| खोप क्लिनिक | १६ |

## घरको छानाको बनौट अनुसार परिवार संख्या




## १० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा मुख्य आर्थिक काम गरेको अवधि (महिना) अनुसार जनसंख्या




## बित्तिय संस्थाहरु

| | |
|---|---|
| वाणिज्य बैंक | १ |
| सहकारी | २० |
| बन | ८४ |
| लघुवित्त | १ |

## परिवारमा उपलब्ध साधन र सुविधा अनुसारको परिवारको विवरण (प्रतिशत)




## मुख्य उद्योगहरु

| | |
|---|---|
| खानी | ६ |
| केबुलकार (लुम्बिनी र सिद्धार्थ) | २ |
| कृषि तथा पशु व्यवसाय (फर्म) | ५२ |
| कृषि समूह | ६४ |
| पशु समूह | १५ |

## मुख्य बाटोहरु

कालोपत्रे सडक : १९.२५किमी
माटे सडक : ४१२.५७ किमी
ग्रेबल : १३.७६ किमी
पक्की पुल : १५ वटा
झोलुङ्गे पुल : ४०वटा


अध्यक्ष : श्री प्रेम श्रेष्ठ फोन नं.: ९८५७०७४२८९
उपाध्यक्ष : श्री लाल बहादुर थापा फोन नं. : ९८५७०७४२९०
प्रमुख प्रशासकिय अधिकृत : श्री लेख बहादुर बस्नेत फोन नं.: ९८५७०७७०९८
तिनाउ गाउँकार्यपालिकाको कार्यालय फोन नं. : +९७७-०७५४१३०६३/०७५४१३०६४
ईमेल : tinaururalmunicipality@gmail.com
वेवसाइड : https://tinaumun.gov.np/ तयार गने : तिनाउ गाउँपालिका

# विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | तिनाउ गाउँपालिकाको परिचय | १–४ |
| २ | आ.व. २०८०/०८१ को क्षेत्रगत प्रगति विवरण | ५ |
| ३ | आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रमको समिक्षा | ५–११ |
| ४ | स्थानीय तहका अवसर तथा चुनौति | ११–१३ |
| ५ | आ.व. २०८०/०८१ मा तयार गरिएको ऐन, नियम, कार्यविधि, निर्देशिकाहरू | १४ |
| ६ | आ.व. २०८१/०८२ को गाउँसभाबाट पारित नीति तथा कार्यक्रम | १५–३७ |
| ७ | आ.व. २०८१/०८२ को बजेट वक्तव्य | ३८–५९ |
| ८ | तिनाउ गाउँपालिकाको आर्थिक ऐन, २०८१ | ६०–६९ |
| ९ | आ.व. २०८१/०८२ को आय विवरण | ७०–७१ |
| १० | तिनाउ गाउँपालिकाको विनियोजन ऐन, २०८१ | ७२–७३ |
| ११ | आ.व. २०८१/०८२ को व्ययको विवरण | ७४–७८ |
| १२ | आ.व. २०८१/०८२ को कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन | ७९–११२ |
| १३ | आ.व. २०८१/०८२ को क्षेत्रगत बजेट विनियोजन | ११३–११४ |
| १४ | आ.व. २०८१/०८२ को स्रोतगत रूपमा आय व्ययको विवरण | ११५ |
| १५ | आ.व. २०८१/०८२ मा प्रधामन्त्री रोजगार कार्यक्रमको योजना बैंक | ११६–११७ |
| १६ | जनप्रतिनिधिहरूको विवरण | ११८ |
| १७ | गाउँपालिकाका कार्यरत कर्मचारीहरूको विवरण | ११९–१२२ |
| १८ | आ.व. २०८१/०८२ मा सञ्चालन हुने योजनाहरूको वार्षिक कार्यान्वयन कार्ययोजना | १२३–१२४ |
| १९ | विभिन्न कार्यक्रम तथा योजनका तस्वीरहरू | १२५–१३२ |

# तिनाउ गाउँपालिकाको परिचय

नेपाल राज्यको पुन:संरचना सँगै नेपाल राज्यको लुम्बिनी प्रदेश अन्तर्गत पाल्पा जिल्लाको १० स्थानीय तह मध्येको एक साविकका कचल, दोभान, कोलडाँडा र मस्याम गरि ४ गाउँ विकास समिति समेटेर मिति २०७३ फाल्गुन २७ मा ६ वटा वडामा विभाजन गरि स्थापना भएको तिनाउ गाउँपालिकाको नामाकरण पाल्पा जिल्लाको आर्थिक, धार्मिक, साँस्कृतिक, पर्यटकिय र पौराणिक इतिहास बोकेको तिनाउ नदीको नामबाट गरिएको हो । पूर्वमा माथागढि गाउँपालिका र देवदह नगरपालिका पश्चिममा रैनादेवि छहरा गाउँपालिका र सैनामैना नगरपालिका उत्तरमा रिब्दिकोट गाउँपालिका र तानसेन नगरपालिका दक्षिणमा बुटवल उपमहानगरपालिकाको भौगोलिक क्षेत्रबीच र उत्तर दक्षिणबाट सिद्धार्थ राजमार्गले धरातलियबीचबाट काटेको अवस्थितिमा तिनाउ गाउँपालिका रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल २०२ वर्ग कि.मी, ४२०१ घर धुरी संख्या र कुल जनसंख्या १७,७७७ रहेको छ । चुरे क्षेत्रमा पर्ने कचल खोला र झुम्सा खोलाको संगम स्थल दोभान यस गाउँपालिकाको केन्द्रको रुपमा रहेको छ जुन पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट ३५ कि.मी. र बुटवल बजारबाट ५ कि.मी.को दुरीमा रहेको छ । हरियाली वनजङ्गल, चुनढुङ्गा खानी क्षेत्र, खोलानाला नदी, कृषि क्षेत्रका फाँट, पाटन, जन्तिलुङ्ग, मरामकोट, सत्यवति ताल, वसन्तुर, गिन्टार, सुकेताल, रिङ्गसिङ्गलेक, हात्तिलेक, भुतखोला, रानि झरना, माँ कामख्य मन्दिर, नुवाकोट, सिद्धबाबा मन्दिर र रामापिथेकस क्षेत्रको प्राकृतिक, धार्मिक, साँस्कृतिक, पौराणिक र पर्यटकीय प्रचुर सम्भावना तिनाउ गाउँपालिकले बोकेको हुँदा निजी क्षेत्र आकर्षित भई लुम्बिनी केवलकार र सिद्धार्थ केवलकार संचालनका आएका छन् ।

**तिनाउ गाउँपालिकाको वडागत विवरण तपसिल बमोजिम रहेको छ ।**

| वडा नं | साविक गा.वि.स. | साविक वडा नं | वडा केन्द्र | क्षेत्रफल | पालिका केन्द्र |
|---|---|---|---|---|---|
| १ | कचल | १-९ | कचलफाँट | २०२ वर्ग कि.मी. | साविक दोभान गाविस कार्यालय दोभान पाल्पा |
| २ | दोभान | ३,६-९ | दोभान | | |
| ३ | दोभान | १,२,४,५ | झुम्सा | | |
| ४ | कोलडाँडा | १-४ | सत्यवति | | |
| ५ | कोलडाँडा | ५-९ | चरचरे | | |
| | मस्याम | ४ | | | |
| ६ | मस्याम | १-३,५-९ | मस्याम हटिया | | |
| | दोभान | ८ | | | |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

**भू-उपयोग**

अधिकांश भाग चुरे क्षेत्रमा पर्ने यस गाउँपालिकामा अधिकांश जमिन जंगलले ढाकेको छ । पहाडी भू-भाग रहेको यस गाउँपालिकाको प्रमुख पेसाको रुपमा कृषि रहेको छ । कृषि क्षेत्रमा संलग्न जनसंख्या ८०.९

प्रतिशत रहेका छ । खेतीयोग्य जमिन १७.६ प्रतिशत रहेकोमा जम्मा ९१९ हेक्टर जमिन सिंचाई योग्य भए पनि धेरै भूभागमा खेती गर्दा आकासे पानीको भर पर्नुपर्ने हुन्छ । धान, गहु, मकै, कोदो, दलहन साथै विभिन्न तरकारी तथा नगदेबाली उत्पादन हुने गरेको छ । गाउँपालिकाको भू-उपयोग अवस्था देहाय बमोजिम रहेको छ ।

| भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मी.) | कैफियत |
|---|---|---|
| खेतियोग्य जमिन | १७.६ | |
| बनजंगल | ११२.६७ | |
| पानी | ५.९२ | |
| अन्य | ६५.८१ | |
| **जम्मा** | **२०२** | |

**नदीनाला तथा तालतलैया**

पहाड र नदीनालाहरुले भरिएको तिनाउ गाउँपालिकामा धेरै साना, ठूला नदीहरु रहेका छन् । जसमा तिनाउ खोला ठूलो नदीको रुपमा रहेको छ भने साना नदीहरुमा झुम्सा खोला, दोभान खोला, सिस्ने खोला, भूतखोला, कुरमानखोला आदि खोलाहरु साना नदीको रुपमा परिचित छन् । गाउँपालिकामा रहेका सत्यवती ताल, सुके तालहरु मुख्य तालहरुको रुपमा रहेका छन् ।

**पर्यटकीय, साँस्कृतिक र मनोरम स्थलहरू**

तिनाउ गाउँपालिका पर्यटकीय दुष्टिकोणले धेरै सम्भावना बोकेको गाउँपालिका हो । जसमा सत्यवती मन्दिर र ताल, सिद्धबाबा मन्दिर, माँ कामाख्या मन्दिर, नुवाकोट गढी, रामापिथेकस पार्क, रानी झरना, मरामकोट, जन्तिलुङ्ग, सिद्ध गुफा, सुकेताल, खुलखुले पार्क, कचल फाँट, ओखलढुङ्गा, सिद्ध सरोवर लगायतका विभिन्न घुम्न लाएक ठाउँहरु रहेका छन् । यसैगरी लम्बिनी केवलकार, सिद्धार्थ केवलकार, सिद्धबाबा सुरुङ्गमार्ग जस्ता महत्वपूर्ण ठाउँहरु रहेका छन् । ८४ वटा सामुदायिक वन क्षेत्र र २ वटा धार्मिक बन रहेका छन् । जनजातीको बाहुल्यता रहेको यस गाउँपालिकामा ७४.१ प्रतिशत मगर, ९.३ प्रतिशत क्षेत्री, ५.६ प्रतिशत बिश्वकर्मा, ४.५ प्रतिशत बाह्मण जातीको बसोबास रहेको छ । मुख्यतया दशैतिहार, माघी, तीज, होली, कार्तिक शुक्ल पूर्णिमामा मेला लाग्ने, मगर दिवस तथा न्वागी पर्व लगायतका चाडपर्वहरू मनाउने गरिन्छ ।

**उपलब्ध सेवा तथा सुविधा**

उपलब्ध सेवा तथा सुविधाका सन्दर्भमा, गाउँपालिकामा स्थानीय सरकारको रुपमा गाउँपालिका कार्यालय, ६ वटै वडाहरुमा आफ्नै भवनमा वडा कार्यालयहरु, ४ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, ९ वटा सामुदायिक स्वास्थ्य इकाई, १८ वटा गाउँघर क्लिनिक र १६ खोप क्लिनिक रहेका छन् । गाउँपालिकामा ३९ वटा विद्यालयहरु रहेका छन् जसमा कक्षा १२ सम्म सञ्चालित ६ वटा कक्षा १० सम्म सञ्चालित ३ वटा, आधारभूत तह कक्षा ८ सम्म ११ वटा र कक्षा ५ सम्म १९ वटा विद्यालयहरु रहेका छन् । यसका साथै २० सहकारी संस्थाहरू, लक्षित वर्ग सञ्जाल, सामुदायिक वन उपभोक्ता समिति,

स्थानीय युवा क्लब, आमा समुह, बचत तथा स्वावलम्वन समूहहरू रहेका छन् । विद्युत सेवाको रुपमा राष्ट्रिय विद्युत प्रसारण सेवा सबै वडामा पुगेको छ तापनि यस गाउँपालिकाका नागरिकहरूले सौर्य उर्जाको उपयोग केही मात्रामा गरेको पाइन्छ । नेपाल टेलीकम, एनसेलको टावर रहेको यस गाउँपालिकाका अधिकांश नागरिकहरूमा मोबाइल तथा ईन्टरनेटको पहुँचमा वृद्धि भएको पाइन्छ । कालोपत्रे सडक १९.२५ कि.मी., माटे सडक ४१२.५७ कि.मी., ग्राबेल सडक १३.७६ कि.मी. रहेको छ । यसैगरी पक्की पुल १५ वटा, झोलुङ्गे पुल ४० वटा रहेका छन् । गाउँपालिकामा १ वटा एम्बुलेन्स र १ वटा डोजर रहेको छ ।

### जनसांख्यिक विवरण

तिनाउ गाउँपालिकाको २०७८ को जनगणना अनुसार जम्मा घरधूरी संख्या ४२०१ रहेको छ । पुरुषको संख्या ८४५१ र महिलाको संख्या ९३२६ गरि जम्मा जनसंख्या १७,७७७ रहेको छ । यसैगरी औषत परिवार आकार ४.२३ र लैगिंक अनुपात ९०.६२ रहेको पाइन्छ । जसको वडागत रुपमा विवरण देहाय बमोजिम रहेको छ ।

| वडा | परिवार संख्या | जनसंख्या | | | परिवारको औषत आकार | लैगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ८६८ | ३५९४ | १७०९ | १८८५ | ४.१४ | ९०.६६ |
| २ | ७१५ | ३०६८ | १४६२ | १६०६ | ४.२९ | ९१.०३ |
| ३ | ७०४ | २९०३ | १४४३ | १४६० | ४.१२ | ९८.८४ |
| ४ | ४२८ | २०५४ | १००७ | १०४७ | ४.८० | ९६.१८ |
| ५ | ६१० | २७०४ | १२५३ | १४५१ | ४.४३ | ८६.३५ |
| ६ | ८७६ | ३४५४ | १५७७ | १८७७ | ३.९४ | ८४.०२ |
| | **४२०१** | **१७७७७** | **८४५१** | ९३२६ | ४.२३ | ९०.६२ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

### उमेरगत जनसांख्यिक विवरण

उमेरगत जनसंख्याको विवरण सबैभन्दा धेरै सक्रिय उमेर समूहको जनसंख्या रहेको छ जसमा ६६.३७ प्रतिशत १५ बर्षदेखि ६४ वर्ष सम्मको जनसंख्या रहेको छ । जुन देहाय बमोजिम रहेको छ ।

| | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १४ बर्ष सम्मको जनसंख्या | ४६५८ | २६.२० |
| २ | १५ वर्षदेखि ६४ वर्ष सम्म जनसंख्या | ११७९८ | ६६.३७ |
| ३ | ६५ बर्ष देखि माथि | १३२१ | ७.४३ |
| | **जम्मा** | **१७७७७** | |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

### साक्षरताको विवरण

गाउँपालिकाको कुल साक्षरता दर ८१.९ प्रतिशत रहेको छ । जसमा पुरुषको ८९.३ प्रतिशत, महिला ७५.४ प्रतिशत साक्षरताको दरको अवस्था पाइन्छ । पढ्न लेख्न दुबै नजान्ने जनसंख्या १७.१ प्रतिशत

रहेको छ जसमा २३.४ प्रतिशत महिलाहरु रहेका छन् । गाउँपालिकामा ३९ वटा बिद्यालयहरु रहेका छन् जसमा जम्मा बिद्यार्थी ३८८६ जना रहेका छन् । शिक्षकहरु ३१८ जनाले अध्यापन गराएको पाइन्छ । सबै विद्यालयहरुमा ईन्टरनेटको पहुँच पुगेको छ । साक्षरताको सामान्य अवस्था देहाय बमोजिम रहेको छ ।

| विवरण | कुल | पुरुष | महिला |
|---|---|---|---|
| पढ्न र लेख्न दुवै जानेको | ८१.९ | ८९.३ | ७५.४ |
| पढ्न मात्र जानेका | ०.९ | ०.७ | १.२ |
| पढ्न र लेख्न दुवै नजानेको | १७.१ | १० | २३.४ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

## जातजाति तथा धर्मको जनसाख्यिक विवरण

गाउँपालिकामा जनजातिको बाहुल्यता भएको गाउँपालिका हो जहाँ ७४.१ प्रतिशत जनजाति बसोबास गर्दछन् । यसैगरि हिन्दु धर्म मान्ने मानिसहरु ९१.८ प्रतिशत रहेका छन् । जसको विवरण देहाय बमोजिम रहेको छ ।

| जातजाति | जम्मा प्रतिशत |
|---|---|
| मगर | ७४.१ |
| क्षेत्री | ९.३ |
| विश्वकर्मा | ५.६ |
| ब्राह्मण - पहाड | ४.५ |
| मिजार | १.८ |
| परियार | १.३ |
| नेवाः (नेवार) | ०.९ |
| गुरुङ | ०.९ |
| कुमाल | ०.६ |
| अन्य | ०.४ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

## कृषि तथा पशु क्षेत्रको उत्पादनको अवस्था

गाउँपालिकाको १७.६ प्रतिशत खेतियोग्य जमिन रहेको छ । कृषि, वन तथा मत्स्यपालनमा संलग्न पेसागत जनसंख्या ७७.६ प्रतिशत रहेको छ । कृषि क्षेत्रमा आश्रित तथा संलग्न जनसख्या ८०.९ प्रतिशत रहेको छ । बिशेषत: नगदेबाली तरकारी यहाँको प्रमुख आयआर्जनको श्रोत रहेको छ । दालचिनी उत्पादन बिशेष गरि वडा नं. ३,४,५ धेरै हुने भएकाले पनि मानिसहरुको राम्रो आम्दानीको श्रोत रहेको छ । आ.व. २०८०।८१ मा कृषि तर्फ बर्षे मकै ११ हजार ९ सय ३३ क्विन्टल भएको पाइन्छ भने मसला बाली १२

सय ४९ क्विन्टल भएको पाइन्छ। यसैगरी उन्नत पशु गाई २१२ र भैंसी ४०० वटा बाट दुध उत्पादन ३ लाख १ सय १३ लिटर भएको पाइन्छ।

**आर्थिक वर्ष २०८०।८१ को क्षेत्रगत प्रगति विवरण**

| क्र.सं. | क्षेत्र | विनियोजन बजेट | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,५३,७२,००० | २,०२,९०,९५२ | ५७.३६ | |
| २ | सामाजिक विकास | २६,९८,४५,००० | २४,५०,७८,०३० | ९०.८२ | |
| ३ | पूर्वाधार विकास | १०,३१,१५,९०६ | ९,१९,९६,७२५ | ८९.२२ | |
| ४ | सुशासन तथा अन्तर सम्बन्धीत क्षेत्र | ७७,३८,००० | ३३,२५,८०९ | ४२.९८ | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | १२,०८,७२,४१२ | ९,०६,८३,२६६ | ७५.०२ | |
| | **जम्मा** | **५३,६९,४३,३१८** | **४५,१३,७४,७८२** | **८४.०६** | |

**आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रमको समिक्षाः**

१. आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा भवन निर्माण तथा स्तरउन्नतीको काम ४७ वटा सम्पन्न भएको छ। गाउँपालिकाका जम्मा ६२ वटा सडकहरुमा करिव १२५३ कि.मी सडक स्तरउन्नती भएको छ, मठमन्दीरहरु ५ वटाको निर्माणको काम सम्पन्न भएको छ, सिँढी बाटो ३ वटामा १२५५ मिटर सम्पन्न भएको छ, चौतारा ४ वटा निर्माण भएका छन्, खानेपानी योजना २७ वटा सम्पन्न भएका छन्, खेलकुद मैदान ८ वटाको निर्माण सम्न्न भएको छ, सिँचाई योजना २८ वटा निर्माण भएका छन, सार्वजनिक शौचालयहरु ६ वटा निर्माण भएका छन्, विभिन्न ठाउँहरुमा ९ स्थानमा घेराबार गरी २६३० मिटर घेराबार गर्ने कार्य भएको छ, गाउँपालिका भित्र २ वटा पार्क निर्माण गर्ने काम भएको छ, गाउँपालिकाको १ ठाउँमा विद्युतिकरणको काम भएको छ र भूईं ढलानको काम १ ठाउँमा सम्पन्न भएको छ ।

२. प्रस्तुत क्रियाकलापको काम गर्दा गाउँपालिकाले चालु आर्थिक वर्षमा पारित गरेको नीति, कार्यक्रम तथा बजेट खर्चलाई व्यवस्थापन गर्न गाउँपालिकाले चालु आर्थिक वर्ष संघीय सरकार तर्फ वित्तीय समानीकरण अनुदान तर्फ रु. ८ करोड ५३ लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ७ करोड ९३ लाख २९ हजार ९३.१४ प्रतिशत, शसर्त अनुदान चालु तर्फ रु. २१ करोड ८६ लाख ३० हजार अनुमान गरिएकोमा हालसम्म रु. २० करोड ९२ लाख ८ हजार ९५.६९ प्रतिशत, शसर्त अनुदान पुँजिगत तर्फ रु. ८३ लाख ८३ हजार अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ४० लाख १९ हजार ४७.९४ प्रतिशत, विशेष अनुदान पुँजिगत तर्फ रु. ८० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ७० लाख ६१ हजार ८८.२६ प्रतिशत र समपुरक अनुदान पुँजिगत तर्फ ८० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ६१ लाख ६५ हजार ७७.०६ प्रतिशत गरी जम्मा ३२ करोड ८३ लाख १३ हजार आय हुने अनुमान भएकोमा जम्मा रु. ३० करोड ५७ लाख ८२ हजार वास्तविक आय भै ९३.१४ प्रतिशत मात्र संघीय सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ ।

३. यसै गरी गाउँपालिकाले चालु आर्थिक वर्ष प्रदेश सरकार तर्फ वित्तीय समानीकरण अनुदान तर्फ रु. ५९ लाख ५९ हजार अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ४४ लाख ६९ हजार ७५ प्रतिशत, शसर्त अनुदान चालु

तर्फ रु. २६ लाख ५० हजार अनुमान गरिएकोमा हालसम्म रु. २१ लाख २० हजार ८० प्रतिशत, शसर्त अनुदान पुँजिगत तर्फ रु. ६० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ४३ लाख ७१.६७ प्रतिशत, विशेष अनुदान पुँजिगत तर्फ रु. १५ लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. १२ लाख ८० प्रतिशत र समपुरक अनुदान पुँजिगत तर्फ १ करोड अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ८३ लाख ७१ हजार ८३.७१ प्रतिशत गरी जम्मा २ करोड ६१ लाख ०९ हजार आय हुने अनुमान भएकोमा जम्मा रु. २ करोड ९ लाख ६० हजार वास्तविक आय भै ८०.२८ प्रतिशत मात्र प्रदेश सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ ।

४. आर्थिक वर्षमा राजस्व बाँडफाँड तर्फ मुल्य अभिवृद्धि कर तर्फ रु. ६ करोड, अन्त शुल्क तर्फ रु. १ करोड ८१ लाख ४१ हजार, सवारी साधन कर रु. ५३ लाख, विज्ञापन कर २४ हजार र दहत्तर बहत्तर शुल्क रु. ६ लाख ३६ हजार गरी कुल जम्मा रु.९ करोड ३ लाख ३३ हजार आम्दानी गर्ने अनुमान राखेकोमा हाल सम्म मुल्य अभिवृद्धि कर तर्फ रु. ४ करोड ९० लाख ४८ हजार ८१.७५ प्रतिशत, अन्तशुल्क तर्फ रु. २ करोड २४ लाख ८१ हजार ९२.२९ प्रतिशत सवारी साधन कर रु. ४८ लाख ७९ हजार ९१.८ प्रतिशत र बाँडफाँड भै प्राप्त हुन दहत्तरबहत्तर बिक्रिबाट प्राप्त आय ३ लाख ९६ हजार ६२.२७ प्रतिशत गरी जम्मा रु. ७ करोड ६८ लाख ४ हाजार ८५.०२ प्रतिशत मात्र आम्दानी गर्न सफल भएको छ ।

५. गाउँपालिकाको आन्तरिक आम्दानी तर्फ एकीकृत सम्पत्ती कर तर्फ १० लाख, भूमिकर मालपोत तर्फ १४ लाख, बहाल कर तर्फ १० लाख, अन्य विक्रीबाट प्राप्त रकम ५ लाख, अन्य सेवा शुल्क तथा विक्री रु. १ करोड ५० लाख, न्यायीक दस्तुर ५० हजार, शिक्षा क्षेत्रको आम्दानी १ लाख, नक्सा पास दस्तुर ४ लाख ७० हजार, सिफारिस दस्तुर १० लाख, नाता प्रमाणित दस्तुर २० हजार, अन्य दस्तुर ५ लाख, व्यवसाय रजिष्ट्रेशन दस्तुर २ लाख, अन्य क्षेत्रको आय ८० लाख, प्रशासनीक दण्ड जरिवाना र जफत १० लाख, प्रदुषण नियन्त्रण शुल्क १ लाख, बैक मौज्दात ६ करोड २२ लाख ३० हजार र जनसहभागिता ७५ लाख गरी कुल जम्मा ९ करोड २५ लाख ७० हजार कुल आन्तरिक आम्दानी गर्ने अनुमान गरेकोमा हाल सम्म बैक मौज्दात रु. ६ करोड २२ लाख ३० हजार र विभिन्न शिर्षकमा गरी जम्मा रु. १ करोड ९८ लाख ४१ हजार गरी कुल जम्मा ८ करोड २० लाख ७२ हजार ८८.६६ प्रतिशत आम्दानी गर्न सफल भएको छ।

६. गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा चालु तर्फ रु. ३६ करोड ९० लाख ९६ हजार विनियोजन गरेकोमा हालसम्म जम्म रु. ३० करोड ७७ लाख ६३ हजार खर्च गरी ८३.३८ प्रतिशत खर्च गर्न सफल भएको छ।

७. गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा पुँजिगत तर्फ रु. १६ करोड ७८ लाख ४६ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. १४ करोड ३६ लाख ११ हजार खर्च गरी ८५.५६ प्रतिशत पुँजिगत खर्च गर्न सफल भएको अवस्था छ।

८. गाउँपालिकाले आर्थिक वर्ष२०८०/८१ मा जम्मा रु. ५३ करोड ६९ लाख ४३ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ४५ करोड १३ लाख ७४ हजार खर्च गरी जम्मा ८४.०६ प्रतिशत मात्र खर्च गर्न सकेको अवस्था रहेको छ।

## सामाजिक विकास

### शिक्षा

१ गाउँपालिका भित्रका जोखियुक्त विभिन्न विद्यालयका भवनहरुको संरक्षण तथा सुरक्षाको लागि तारबार गर्ने काम सम्पन्न भएको छ। यस अन्तरर्गत दोभान मा.वि., रुपा प्रा.वि., थानीडाँडा मा.वि., आदर्श आवि वडा नं ३ र युवावर्ष मा.वि.मा तारबारको काम सम्पन्न भएको छ।

२ बाल शिक्षालाई प्रभावकारी बनाउन बाल कक्षा सुधारको लागि भूईं बसाइको काम पि-फर्म, जुट कार्पेट र गोलो बाल टेवल (५१) गरी ३६ विद्यालयमा भूइँ बसाइ सम्पन्न भएको छ।

३ आधुनिक प्रकारका २१३ सेट डेस्क वेन्च खरिद गरी विभिन्न विद्यालयमा वितरण गर्ने कार्य सम्पन्न भएको छ।

४ विद्यालयको अध्यापन प्रणालीलाई सूचना मैत्री बनाउन Smart Classroom को माध्यमबाट अध्यापन गर्न दोभान मा.वि. र तिलोत्तमा मा.वि.मा प्रविधि जडान गर्ने कार्य सम्पन्न भएको छ।

५ गाउँपालिकाको शिक्षाको गुणस्तर सुधार गर्न गाउँपालिकाले स्वीकृत गरेको तिनाउ गाउँपालिकाको शिक्षक दरबन्दि मिलान तथा विद्याललय समायोजना कार्यविधि, २०८० को मापदण्ड भित्र आधारभुत विद्यालयको कक्षा ६ देखि ८ सम्मका कक्षा कटौती गरी प्राथमिक विद्यालयको रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । यस कार्यबाट प्रभावित हुने विद्यार्थीहरुलाई गाउँपालिकाका माध्यामिक विद्यालयहरुमा निशुल्क आवाशिय सुविधा सहित अध्यापन गराउने व्यवस्था पनि मिलाइएको । हाल मस्याम मा.वि. तिनाउ ६ मा श्री पाटन आ.वि. तिनाउ-६, श्री श्री आ.वि., तिनाउ-६ र भूमिशाला आधारभूत विद्यालयका ४२ जना विद्यार्थीहरु आवाशिय रुपमा बसी अध्ययन गरिरहेका छन्।

६ संघीय सरकारले कक्षा ५ सम्म मात्र रु. १५ का दरले दिवा खाजा उपलब्ध गराएकोमा । गाउँपालिकाले कक्षा ६ सम्म रु. १८ का दरले दिवा खाजा उपलब्ध गराइएको ।

### खानेपानी

७ गाउँपालिकाको विशेष अनुदान अन्तर्गत वडा नं ३ मा हात्तीको लिफ्टिङ्ग खानेपानीको निर्माण कार्य सम्पन्न भएको छ ।

८ वडा नं. ५ को घुघुरा छाप, वडा नं. १ को ताल मुर्तुङ, वडा नं. २ को हरियाली गाउँ, वडा नं. ६ को शिखरडाँडा र वडा नं. १ को चिउरेपानि लिफ्टिङ खानेपानी आयोजनाहरुको निर्माण सम्पन्न भै ५०९ घरधुरीमा एक घर एक धारा सञ्चालन मा रहेको । साथै वडा नं. ६ को वेलडाँडा लिफ्टिङ खानेपानी आयोजनामा विद्युत विस्तारको कार्य अन्तिम चरणमा पुगेको छ ।

९ वडा नं. १ को कचल खानेपानी आयोजना को निर्माण सम्पन्न भै २०० घर धुरीमा एक घर एक धारा सञ्चालनमा रहेको ।

१० काभ्राचौर खानेपानी वडा नं ३ मा २० घ.मि. को खानेपानी टंकी निर्माण गरिएको ।

११ चालु आर्थिक वर्षमा चिउरेपानी र हरियाली गाउँको खानेपानी आयोजनामा २६० घर धुरीमा एक घर एक धारा निर्माण सम्पन्न भएको छ ।

### स्वास्थ्य

१२ टाढाका सेवाग्राहीलाई प्रसुती सेवा लिन आउँदा हुने असुविधाको अन्त्य गर्न प्रसुति कुरुवा कक्षको स्थापना गरिएको छ।

१३ सडक दुर्घटनामा घाईते भएका तथा प्रसुती सेवा लिन स्वास्थ्य संस्था जादा लाग्ने सम्पूर्ण यातायात खर्च गाउँपालिकाबाट उपलब्ध गराउने व्यवस्था गरिएको छ।

१४ बालबालिकाहरुले पाउनुपर्ने नियमित खोप पाई पूर्ण खोपयुक्त गाउँपालिका दिगोपनाको सुनिश्चितता गरिएको छ।

१५ सम्पूर्ण वडाहरुमा मोतिविन्दुको पहिचानको लागि शिविर सञ्चालन गरी पत्ता लागेका मोतिविन्दुका विरामीहरुलाई निशुल्क अप्रेशन शिविर सञ्चालन गरिएको छ। आ.ब आ ब २०८०।८१ मा ९९ जनाको मोतिविन्दूको सफल अप्रेशन भएको छ।

१६ ६ वटा वडाको ८ स्थानमा ३० वर्ष देखि ४९ वर्ष सम्मका महिलाहरुको पाठेघरको मुखको क्यान्सर पहिचानको लागि भि.आई.ए. जाँच शिविर सञ्चालन गरी ५७८ को जाचँ गर्दा ४० जनामा परिक्षण पोजिटिभ आएको छ। साथै प्रत्येक सोमबार दोभान स्वास्थ्य चौकीमा भि.आई.ए. जाच गर्ने व्यवस्था मिलाईएको छ।

१७ कुपोषणको उपचारको लागि ३ नं वडामा बाह्य उपचार केन्द्रको स्थापना गरी सेवा सुचारु गरिएको छ।

१८ सामुदायिक महिला स्वास्थ्य स्वयमंसेविकालाई प्रोत्साहनका लागि मासिक थप रु १००० यातायात खर्च, उमेर हदका कारण अवकाश हुदा थप रु ८०००० र अन्य कारणबाट अवकाश हुदा थप रु ४०००० उपलब्ध गराईएको छ।

१९ ६ वटै वडाका स्वास्थ्य संस्थाबाट स्वास्थ्यको कार्य प्रगतिको अनलाईन रिपोर्टीङ गर्ने व्यवस्था गरिएको छ।

२० सम्पूर्ण माध्यमिक विद्यालयहरुमा विद्यालय स्वास्थ्य कमिटीको गठन गरी स्वास्थ्य सम्वन्धी सचेतना विद्यालय तहबाट सञ्चालन गरिदै आईएको छ।

२१ किशोरीहरुमा रक्त समुह पहिचान तथा नियमित रक्तअल्पताको परिक्षण गरिएको छ।

२२ पालिका तथा वडा स्तरमा रक्त समुह निर्माण तथा परिचालन समितीको गठन गरी रक्तदाताहरुको पहिचान र अभिलेखिकरणको सुरुवात गरिएको छ।

२३ गाउँपालिका अन्तर्गत १४ स्थानमा नसर्ने रोगको पहिचान शिविर सञ्चालन गरिएको छ। उच्च रक्तचाप तथा मधुमेह रोगीका लागि थप ८ वटा औषधिको व्यवस्था गरिएको छ।

२४ स्वास्थ्य प्रबर्द्धनमा कसरत गर्ने बानीको विकासको लागि खुल्ला व्यायामशाला निर्माण खुलखुले पार्कमा सम्पन्न भएको छ।

२५ पालिका तथा वडा तह (२ र ३ नं वडा) मा स्तनपान कक्षको स्थापना गरिएको छ।

२६ विषयगत विशेषज्ञ सहितको एकिकृत स्वास्थ्य शिविर सञ्चालन गरिएको छ जसमा ६०० जना भन्दा बढिले सेवा लिनुभएको थियो।

२७ घुम्ती प्रयोगशाला सेवा सञ्चालन गरिएको छ।

२८ मस्याम स्वास्थ्य चौकीमा प्रसुति सेवाको सुरुवात गरिएको छ।

२९ वडा नं. २ को हरियालीगाउँमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्यको पहुँचमा वृद्धी गरिएको छ।

### आर्थिक विकास

### कृषि

३० वडा नं. १ को कचलमा तरकारी क्षेत्रविस्तार कार्यक्रम, वडा नं. २ को घोडेबास आलु पकेट कार्यक्रम, वडा नं. २ को बोटेगाउँमा तरकारी क्षेत्रविस्तार कार्यक्रम, वडा नं. ३ को झुम्सामा च्याउ खेती प्रवर्द्धन कार्यक्रम, वडा नं. ४

मा धनिया र खुर्सानी क्षेत्रविस्तार कार्यक्र र वडा नं. ६ मा तरकारी क्षेत्रविस्तार कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

३१ कृषि प्रविधिलाई आधुनिक तरिकाबाट उत्पादन गर्न गाउँपालिकाका १८२ जना कृषकहरुलाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

३२ बुटवल उप-महानगरपालिकासँगको सहकार्यमा बुटवल हाटबजारमा तिनाउ कृषि उपज संकलन तथा बिक्री केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजार सुनिश्चित गर्ने प्रयास गरिएको छ । यसै संकलन केन्द्रमा कृषि उपज लैजाने कृषकहरुलाइ मात्र उत्पादनमा आधारित अनुदान दिने व्यवस्था मिलाएको छ । यस केन्द्रलाई सुचना प्रविधि मैत्री बनाउन कृषि व्यवस्थापन सम्बन्धी सफ्टवेयर जडान गर्ने कार्य सम्पन्न भएको छ । सफ्टवेयरको तथ्यङ्कको आधारमा उत्पादनमा आधारित अनुदान उपलब्ध गराइएको छ । यस संकलन केन्द्रमा आफ्नो उत्पादन लैजाने जम्मा १५४ जना कृषकहरुलाई जम्मा रु. ६ लाख ८ हजार ५ सय ९२ रकम उत्पादनमा आधारित अनुदान उपलब्ध गराइएको छ ।

**पशु**

३३ गाउँपालिकाका पशु पालक कृषकहरुलाइ प्रोत्साहन गर्न डुम्रे र दोभानमा रहेका दुध संकलन गर्ने सहकारीहरुको तथ्याङ्को आधारमा प्रति लिटर २ रुपैयाँका दरले दुधमा अनुदान दिने व्यवस्था मिलाएको छ ।

३४ गाउँपालिका भित्रका पशुहरुको निशुल्क उपचार गर्न निशुल्क औषधि उपलब्ध गराउने व्यवस्था मिलाएको छ ।

३५ गाउँपालिकाका पशुहरुको बसाइ व्यवस्थापन गर्न गोठ निर्माण, गोठ सुधार, भकारो सुधार र खोर सुधारका कार्यक्रमहरु निरन्तर रुपमा भैरहेका छन ।

३६ कृषि तथा पशु उद्यम विकास परियोजना (हेफर सँग साझेदारी) लाई थप प्रभावकारी र व्यवस्थित बनाउन यसको अवस्था अध्ययन सम्पन्न गरी प्रतिवेदन आर्थिक विकास समितिमा छलफलको लागि पठाइएको छ । आर्थिक विकास समितिको सुझावको आधारमा यसलाई नयाँ व्यवस्थापनका साथ सञ्चालन गर्ने कार्य आगामी वर्षमा सुरुवात गरिनेछ ।

**वन वातावरण विपद् व्यवस्थापन**

३७ सामुदायिक वन समन्वय समितिसँग सहकार्य गरी सा.व.उ.स.का पदाधिकारीलाई क्षमता विकास कार्यक्रम सम्पन्न

३८ तिनाउ गाँउपालिका, बुटवल उपमहानगरपालिका र सामुदायिक वन समन्वय समितसँग सहकार्य गरी तिनाउ जलाधार संरक्षण कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

३९ सामुदायिक वन उपभोक्ता महासंघसँग सहकार्य गरी सा.व.उ.स.का पदाधिकारीलाई लेखा प्रणाली व्यवस्थापन तालिम सञ्चालन गरिएको छ ।

४० विपद् व्यवस्थापन कोष स्थापना गरी वर्षातको क्रममा क्षेती भएको घर तथा जग्गाको क्षेती पूर्ति २० जना नागरिकहरुलाई उपलब्ध गराइएको ।

४१ वृक्षारोपणयोग्य सार्वजनिक जग्गा पहिचान गर्ने कार्य सम्पन्न भएको छ ।

४२ निजी जग्गामा वन विकास कार्यक्रम सञ्चालन सञ्चालन गरिएको छ ।

४३ समृद्धिका लागि वन परियोजना अन्तर्गत लैङ्गिक समानता तथा वातावरणीय सुरक्षा सम्वन्धि क्षमता विकास तालिम सम्पन्न

४४ राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँग साझेदारीमा भू-संरक्षण कार्यक्रम जस्तै नदी किनारमा तटबन्ध निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।

### भौतिक पूर्वाधार

#### भवन

४५ गाउँपालिकाको भवन तल्ला थप गर्न ठेक्का आह्वान गरि कार्य गर्ने काम अन्तिम चरणमा पुगेको छ ।

४६ वडा नं. ४ र ५ को स्वास्थ्य सेवा केन्द्रका भवनहरु चालु आर्थिक वर्षमा गर्ने भनिएको काम सम्पन्न भएको छ ।

४७ वडा नं. १ को सिद्द आधारभुत विद्यालय, वडा नं. २ को कालिका आधारभुत विद्यालय, वडा नं. २ को रुपमा प्रा.वि. को भवन निर्माणको काम सम्पन्न भएको छ।

४८ वडा नं. ६ को देवि प्रा.वि. पुस्तकालय भवन निर्माणको चालु आर्थिक वर्षको काम सम्पन्न भएको छ ।

४९ दोभान स्वास्थ्य चौकीमा प्रसुती गृह निर्माणको चालु वर्षको कार्य सम्पन्न भएको छ।

५० तिलोत्तमा माविमा छात्रबास सञ्चालनको लागि शौचालय र किचनको निर्माण गर्ने काम सम्मन्न भएको छ।

#### सडक तथा पुल

५१ गाउँपालिकाको पहुँच मार्ग अन्तरगत सडक बोर्डसँगको सहकार्य सडक स्तरउन्नती गर्ने कार्य सम्पन्न भएको छ ।

५२ संघीय समपुरक कार्यक्रम अन्तर्गत नुवाकवट हरियाली गाउँ ज्यामिरे पर्यटन मार्ग स्तरउन्नती गर्ने कार्य १ करोड २२ लाखमा ठेक्का सम्झौता भै कार्य सम्पन्न भएको छ । यसै ठेक्का अन्तर्गत पुनः दोस्रो ठेक्का आव्हान गरी सम्झौता गरिएको कार्य पनि सम्पन्न भएको छ ।

५३ प्रदेश समपुरक आयोजना अन्तर्गत स्वीकृत वडा नं. १ को कचल झिङ्गामारा टूलिउदाङ, वडा नं. २ को दोभान झ्याङला बगाहा सडक स्तरउन्नती, वडा नं. ४ को गोरबन्दी सत्यवती लगाड गिजनचौर पर्यटकीय सडक मार्ग स्तरउन्नती, वडा नं. ६ को आँप चौपारी बेलडाँडा चिदिस शिखर डाँडा गुफाचौर सडक स्तर उन्नती गर्ने कार्य सम्पन्न भएको छ । यी प्रत्येय योजनाहरुमा लुम्बिनी प्रदेश सरकारकोको २५ लाख र गाउँपालिकाको २५ लाख रकम व्यवस्था गरिएको छ ।

५४ वडा नं. ५ को चरचरे मरामकोट जन्तेलुङ पर्यटकीय मार्ग स्तर उन्नती गर्ने कार्य सम्पन्न भएको छ । यस कार्यका लागि रु ५० लाख रकम गाउँपालिकाबाट विनियोजन भएको थियो ।

५५ वडा नं. ३ को भुजेल वस्ती नजिक तिनाउ खोलामा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको छ ।

५६ गाउँपालिका भित्र रहेका सडकहरु वर्षातको क्रममा अवरुद्ध भै सडक मार्गबाट आवात जावत सुचारु गराउन करिव ७५ लाख रकम खर्च गरी पहिरो सोरसार गर्ने कार्य सम्पन्न गरिएको छ ।

५७ संघीय, प्रदेश सरकारहरुमा आयोजना माग गर्न विस्तृत आयोजना प्रतिवेदन आवश्यक पर्ने भएकोले गाउँपालिका विभिन्न ५ वटा सडकको ४२ कि.मी. विस्तृत आयोजना प्रतिवेदन तयार गरी आगामी वर्षको बजेटमा संघीय सरकार र प्रदेश सरकारसँग माग गरिएको ।

५८ वडा नं. ५ केराबारी पाताल सडक स्तरउन्नती गर्ने कार्य सम्पन्न भएको छ, वडा नं. १ को ओर्लाफाङ मुर्थुङ सडक निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।

५९ गाउँपालिका चुरे क्षेत्रमा रहेको तथा भुगोल ठूलो भएकोले वर्षातको समयमा आइपर्ने विपद् जन्य घटना कम गर्ने तथा सडक यातायातलाई सधैं सहज बनाउन ब्याकहो लोडर खरिद गर्ने कार्य सम्पन्न भएको ।

**सुशासन तथा संस्थागत विकास**

६० गाउँपालिकालाई पूर्ण प्रविधि मैत्री बनाउन योजना व्यवस्थापन सफ्टवेयर जडान गरी कार्यान्वयनमा ल्याइएको छ। जसबाट हालसम्म चालु आर्थिक वर्षको आयोजना जम्मा २०४ वटा योजनाहरु सम्झौता गरी निर्माण सम्पन्न भएको छ। राजस्व सुत्र प्रणालीबाट संकलन भएको छ ।

६१ सबै वडा कार्यालयहरु आफ्नै भवनबाट सञ्चालन गरी सेवा प्रवाह भएको छ ।

६२ गाउँपालिकालाई सूचना प्रविधिको माध्यमबाट सञ्चालन गर्न सफ्टवयर राख्ने कार्यको अन्तिम चरणमा पुगेको छ।

६३ गाउँपालिकामा रिक्त रहेका कर्मचारीहरुको पदपुर्तिको लागि प्रदेश लोक सेवा आयोगमा पदपुर्तिको लागि लेखि पठाइएको छ ।

६४ गाउँपालिकाका सबै विद्यालय तथा वडा कार्यालयहरुका इन्टरनेटको व्यवस्था मिलाइएको छ ।

६५ राजश्व संकलन प्रणालीलाई व्यवस्थित र प्रविधिमैत्री बनाउन गाउँपालिका कार्यालयबाट संकलन हुने राजश्व र ६ वटै वडा कार्यालयबाट संकलन हुने राजश्वलाई अनलाईन प्रविधिबाट संकलनको कार्य गरिएको छ ।

६६ यस आ.ब.मा हाल सम्म ३१ वटा गाउकार्यपालिकाको बैठक बसेको छ ।

६७ सत्यवती मेलाका बखत मेला व्यवस्थापन तथा सुरक्षाका लागि मेला स्थलमा सि.सि. क्यामेरा जडान गरिएको साथै आवत जावत गर्न साना सवारी साधन संचालन सुरु गरिएको । सत्यवतिमा मेलाको अवसरमा जम्मा भएको भेटी गाउँपालिकाबाट कर्मचारी परिचालन गरी गणना गरीएको ।

६८ वर्षातको समयमा गाउँपालिका भित्र रहेका विभिन्न सडकहरुला सुचारु गर्ने कार्य सम्पन्न गरिएको ।

६९ गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्न दोभान खोला र झुम्सा खोलाको प्रारम्भिक वातावरणीय परिक्षण गर्ने सम्पन्न गरिएको ।

७० गाउँपालिका भित्र निर्माण तथा स्तरउन्नती हुँदै गरेका सडक अधिकार क्षेत्रबाट निस्कने ढुङ्गा गिट्टी बालुलाई गाउँपालिकाको आयस्रोतको रुपमा संकलन गर्ने कार्यको सुरुवात भएको छ।

**स्थानीय तहका विद्यमान अवसरहरु :**

- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्ने संवैधानिक चाहना व्यक्त गरिएको ।
- संविधानमानै तिनै तहको स्पष्ट कार्य विवरण तथा साझा अधिकारहरुको स्पष्ट व्यवस्था गरी स्थानीय तहलाई अधिकार सम्पन्न तथा सशक्त बनाइएको ।
- सङ्घ प्रदेश तथा स्थानीय तिनै तहको निर्वाचन सम्पन्न भई बहुमतयुक्त शासन व्यवस्था रहेको ।
- सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय अनुदान, समानिकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान तथा विशेष अनुदान प्राप्त गर्न सक्ने व्यवस्था गरिएको ।
- स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाइ कर लगाउन सक्ने व्यवस्था गरिएको ।
- सङ्घ र प्रदेश सरकारबाट समन्वय, निर्देशन र सहयोग प्राप्त हुने व्यवस्था रहेको ।

- आवधिक निर्वाचनका माध्यम द्वारा जनताले प्रत्येक ५/५ वर्षमा आफ्ना प्रतिनिधि छनौट गर्न पाउने व्यवस्था गरिएको ।
- स्थानीय तहका आफ्ना अधिकार क्षेत्र भित्रका नीति, नियम , कानुन, योजना, बजेट निर्माण गरी कार्यन्वयन गर्न सक्ने व्यवस्था ।
- प्रशासन सांचालनको लागी आवश्यक जनशक्तिको लागी स्थानीय निजामती सेवा तथा अन्य सेवाको गठन गर्न सक्ने ।
- विकास र निर्माणका कार्यहरूमा जन सहभागिता तथा जनचासो बढ्दै गइरहेको ।
- ICT based governance लाई प्राथमिकता दिई प्रभावकारी सेवा प्रवाह र सुशासनलाई प्राथमिकता दिइएको ।
- नागरिक स्वतन्त्रता, मानव अधिकार, प्रेस स्वतन्त्रता, निष्पक्ष र सक्षम न्यायपालिका सहित कानुनी राज्यको अवधारणा अवलम्बन गरिएको ।

**स्थानीय तहका चुनौतीहरु:**

- स्थानीय तहहरूको वित्तीय आत्मनिर्भरता र प्रशासनिक स्वायत्तता प्रवर्धन गर्नु ।
- समष्टिगत आर्थिक सूचकहरुको विश्लेषण गर्नु र समुचित रूपमा प्राकृतिक स्रोत साधनको बाँडफाँड गर्नु ।
- स्थानीय शासन व्यवस्था सञ्चालनको लागि संविधान द्वारा प्रदान गरिएको अधिकार अनुरूप आवश्यक ऐन, नियमहरू निर्माण गरी कार्यान्वयन गर्नु ।
- स्थानीय संचितकोषको लागि आवश्यक कर तथा सेवा शुल्कका मापदण्ड तथा क्षेत्रहरू पहिचान तथा निर्धारण गरी स्थानीय राजश्व अभिवृद्धि गर्नु र प्रभावकारी कार्यन्वयन गर्नु ।
- स्थानीय सेवा प्रवाहलाई जनकेन्द्रित, प्रभावकारी र जनउत्तरदायी बनाउनु तथा सेवा प्रवाहलाई व्यवस्थित तुल्याउनु ।
- आवश्यकतामा आधारित, समावेशी, सन्तुलित र दिर्घकालीन विकास निर्माणलाई आत्मसाथ गर्नु ।
- जातीय, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधता लाई सम्बोधन गर्नु ।
- सङ्घ प्रदेश र स्थानीय तह बिचको क्षेत्र अधिकारमा हुन सक्ने दोहोरोपनको अन्त्य गर्नु ।
- वित्तीय बिकेन्द्रिकरणलाई सबल बनाइ स्थानीय तह लाई आर्थिक रूपले सक्षम र सबल बनाउने ।
- स्थानीय तहमा दक्ष जनशक्तिको विकास गर्नु ।
- स्थानीय तहमा उपलब्ध स्रोत तथा साधन हरुको प्रभावकारी रूपमा उपभोग गर्ने, परिचालन गर्ने र प्राप्त उपलब्धिहरूको समन्यायीक वितरण गर्नु ।
- स्थानीय सेवा प्रवाहलाई छिटो छरितो, मितव्ययी, प्रभावकारी, पारदर्शी, पूर्व अनुमानयोग्य तथा गुणस्तरीय बनाउनु ।

**गाउँपालिकाका केही चुनौती तथा समस्याहरु:**

१. सबै वडाहरुमा साना तथा टुक्रे योजना तर्जुमा भएको हुनाले समयमा योजनाको इस्टिमेट, संचालन तथा कार्यन्वयन गर्न कठिनाई भएको छ।

२. अझ पनि अपेक्षाकृत आन्तरिक आय संकलन गर्न सकिएको छैन। तथापी हाम्रो आन्तरिक आयको अवस्था सुधारोन्मुख नै रहेको छ। प्राय संङ्घीय र प्रदेश सरकारको आस र भरोसामा हाम्रो बजेट निर्भर छ।

३. विकासका साझेदार स्थानीय जनसमुदायबाट प्रयास जनश्रमदान जुटाउन सकिएको छैन। जसले गर्दा गाउँपालिकाको बजेट मै निर्भर हुनु परेको र उपभोक्ताले अपनत्व ग्रहण गर्न नसकेको अवस्था श्रृजना भएको छ।

४. कतिपय योजनाहरु अधुरा तथा अलपत्र अवस्थामा रही रहेका छन्। ती योजनाहरुलाई पुरा गर्न धेरै नै बजेट रकम विनियोजन गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

५. गाउँपालिकाको अधिकाँश भाग चुरे क्षेत्रमा पर्ने भएको हुनाले थोरै बजेटले विकास निर्माणलाई दिगो बनाउन निकै कठिनाई छ।

६. जनताको अपेक्षा धेरै बजेट व्यवस्था कम भएकोले जनताको माग बमोजिम विकास व्यवस्थापन गर्न नसकिनु।

७. राजस्वको दायरा वृद्धि गरी गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्ने।

८. स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित ऐन कानुन अनुसार कार्य सम्पादन गर्ने।

९. योजना छनोटमा आर्थिक र सामाजिक विकास भन्दा भौतिक पूर्वाधारमा विकासमा बढी चाप पर्ने गरेको छ।

१०. गाउँपालिकाको कार्य सम्पादनमा सकारात्मक आलोचनाको कमी देखिन्छ।

११. दरबन्दी अनुसारका दक्ष करमचारीहरुको पद पुर्ति हुन नसक्नु।

१२. भौगोलिक जटिलताको कारण बर्षायाममा खोलामा पुल नहुदा तथा सडक सञ्जालमा समस्या हुदा घरमै सुत्केरी हुने अवस्था केही विद्यमान रहेको छ।

१३. मापदण्ड अनुसारको स्वास्थ्यको भवन नहुदा सेवा प्रवाहमा समस्या रहेको छ।

१४. स्वास्थ्य संस्थाको आफ्नै भवन नहुदा वडा कार्यालयको भवनबाट सेवा प्रदान गरिदै आईएको छ।

१५. दरवन्दी अनुसारको कर्मचारीहरुको पदपूर्ती नहुदा सेवा प्रवाहमा समस्या रहेको छ।

**आ.व. २०८०/०८१ मा तयार गरिएको ऐन नियम कार्यविधि निर्देशिका मापदण्डको विवरण**

| क्र.सं. | कानुनको नाम (ऐन नियम कार्यविधि निर्देशिका मापदण्ड) |
|---|---|
| १. | तिनाउ गाउँपालिकाको प्रहरीको गठन संचालन र व्यवस्थापन गर्ने सम्बन्धी ऐन २०८० |
| २. | तिनाउ गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०८० |
| ३. | तिनाउ गाउँपालिकाको औधोगिक व्यावसाय ऐन, २०८० |
| ४. | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८० |
| ५. | विपद व्यावस्थापन कोष संचालन सम्बन्धि कार्यविधि, २०८० |
| ६. | संक्षिप्त वातावरणीय अध्यायन तथा प्रारम्भिक परिक्षण कार्यविधि, २०८० |
| ७. | सहकारी संस्थाको नियमन अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०८० |
| ८. | कृर्षि विकास कार्यक्रम संचालन कार्यविधि, २०८० |
| ९. | पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०८० |
| १०. | विषयगत समिति कार्य संचालन कार्यविधि, २०८० |
| ११. | तिनाउ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०८० |
| १२. | तिनाउ गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य संचालन कार्यविधि, २०८० |
| १३. | तिनाउ गाउँपालिकाको खरिद नियमावली, २०८० |
| १४. | तिनाउ गाउँपालिकाको घर वहालकर व्यावस्थापन कार्यविधि, २०८० |
| १५. | वाल विवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि, २०८० |
| १६. | तिनाउ गाउँपालिका कार्य संचालन कार्यविधि, २०८० |
| १७. | तिनाउ गाउँपालिकाको योजना प्रकृयामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०८० |
| १८. | व्यावसाय कर सम्बन्धी कार्यविधि, २०८० |
| १९. | संचितकोषको आन्तरिक लेखापरिक्षण सम्वन्धि कार्यविधि, २०८० |
| २०. | सार्वजनिक जवाफदेहीता प्रवर्धन सम्वन्धी कार्यविधि, २०८० |
| २१. | सुचना तथा अभिलेख केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०८० |
| २२. | सडक वालवालिका व्यावस्थापन खर्च कार्यविधि, २०८० |
| २३. | अपाङ्गता परिचयपत्र वितरण कार्यविधि, २०८० |
| २४. | भू उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी मापदण्ड, २०८० |
| २५. | तिनाउ गाउँपालिकाको शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि, २०८० |
| २६. | निजी वन विकास तथा व्यावस्थापन कार्यविधि, २०८१ |
| २७. | सार्वजनिक जग्गामा वन विकास तथा व्यावस्थापन कार्यविधि, २०८१ |
| २८. | तिनाउ गाउँपालिकामा पोषण प्रवद्धन तथा नियमित तौल अनुगमन प्रोत्साहनका लागि कुखुराको चल्ला वितरण कार्यविधि, २०८१ |
| २९. | तिनाउ गाउँपालिकाको व्याकहो लोडर संचालन कार्यविधि, २०८१ |

# तिनाउ गाउँपालिकाका अध्यक्ष श्री प्रेम श्रेष्ठज्यूले गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८१/८२ का स्वीकृत नीति तथा कार्यक्रमहरु

**सम्माननीय सभा अध्यक्षज्यू,**

**गाउँसभाका सदस्य ज्यूहरु,**

१. नेपालको इतिहासमा आएको परिवर्तनको फलस्वरुप नेपालको संविधान कार्यान्वयनका क्रममा गाउँपालिकाले प्रत्येक वर्ष सभामा पेश गर्ने जस्तै आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम यस गाउँपालिकाको गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ।

२. संघीयताको कार्यान्वयनको क्रममा स्थानीय सरकारको रुपमा यस गाउँपालिकाको वर्तमान कार्यपालिकाले विगत २ वर्षको नीति तथा कार्यक्रमहरु यसै सभामा प्रस्तुत गरी कार्यान्वयन गरेको छ। जसको कार्यान्वयनका क्रममा सकारात्मक परिणामहरु देखा परिसकेका छन्। गाउँपालिकाको गुणस्तरीय शिक्षा विस्तार तथा विकास गर्ने कार्यहरुमा केही सकारात्मक सुधारहरु भएको कुरा यस सभासमक्ष स्मरण गराउन चाहान्छु। गाउँपालिकाले गाउँपालिका भित्र उत्पादन हुने कृषि तथा पशुजन्य उत्पादनलाई बजार सुनिश्चितताका साथ कृषि तथा पशु सेवाका कार्यक्रमहरुमा समेत उल्लेखनीय प्रयास गरेको छ। जसमा विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको छ। उक्त कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण यस गरिमामय सदनका गाउँसभा सदस्यज्यूहरु, कर्मचारीहरु, नागरिक समाज, राजनीतिक दलहरु लगायत आम जनसमुदाय प्रति हार्दिक आभार प्रकट गर्दछु।

३. नेपालको वर्तमान राजनीतिक वातावरण सन्तोषजनक नरहेको कुरा सम्पूर्ण सभाका सदस्यज्यूहरुलाई अवगत नै रहेको छ। जसको परिणाम स्वरुप गाउँपालिकाको कार्य सम्पादनमा समेत केही असर परेको छ। प्रत्येक वर्ष सरकार परिवर्तन हुने र एक सरकारले लिएका नीति तथा कार्यक्रममा अर्को सरकारले अपनत्व बोध गर्न नसक्दा स्थानीय सरकार सञ्चालनमा पनि कतिपय कठिनाइहरु देखा परेका छन। तथापी हामिहरुले यसलाई गाउँपालिकाको हितको लागि सबैले सबै क्षेत्रबाट सम्यम्ता अपनाउँदै एक ढिक्का भै यसको समाना गरिरहेका छौं।

४. सबैलाई जानकारी नै छ राजनीतिक परिवेशले आर्थिक अवस्थाको स्थिरतालाई संकेत गरेको हुन्छ। नेपालको राजनितिक अस्थिरताको कारण आर्थिक कृयाकलापहरुमा सुस्तता देखा परेको छ। उद्योगी तथा व्यापारीहरु स्थित आर्थिक नीतिको पर्खाइमा रहेका छन्। व्यापार व्यवसाय गर्नेहरु लगानीको सुनिश्चितता खोजिरहेका छन्। माथि प्रस्तुत गरिएका कुनै पनि क्षेत्रमा सकारात्मक संकेतको अवस्था नरहेकोले वर्तमान देशको आर्थिक क्रियाकलापमा सुस्तता देखा परेको छ। जसले गर्दा नेपाल सरकार र प्रदेश सरकाले नियमानुसार पठाउनु पर्ने रकम पठाउन नसकेको अवस्था देखा परेको छ।

५. समाज विकासको क्रममा हाम्रो गाउँपालिका सन्तोष जनक रुपमा विकसित हुन नसकेको अवस्था हाम्रो सामू चुनौतिको रुपमा रहेको छ। गाउँपालिकाको केही ठाउँहरुमा हालसम्म पनि बालविवाहका केही घटनाहरु भैरहेको छ। विगतका सामाजिक परम्पराहरुलाई निरन्तरता दिने वाहनामा गाउँपालिकाले लिएका समाज विकासका केही नीतिहरुलाई पालना नगर्ने घटनाहरु हाम्रो गाउँपालिकामा पनि देखा परेका छन् जसलाई नियन्त्रण र समाधान गर्न हामी एक ढिक्का भएर लाग्नु पर्ने अवस्था सिर्जाना भएको छ। समाजका यस्ता विकृतीहरुको नियन्त्रण गरी स्वच्छ, सभ्य र आधुनिक समाज निर्माण गर्ने गाउँपालिकाको प्रयासमा सबैको सहयोग हुनेछ भन्ने अपेक्षा समेत राखेको छु।

६. विगतको वर्षमा गाउँपालिकामा दरबन्दी अनुसारका कर्मचारीहरुको पदपूर्ति हुन नसक्दा हामी अत्यन्त कठिन तथा चुनौतिका साथ गाउँपालिकाका कार्यहरुलाई लक्ष्य उन्मुख तरिकाले सञ्चालन गर्ने बाध्यात्मक अवस्थाबाट अगाडि बढ्नु परेको कुरा सबै जनसमुदाय तथा गाउँसभाका सदस्यहरुलाई अवगत नै रहेको छ भन्ने मेरो बुझाइ छ। गाउँपालिकाले चालु आर्थिक वर्षमा लिएका नीतिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै गर्दा केही सकारात्मक प्रभावहरु देखा परिरहेका छन भने कतिपय समस्याहरु देखा परेको अवस्था रहेको छ।

७. समानुपातिक तथा समावेशी विकास र आपसी सहयोगका माध्यमबाट सामाजिक सहिष्णुता वृद्धि तथा भातृत्वको भावना विस्तार गर्ने कतिपय कार्यक्रमहरु सम्पन्न भैसकेकाले चालु वर्षका केही नीतिहरु कार्यान्वयनमा सफलता मिलेको अवस्था रहेको छ। तिनाउ बासीहरुको सदियौं देखि समस्याको रुपमा रहेको भूमि सम्बन्धी समस्या समाधान गर्न यस गाउँपालिकाको सक्रियतामा धेरै कार्यहरु सम्पन्न भएको छ। यस कार्यमा सहयोग गर्नु हुने सबै सरोकारवालाहरु तथा राष्ट्रिय भूमी आयोग र यसको जिल्ला समिति तथा सम्बन्धित सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु। यस सम्बन्धी बाँकी काम आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी यस नीति तथा कार्यक्रममा व्यवस्था मिलाएको छु।

८. चालु आर्थिक वर्षमा यस गाउँपालिकाले प्रशासनिक कार्य सम्पादनमा ठूलो चुनौतिको सामना गर्नुपर्यो जसमा दरबन्दी अनुसारका कर्मचारीहरुको पदपूर्ति नहुनु प्रमुख समस्याको रुपमा रह्यो। गाउँपालिकाका धेरै प्रशासनिक पदहरु रिक्त रहेको र यस्ता पदहरु सेवा करारमा समेत पदपूर्ति गर्न पाउने अवस्था नरहेकोले प्रशासनिक कार्य सम्पादनमा आशातित उपलब्धि हासिल हुन नसकेको र आगामी दिनमा दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गर्नका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गरी सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त र प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

९. नेपाल सरकारले लिएको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को लक्ष्यलाई प्राप्त गर्न यस गाउँपालिकाले पनि गाउँपालिका बासीको सुख र समृद्धिको लागि लिएको विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका लागि गाउँपालिकाका प्रशासनिक संरचना निर्माणको कामलाई उच्च प्राथमिकतामा राखी कार्य गर्ने गरेको थियो जसको परिणाम स्वरुप हाल सबै प्रशासनिक संरचनाहरुबाट सेवा प्रवाहको काम प्रभावकारी रुपमा सञ्चालन भैरहेको छ। विकासको लागि सडक पूर्वाधार, कृषि तथा पशु क्षेत्रको उत्पादन वृद्धि, स्वास्थ्य क्षेत्रको प्रभावकारी सेवा, शिक्षामा गुणस्तर सुधार, सामाजिक क्षेत्रमा भावनात्मक सम्बन्ध वृद्धि जस्ता गाउँपालिकाका प्रयासले गाउँपालिकाको समग्र विकासको मार्ग चित्र तयार पारेको अवस्था देखिएको छ। विकास र समृद्धिका लागि गाउँपालिकाको प्रयास यिनै कार्यहरु सम्पादन गर्न तल्लीन रहेको कुरा म यस गरिमामय सभामा प्रस्तु गर्न चाहान्छु।

१०. नेपालमा संघीयता कार्यान्वयनमा आएसँगै हामी यस गाउँपालिकाको जिम्मेवार पदहरुमा निर्वाचित भए पश्चात हामिले जति कामहरु सम्पादन गर्न सफल भयौं यो इतिहासले मूल्याङ्कन गर्नेछ। यसका बावजुत हामिहरुसँग जतनालाई सेवा उपलब्ध गराउन विभिन्न प्रकारका अवसरहरु रहेका छन जसलाई हामी आगामी आर्थिक वर्षमा पुरा गर्नुपर्ने देखेका छौं। जुन निम्न प्रकार रहेका छनः

- गाउँपालिकामा गर्न सकिने उत्पादनलाई आधुनिकीकरण गरि कृषि उत्पादनलाई व्यवसायिक तरिकाले सञ्चालन गर्ने वातावरणको सिर्जना गर्ने।
- गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको पहिचान गरी देश विदेशमा प्रचार प्रसारको माध्यमबाट पर्यटन क्षेत्रमा आमुल परिवर्तन ल्याउने।
- शैक्षिक संस्थाहरुमा रहेका विभिन्न समस्याहरुको समाधान गरी शैक्षिक गुणस्तरमा सुधार गर्ने।

- मानवीय पक्षका विभिन्न समस्याहरुको अध्ययन गरी रोजगारीका अवसरहरुको सिर्जना गर्ने।
- यस गाउँपालिकामा रहेको भूमि सम्बन्धी समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्ने।
- साना तथा मझौला उद्योगहरुको उत्पादनबाट गाउँपालिकालाई आत्म निर्भर गराउने।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सँगै संक्रामक रोगको संक्रमण नियन्त्रण गर्न आवश्यक संरचना निर्माण गरी अन्य महत्वपूर्ण कुराहरुको व्यवस्थापन गर्ने।

११. माथि प्रस्तुत गरिएको अवसरहरु प्राप्त गर्न हाम्रा सामु तपसिल अनुसारका विभिन्न चुनौतीहरु रहेको मैले महसुस गरेको छु।

- कृषिको क्षेत्रमा रहेका विभिन्न आधुनिक प्रविधि प्रयोग गरी गाउँपालिकामा गरिने कृषिका कार्यहरुमा कृषकको चाहाना र अपनत्व वृद्धि गर्ने।
- आर्थिक सामाजिक क्षेत्रको विकासलाई जनताको रोजाइमा पारी भौतिक विकास कम गर्दै लैजाने वातावरणको सिर्जना गर्ने।
- गाउँपालिकाका युवाहरुलाई गाउँपालिकामा रोजगारीको लागि आकर्षित गरि वैदेशिक रोजगारीमा जान रोक्ने। वैदेशिक रोजगारीबाट सीप सिकी फर्केका युवाहरुलाई गाउँपालिकामा उचित रोजगारीका अवसरहरु सिर्जना गरी निजको सीपको प्रयोग गरी विकासमा लगाउने।
- गाउँपालिकामा रहेका विभिन्न आम्दानीका स्रोतहरुलाई प्रयोग गरी गाउँपालिकाको आन्तरिक आम्दानि वृद्धि गर्ने।
- संक्रामक रोगको संक्रमण नियन्त्रण गरी गाउँपालिकाको विकासलाई लक्ष्य अनुरुप अगाडि बढाउने।

१२. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम तयार गर्न मैले नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय सरकारका नीति तथा कार्यक्रम तर्जुमा गर्न तयार गरिएका प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय तहका नीति, योजना र लक्ष्यका साथै हामी निर्वाचित भएर हालसम्म स्थानीय सरकार सञ्चालन गर्दा प्राप्त गरेका अनुभव तथा सिकाईहरुलाई मूख्य आधारको रुपमा लिएको छु।

**सभाका सभा-सदस्यज्यूहरु,**

१३. चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा आजको मिति सम्म भवन निर्माण तथा स्तरउन्नतीको काम ३० वटा सम्पन्न भएको छ, गाउँपालिकाका जम्मा ४९ वटा सडकहरुमा करिव २२२० कि.मी सडक स्तरउन्नती भएको छ, मठमन्दीरहरु २ वटाको निर्माणको काम सम्पन्न भएको छ, सिँडी बाटो ३ वटामा १२५५ मिटर सम्पन्न भएको छ, चौतारा ४ वटा निर्माण भएका छन्, खानेपानी योजना १७ वटा सम्पन्न भएका छन्, खेलकुद मैदान ८ वटाको निर्माण सम्न्न भएको छ, सिँचाई योजना २४ वटा निर्माण भएका छन, सार्वजनिक शौचालयहरु ४ वटा निर्माण भएका छन्, विभिन्न ठाउँहरुमा ५ स्थानमा घेराबार गरी २९७ मिटर घेराबार गर्ने कार्य भएको छ, गाउँपालिका भित्र २ वटा पार्क निर्माण गर्ने काम भएको छ, गाउँपालिकाको १ ठाउँमा विद्युतिकरणको काम भएको छ र भूईं ढलानको काम १ ठाउँमा सम्पन्न भएको छ।

१४. प्रस्तुत क्रियाकलापको काम गर्दा गाउँपालिकाले चालु आर्थिक वर्षमा पारित गरेको नीति, कार्यक्रम तथा बजेट खर्चलाई व्यवस्थापन गर्न गाउँपालिकाले चालु आर्थिक वर्ष संघीय सरकार तर्फ वित्तीय समानीकरण अनुदान तर्फ रु. ८ करोड ५३ लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ६ करोड ६२ १५ हजार ७४.११

प्रतिशत, शसर्त अनुदान चालु तर्फ रु. २१ करोड ८६ लाख ३० हजार अनुमान गरिएकोमा हालसम्म रु. १८ करोड ८३ लाख ९३ हजार ८६.१७ प्रतिशत, शसर्त अनुदान पुँजिगत तर्फ रु. ८० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ३३ लाख ४९ हजार ४१.८६ प्रतिशत, विशेष अनुदान पुँजिगत तर्फ रु. ८० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ५५ लाख १२ हजार ७६.१९ प्रतिशत र समपुरक अनुदान पुँजिगत तर्फ ८० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ५५ लाख १२ हजार ६८.९ प्रतिशत गरी जम्मा ३२ करोड ७९ लाख ३० हजार आय हुने अनुमान भएकोमा जम्मा रु. २६ करोड ६५ लाख ६५ हजार वास्तविक आय भै ८१.२९ प्रतिशत मात्र संघीय सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ।

१५. यसै गरी गाउँपालिकाले चालु आर्थिक वर्ष प्रदेश सरकार तर्फ वित्तीय समानीकरण अनुदान तर्फ रु. ५९ लाख ५९ हजारअनुमान गरिएकोमा हालसम्म जम्मा रु. ४४ लाख ६९ हजार ७५ प्रतिशत, शसर्त अनुदान चालु तर्फ रु. २६ लाख ५० हजार अनुमान गरिएकोमा हालसम्म रु. १३ लाख २५ हजार ५० प्रतिशत, शसर्त अनुदान पुँजिगत तर्फ रु. ६० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. २५ लाख ४१.६७ प्रतिशत, विशेष अनुदान पुँजिगत तर्फ रु. १५ लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ५ लाख ३३.३३ प्रतिशत र समपुरक अनुदान पुँजिगत तर्फ १ करोड अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ५० लाख ५० प्रतिशत गरी जम्मा २ करोड ६१ लाख ०९ हजार आय हुने अनुमान भएकोमा जम्मा रु. १ करोड ३७ लाख ९४ हजार वास्तविक आय भै ५२.८३ प्रतिशत मात्र प्रदेश सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ।

१६. चालु आर्थिक वर्षमा राजस्व बाँडफाँड तर्फ मुल्य अभिवृद्धि कर तर्फ रु. ६ करोड, अन्त शुल्क तर्फ रु. १ करोड ८१ लाख ४१ हजार, सवारी साधन कर रु. ५३ लाख, विज्ञापन कर २४ हजार र दहत्तर बहत्तर शुल्क रु. ६ लाख ३६ हजार गरी कुल जम्मा रु.९ करोड ३ लाख ३३ हजार आम्दानी गर्ने अनुमान राखेकोमा हाल सम्म मुल्य अभिवृद्धि कर तर्फ रु. ३ करोड ७७ लाख २९ हजार ६२.८८ प्रतिशत, अन्तशुल्क तर्फ रु. १ करोड ८१ लाख ४१ हजार ७४.४७ प्रतिशत सवारी साधन कर रु. ४८ लाख ७९ हजार ९१.८ प्रतिशत र बाँडफाँड भै प्राप्त हुन दहत्तरबहत्तर विक्रिबाट प्राप्त आय १ लाख ९४ हजार गरी जम्मा रु. १ करोड १४ लाख मात्र आम्दानी गरी कुल जम्मा रु. ६ करोड ९ लाख ४४ हजार ६७.४७ प्रतिशत आम्दानी प्राप्त गर्न सफल भएको छ।

१७. गाउँपालिकाको आन्तरिक आम्दानी तर्फ एकीकृत सम्पत्ती कर तर्फ १० लाख, भूमिकर मालपोत तर्फ १४ लाख, बहाल कर तर्फ १० लाख, अन्य विक्रीबाट प्राप्त रकम ५ लाख, अन्य सेवा शुल्क तथा विक्री रु. १ करोड ५० लाख, न्यायीक दस्तुर ५० हजार, शिक्षा क्षेत्रको आम्दानी १ लाख, नक्सा पास दस्तुर ४ लाख ७० हजार, सिफारिस दस्तुर १० लाख, नाता प्रमाणित दस्तुर २० हजार, अन्य दस्तुर ५ लाख, व्यवसाय रजिष्ट्रेशन दस्तुर २ लाख, अन्य क्षेत्रको आय ८० लाख, प्रशासनीक दण्ड जरिवाना र जफत १० लाख, प्रदुषण नियन्त्रण शुल्क १ लाख, बैक मौज्दात ६ करोड २२ लाख ३० हजार र जनसहभागिता ७५ लाख गरी कुल जम्मा ९ करोड २५ लाख ७० हजार कुल आन्तरिक आम्दानी गर्ने अनुमान गरेकोमा हाल सम्म बैक मौज्दात रु. ६ करोड २२ लाख ३० हजार र विभिन्न शिर्षकमा गरी जम्मा रु. १ करोड ३८ लाख ६८ हजार गरी कुल जम्मा ७ करोड ६० लाख ९८ हजार ७६.९८ प्रतिशत आम्दानी गर्न सफल भएको छ।

१८. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा चालु तर्फ रु. ३६ करोड ९० लाख ९६ हजार विनियोजन गरेकोमा हाल सम्म जम्म रु. २२ करोड ७४ ८२ हजार खर्च गरी ६१.६३ प्रतिशत खर्च गर्न सफल भएको छ।

१९. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा पुँजिगत तर्फ रु. १६ करोड ७८ लाख ४६ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ९ करोड २५ लाख ९६ हजार मात्र खर्च गरी ५५.१७ प्रतिशत मात्र पुँजिगत खर्च गर्न सफल भएको अवस्था छ।

२०. गाउँपालिकाले चालु आर्थिक वर्षमा जम्मा रु. ५३ करोड ६९ लाख ४३ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ३२ करोड ७८ हजार खर्च गरी जम्मा ५९.६१ प्रतिशत मात्र खर्च गर्न सकेको अवस्था रहेको छ।

२१. आगामी आर्थिक वर्षमा प्राथमिकता प्रास प्रमुख कार्यक्रमहरु आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन तथा वातावरण र सुशासन तथा संस्थागत विकासमा केन्द्रित हुनेछन्। यसैको आधारमा स्रोत अनुमान तथा सीमान निर्धारण गर्ने कार्य सम्पन्न भएको छ।

२२. आगामी आ.व. २०८१/८२ को नीति, कार्यक्रम तथा बजेट निर्माणका लागि यस गाउँपालिकाले विभिन्न सरोवाकारवालाहरुको उपस्थितिमा सुझाव संकलन गर्ने कार्य सम्पन्न गरी प्रास सुझावहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरीएको छ। यस गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको समेत सिफारिसमा यस वर्षको नीति तथा कार्यक्रम तयार गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ। यस सभामा आउने सकारात्मक सुझावहरुलाई यस नीतिको मार्गदर्शक सिद्धान्तको रुपमा समावेश गरी संशोधन सहित यो नीति तथा कार्यक्रम यस गरिमामय सभाबाट पारित हुनेछ भन्ने आशाका साथ म यस सभामा आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**(क) सुशासन तथा संस्थागत विकास :**

२३. गाउँपालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन आवश्यक सफ्टवेयरहरुको जडान गरी कार्य गर्ने व्यवस्था मिलाइनेछ। सेवाप्रवाहलाई व्यवस्थित र पारदर्शी बनाउन गाउँपालिका तथा वडाकार्यालयहरुमा टोकन प्रणालीको व्यवस्था गरी सेवा दिने परिपाटीको विकास गरिनेछ।

२४. गाउँपालिकाको Website Update गरी Website मार्फत निर्णय, सूचनाहरु सार्वजनिक गर्दै गाउँपालिकाको कार्यलाई Paper Less बनाइदै लगिनेछ। गाउँपालिका भित्र रहेका सबै सार्वजनिक संस्थाहरुको अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन विद्युतीय अनुगमन प्रणाली जडान गरी कार्यान्वयन गरिनेछ।

२५. सार्वजनिक खर्चलाई उत्पादन मुलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी मापदण्ड कडाइका साथ लागु गरिनेछ। पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता पूर्णतः लागू गरिनेछ। खरिद गुरुयोजनाका आधारमा प्रचलित आर्थिक कानुन बमोजिम खरिद कार्य गरिनेछ। प्रचलित कानुन अनुसार सार्वजनिक खर्चको सार्वजनिकीकरण, सामाजिक परिक्षण र लेखा परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

२६. गाउँपालिकाको हालसम्म कायम भएको वेरुजुको अवस्था अध्ययन गरी फछ्र्यौट गर्ने व्यवस्था मिलाउन वेरुजुको लगत अध्यावधिक गरी फछ्र्यौटको लागि आवश्वयक काजगात जुटाइ गाउँपालिकाको बेरुजु घटाउन प्राथमिकता दिइनेछ।

२७. गाउँपालिकाको कार्यलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कर्मचारीहरुका समस्याहरुको सुक्ष्म रुपमा अध्यन गरी समस्या समाधानका उपयुक्त माध्यमहरु अपनाई उत्प्रेरणाका माध्यमबाट कार्य सम्पादनलाई प्रभावकारी

बनाउने वातावरणको सिर्जना गरिनेछ। कर्मचारीलाई आवश्यक तालिमको पहिचान गरी तालिम मार्फत कर्मचारीहरुलाई सेवाप्रवाह गर्न उत्सुक तथा सक्षम बनाइनेछ।

२८. संविधानले व्यवस्था गरेका कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने जनशक्तिहरुको व्यवस्था गरी गाउँपालिकाको कार्यलाई प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन अध्ययन सम्पन्न गरी सोही अनुसार जनशक्ति व्यवस्थापन गर्न सम्बन्धीत निकायमा पहल गरिनेछ। कर्मचारीहरुलाई कार्यविवरणहरुको आधारमा कार्यसम्पादन गर्ने संस्कारको विकास गरिनेछ।

२९. गाउँपालिकामा गुनासो सुनुवाई संयन्त्र विस्तार गरी सबै नागरिकलाई सूचनाको पहुँच हुने व्यवस्था मिलाइनेछ ।

३०. प्रचलित कानुन अनुसार गाउँपालिकाले प्रदेश सरकारसँग र संघीय सरकारसँग सम्बन्ध र सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३१. गाउँपालिकामा भू–उपयोग नीति सहितको दीर्घकालीन एकिकृत शहरी विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। जग्गा वर्गिकरणको कामलाई पहिलो प्राथमिकतामा राखी काम गरिनेछ।

३२. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी बस्ती विकास योजना सहित भौतिक विकास गुरुयोजना तयार गरी आवास तथा वस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार विकास निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रुपमा सञ्चालन गरिनेछ।

३३. गाउँपालिका भित्र रहेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको समस्या समाधान गर्न गाउँपालिकाले उच्च प्राथमिकता दिई भुमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाको स्वामित्व उपलब्ध गराउन राष्ट्रिय भूमी आयोग र यसको जिल्ला समितिको समेत समन्वमा कार्यहरु गरी आगामी आर्थिक वर्ष भित्र सबै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन गर्ने नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

३४. लक्षित वर्गका कार्यक्रमहरुलाई आय उन्मुख बनाउन प्राथमिकता दिदै संचालन गरिने सबै कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत निर्धारित मोडलमा संचालन गरिनेछ।

३५. गाउँपालिकाको सम्पत्तीको अभिलेख सार्वजनिक गर्ने र त्यसको उचित उपयोग, संरक्षण तथा संवर्धन गरिनेछ।

३६. गाउँपालिकाले उठाउने सबै प्रकारका करहरु वडा कार्यालयबाटै प्रविधिको उपयोग गरी सफ्टवेयर मार्फत संकलन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

३७. योजनाहरु वडा कार्यालयको समन्वयमा कार्यान्वयन गरिने तथा वडा समिति समेतको अनुगमन र सिफारिसमा फरफारक गरिनेछ। योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिवलाई योजना कार्यान्वयन सम्बन्धी अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ।

३८. जनप्रतिनिधि, कर्मचारी, टोल विकास संस्थाका पदाधिकारी, सामुदायिक संस्थाहरुको क्षमता विकासका लागि आवश्यक तालिमहरु, अध्ययन अवलोकन भ्रमणहरुका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

३९. गाउँपालिकाको कामलाई पारदर्शी एवं जवाफदेहि बनाउन सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई निरन्तरता दिइनेछ। सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गर्ने कार्यविधिको सहयोगमा सुचनाहरुको पहुँच विस्तार गर्ने कार्यको थालनि गरिनेछ।

४०. सामाजिक विवादहरुलाई न्यायिक समिति मार्फत मेलमिलापको माध्यमबाट समाधान गर्न पहल गरिनेछ। मेलमिलाप कर्ताहरुको क्षमता विकास मार्फत विवादहरुको निरुपण गर्ने व्यवस्था मिलाउन उपयुक्त कदम चालिनेछ। मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न कानूनी व्यवस्था गरी आवश्यक कदम चालिनेछ।

गाउँपालिका भित्र हुन सक्न मानवअधिकार हनन सम्बन्धी कार्यलाई नियन्त्रण गर्न प्रहरीसँग आवश्यक समन्वय गरी सचेतनामूलक र नियन्त्रणका कदमहरु चालिनेछ।

४१. पहिचान नखुलेका र बेसाहरा नागरिकको मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्न गाउँपालिकाले कार्यविधी बनाइ आवश्यक कदम चाल्ने नीति लिइनेछ।

४२. गाउँपालिका क्षेत्र भित्रका लब्ध प्रतिष्ठित तथा विद्वत वर्गको सूचि तयार गरी उनीहरुबाट आवश्यक सहयोग लिने र कार्य अनुभव आदान प्रदान गरी प्राप्त पृष्ठपोषण गाउँपालिकाको विकासमा समाहित गर्दै लगिनेछ।

४३. विभिन्न समाजिक संघ/संस्था, कृषक, विद्यार्थी, पत्रकार, खेलाडी, उपभोक्ता समिति, टोल विकास संस्थालाई कार्य सम्पादनको मूल्यांकन गरी प्रोत्साहन स्वरुप पुरस्कार दिने व्यवस्था मिलाइनेछ।

४४. कर्मचारीहरुलाई उनीहरुको योग्यता, क्षमता, सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाइ राख्न आवश्यक मापदण्ड बनाइ तालिम तथा योगदानमा आधारित सुविधा उपलब्ध गराउने नीति लिइनेछ।

४५. गाउँपालिका क्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी र सामुदायिक संस्था एवं सरोकारवाला संस्थाको भूमिका स्पष्ट पार्दै तिनीहरुलाई स्थानीय तह प्रति उत्तरदायि बनाई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। यी संस्थाहरुले आफ्ना कार्यक्रमहरु गाउँपालिकाको वार्षिक विकास कार्यक्रममा समावेश गरेरमात्र कार्यक्रम सञ्चालन गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ। यी संस्थाहरुले गरेका कामहरु गाउँपालिकामा समय समयमा हुने प्रगति समिक्षा कार्यक्रममा पेश गरी समिक्षा गर्नु पर्ने व्यवस्था मिलाइनेछ।

४६. गाउँपालिका क्षेत्र भित्र गाउँपालिका बासीलाई ल्याण्ड लाइन टेलिफोन, इन्टरनेटको पहुँच पुऱ्याउन सम्बन्धित निकायहरुमा पहल गर्ने र मुख्य बजार क्षेत्र, पार्कमा वाइफाइ जोनको शुरुवात गरिनेछ। संभाव्यता अध्ययन गरी गाउँपालिकाको संवेदनशिल चोकहरुमा सि.सि. टीभी जडान गर्ने कार्यको सुरुवात गरिनेछ।

४७. गाउँपालिकामा दातृ निकायका कार्यक्रमहरु संचालनका लागि आवश्यक पहल गरिनेछ। गैर सरकारी संस्थाहरुले गर्ने कार्यक्रमहरुलाई गाउँपालिकाको नीति तथा कार्यक्रमहरुसँग तादम्मेता मिलाई बजेटमा समावेश गरी कार्यक्रम सञ्चान गर्न पहल गरिनेछ।

४८. विभिन्न देशहरुमा भैरहेको संघीयता तथा विकास प्रशासनको अनुभव आदान प्रदान गर्न देश तथा विदेशका सहरहरुसँग भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ। गाउँपालिका क्षेत्रभित्र भ्रमण गर्ने स्वदेशी तथा विदेशी पाउनाहरुको बसाइ अवधि लम्ब्याउनको लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ।

४९. गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रहरुमा भैरहेको व्यापार व्यवसायलाई जनतामुखी बनाइ गुणस्तरिय सामानको खरिद विक्री गर्ने र गाउँपालिकाको राजस्व चुहावटलाई नियन्त्रण गर्न बजार अनुगमन प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

५०. गाउँपालिकाको समानुपातिक विकास गर्न वडाको जनसंख्या, क्षेत्रफल, पूर्वाधार विकासको अवस्था, राजस्व परिचालनको अवस्था र लागत सहभागिताको अवस्थाको आधारमा वडामा बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ।

५१. सूचना प्रविधिमा आधारित भएर गाउँपालिकाको समग्र प्रोफाइल तयार गरी अध्यावधिक गर्दै लगिनेछ।

५२. गाउँपालिका बासीलाई स्वास्थ्य सुरक्षा प्रति सचेत बनाउन गाउँपालिकाको उपयुक्त स्थानमा खुल्ला व्यायमशाला स्थापना गर्ने र योग ध्यानको माध्यमबाट स्वास्थ्य सुरक्षामा ध्यान केन्द्रित गराउन एक वडा एक

योग तथा ध्यान गर्ने ठाउँको पहिचान गरी खुल्ला व्यायमशाला स्थापना मार्फत सेवा सञ्चालन गर्ने कार्यको शुरुवात गरिनेछ।

५३. गाउँपालिका भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणका लागि उपयुक्त नीति बनाउन प्राथमिकता दिइनेछ।

५४. स्थानीय संचार माध्यमहरुसँग समन्वय गर्दै संचार संस्थाहरुसँग सहकार्य गरिनेछ।

५५. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि विदेश भ्रमण एवं अध्ययन अवलोकनका लागि पठाउन कार्यविधी बनाई लागू गरिनेछ।

५६. आर्थिक विकासको लागि साधन स्रोत जुटाउन विदेशी लगानी प्रवर्द्धन गर्न पर्यटन, कृषि, वन, पार्क लगायतका विभिन्न क्षेत्रमा लगानी भित्राउन संघीय सरकारको स्वीकृत लिई लगानी सम्मेलन गर्न पहल गरिनेछ।

५७. गाउँपालिकाको आन्तरिक राजस्व संकलन प्रणालीलाई प्रभावकारी बनाउन कर सप्ताहको रुपमा अभियान सञ्चालन गरी व्यवसायीहरुको सहयोगमा राजस्व चुहावट नियन्त्रण गर्न पहल गरिनेछ।

५८. समयमा राजस्व बुझाउन गाउँपालिकाका नागरिकहरुलाई प्रोत्साहित गराउन छुट तथा जरिवाना प्रणालीको सुरुवात गरिनेछ।

५९. गाउँपालिकाको आन्तरिक आयका स्रोतहरुको संभाव्यता अध्ययन, राजस्व बाँडफाँट, अन्तरसरकारी हस्तान्तरण तथा गैरसरकारी संस्थाहरुको श्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, संघ सरकारका निकाय, गैरसरकार संस्था र विकास साझेदारहरुसँग परामर्श र साझेदारी गरिनेछ। गाउँपालिकामा कार्यविधी बनाइ नगर प्रहरीको व्यवस्था गरी राजस्व चुहावट नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ।

६०. नागरिकहरुलाई गाउँपालिकाको सेवाप्रतिको अवस्थाको अध्ययन र विष्लेषण गर्न नागरिक सन्तुष्टी सर्वेक्षणको कार्यक्रमलाई प्रभावकारी रुपमा वडा कार्यालयहरु मार्फत नै सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। सर्वेक्षणको आधारमा प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने परिपाटीको विकास गरिनेछ।

६१. गाउँपालिकाको योजना व्यवस्थापन प्रक्रियालाई सूचना तथा तथ्यमा आधारित, सुचना प्रविधिमैत्री, पारदर्शी, नतिजामूलक र प्रभावकारी बनाइनेछ।

**(ख) सामाजिक विकासः**

*आधारभूत तथा माध्यमिक शिक्षाः*

६२. सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान, विद्यालयहरु समायोजन, विद्यालयहरुको कक्षा कटौती, शिक्षक तालिम संचालनका कार्यहरुलाई प्राथमिकता साथ संचालन गरिनेछ। साथै गाउँपालिका स्तरिय उत्कृष्ट विद्यालय छनोट गरी पुरस्कृत गरिनेछ। विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान र विद्यालयहरुको कक्षा कटौतीबाट प्रभावित भएका विद्यार्थीहरुलाई अनिवार्य र निःशुल्क शिक्षा उपलब्ध गराउन आवश्यक्ता अनुसार गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा आवाशिय सुविधा सहितको व्यवस्थापन मिलाइनेछ।

६३. गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा दरबन्दी न्यून रहेका अवस्थामा कक्षा कटौती गरी उक्त विद्यालयका विषयगत शिक्षकहरुको दरबन्दी मिलान गर्ने व्यवस्था मिलाइनेछ। बाल विकास सहयोगि कार्यकर्ताका लागि प्रोत्साहनको व्यवस्था मिलाइनेछ। भौगोलिक विकटताको कारण विद्यालयहरुमा सहज

पहुँच पुऱ्याउन नसकेका विद्यार्थीहरुलाई गाउँपालिकाको उपयुक्त विद्यालयहरुमा आवाशिय विद्यालय स्थापना गरी शिक्षामा पहुँच पुऱ्याइनेछ।

६४. विद्यालय शिक्षालाई रोजगारसँग आवद्ध गर्न गाउँपालिका क्षेत्र भित्र स्थापना भएका एवं हुने प्राविधिक शिक्षालयहरुको विकासमा टेवा पुर्याइनेछ। यस क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्याको आधारमा थप कार्यक्रमहरु अगाडि बढाउने नीति लिइनेछ। मेरै गाउँमा मेरै प्राविधिक कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ। गाउँपालिका भित्रका सबै वडाका विपन्न तथा जेहेन्दार विद्यार्थिहरुका लागि प्राविधिक शिक्षाको छात्रवृति दिने व्यवस्था मिलाइनेछ।

६५. शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयको व्यवस्थापन पक्षलाई सबल तथा सक्षम बनाउन आवश्यक व्यवस्था मिलाइनेछ। साथै प्रत्येक विद्यालयमा विद्युतिय हाजिरी राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ। विद्यालयहरुको शैक्षिक गतिविधी अनुगमन तथा अवलोकन गर्न उचित विद्युतीय माध्यमको प्रयोग गरिनेछ।

६६. प्रत्येक वडामा एक वटा सामुदायिक विद्यालयलाई अगुवा विद्यालय घोषणा गरी त्यसको संस्थागत क्षमता विकासका लागि थप सहयोगको प्रबन्ध गरिनेछ साथै सबै फिडर विद्यालयको शैक्षिक व्यवस्थापनमा जिम्मेबार र जवाफदेही बनाउने व्यवस्था मिलाइनेछ।

६७. गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण विद्यालय जाने उमेरका विद्यार्थिहरुलाई अनिवार्य रुपमा विद्यालय सम्म पहुँच पुर्याउने वातावरणको सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ। साथै सामूदायिक तथा निजि विद्यालयको तर्फबाट माध्यमिक तहको परिक्षामा उत्कृष्ट अंक ल्याउने छात्र छात्राहरुलाई पुरस्कारको व्यवस्था मिलाइनेछ। गाउँपालिकाको उपयुक्त स्थानहरुमा सामूदायिक विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरुको लागि अभिभावक शिक्षा सञ्चालन गर्ने व्यस्था मिलाइनेछ।

६८. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयहरुको निरीक्षण र सुपरीवेक्षणको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

६९. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र कर्म सिकाउने जीवनपयोगी सीमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रुपमा शुरु गर्ने र क्रमशः सबै विद्यालयमा सो अनुसारको पठनपाठनको व्यवस्था मिलाइनेछ।

७०. कक्षा ८ र कक्षा ५ को परीक्षालाई गाउँपालिका स्तरीय रुपमा व्यवस्थित गरीनेछ। गाउँपालिका क्षेत्र भित्रका न्यून नतिजा ल्याउने शिक्षक, कमजोर व्यवस्थापन देखिएका प्रधानाध्यापकहरुलाई सुक्ष्म व्यवस्थापनको माध्यमबाट कार्य सम्पादनको आधारमा परिवर्तन ल्याउने कार्ययोजना निर्माण गरिनेछ। गाउँपालिकाका सबै विद्यालयहरुमा अध्यापन गराउने शिक्षकहरुको सम्बन्धीत विद्यालयको प्रधानाध्यापक सँग र प्रधानाध्यापकहरुको गाउँपालिकासँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ। विद्यालय सुधारमा उल्लेखनीय कार्य गर्ने प्रधानाध्यापक तथा शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

७१. शिक्षामा कमजोर नतिजा देखिएका विपन्न वर्गका विद्यार्थीहरुलाई अंग्रेजी माध्यमका पुस्तकहरु निशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। गाउँपालिकाको उपयुक्त स्थानमा अंगेजी माध्यमको सामूदायिक विद्यालय खोल्ने व्यवस्था मिलाइनेछ।

७२. गाउँपालिका भित्रको कुनै एक माध्यमिक विद्यालयलाई प्रविधियुक्त वृहत विद्यालयको रुपमा विकास गर्दै लगिनेछ। गाउँपालिकाका अन्य विद्यालयहरुमा प्रविधि जडान गरी प्रविधि युक्त शिक्षण सिकाइको व्यवस्था मिलाइनेछ।

७३. गाउँपालिका भित्र रहेका पुर्वाधार, पुरातात्विक महत्वका क्षेत्र, स्थानीय भाषा, मातृ भाषा, कला, साहित्य, संस्कृति, खानी र आर्थिक विकासका विषयहरु समावेश गरी कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।

७४. विद्यार्थीहरुको शारिरीक मानसिक तथा सामाजिक विकासको लागि विद्यालय स्तरीय खेलकुद लगायतका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ।

७५. विपन्न र अभिभावक विहिन बालबालिकालाई माध्यमिक तह सम्मको शिक्षामा विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

७६. तिनाउ गाउँपालिकाका सामूदायिक विद्यालयहरुबाट एस.इ.इ.मा उच्च अङक प्राप्त गर्ने जेहेन्दार विद्यार्थीहरुको रोजाइको आधारमा एम.वि.वि.एस., कृषि विज्ञान र वन विज्ञानमा उच्च अध्ययन गर्न चाहेमा निजहरुलाई उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ती उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

७७. सामूदायिक विद्यालयमा बाल कक्षा देखि कक्षा ६ सम्म अध्ययन गरिरहेका बालबालीकाहरुको पोषण सुधारको लागि संघीय सरकारबाट प्राप्त हुने सहयोगमा रकम थप गरी कक्षा ६ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

*खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्बन्धीः*

७८. गाउँपालिका भित्र संचालन हुने सवै खेलकुदको लागि शिक्षा युवा तथा खेलकुद शाखाबाट वार्षिक कार्यक्रम बनाई एकद्वार नीतिको माध्यमबाट खेलकुदको विकासमा सहयोग पुर्याइनेछ। यसै अनुरुप गाउँपालिका भित्र रहेका खेलाडिहरुको पहिचान तथा विकासको लागि गाउँपालिका स्तरिय **अध्यक्ष कप** खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।

७९. राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगितालाई संघीय सरकारको सहकार्यमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। व्यक्तिगत तथा सामूहिक खेलकुद विकासका लागि आवश्यक पुर्वाधार, खेल साग्रीहरुको व्यवस्था गर्दै नयाँ खेलहरुको प्रशिक्षण गराइ खेल प्रतिभाहरुको खोजी तथा प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

८०. एक वडा एक खेलमैदानको नीति लिई प्रत्येक वडाहरुमा भौगोलिक अवस्था अनुसारका खेलमैदान निर्माण गर्ने नितिलाई निरन्तरता दिइनेछ। सांस्कृतिक पहिचान र संरक्षण गर्न, विभिन्न खेलकुद विकास गर्न गाउँपालिका र वडा स्तरिय समितिहरुको निर्माण गरि परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

८१. गाउँपालिकाबाट विभिन्न ठाउँमा खेलकुद सम्बन्धी कार्यक्रमा भाग लिइ उचित पुरस्कार हासिल गर्न सफल खेलाडीहरुको प्रोत्साहन र उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। गाउँपालिका भित्र सञ्चालन हुने खेलकुदका कार्यक्रमहरु दशैं र तिहारको विचमा वडा कार्यालयको स्वीकृतीको आधारमा खेल सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

८२. गाउँपालिकाको उपयुक्त स्थानमा खेल ग्राम आधुनिक रुपमा निर्माण गरी सञ्चालन गर्न कार्यको सुरुवात गरिनेछ। आधुनिक सुविधा सम्पन्न रङ्गशाला निर्माण सम्भाव्यता अध्ययन गरी सुरुवात गरिनेछ।

८३. विद्यार्थीहरुको सर्वाङ्गिण विकासको लागि विभिन्न प्रकारका अतिरिक्त क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्ने नीति लिइनेछ।

८४. खेलकुद, नवप्रवर्तन र उद्यमशिलताको विकास मार्फत युवाहरुलाई रचनात्मक कार्यहरुमा परिचालन गरिनेछ।

**खानेपानी व्यवस्थापन, आधारभूत स्वास्थ्य तथा सरसफाईः**

८५. गुणस्तर युक्त खानेपानी सबैको घर घरमा सुलभ पहुँच पुऱ्याउन गाउँपालिका भित्र एक घर एक धारा निर्माण गर्ने नीति लिइनेछ। खानेपानी सेवालाई दिगो र भरपर्दो बनाउन खानेपानी तथा स्वच्छता योजनाको निर्माण गरी एकमुष्ट अभिलेख राख्ने व्यवस्था मिलाइनेछ। गाउँपालिकामा हुने अध्यधिक पाइप मागको समस्या समाधान गर्न प्राविधिक लागत अनुमानको आधारमा व्यक्तिगत रुपमा पाइप माग गर्ने नागरिकलाई ५० प्रतिशत अनुदानमा मात्र पाइप उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

८६. गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न पहल गरिनेछ। यस क्रममा शौचालयको पहुँच वृद्धि गर्न जनचेतानाका कार्यक्रमहरु सञ्चालन गरिनेछ। शौचालय निर्माण गर्न नसक्ने परिवारहरुको पहिचान गरी गाउँपालिकाबाट शौचालय निर्माण गर्ने कार्यक्रमहरु सञ्चानल गरिनेछ।

८७. गाउँपालिका भित्रको खानेपानी सुरक्षित स्वास्थ वर्धक र भरपर्दो बनाउन एकिकृत खानेपानी गुरु योजना र विस्तृत आयोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरिनेछ। प्राविधिक सम्भाव्यता र आवश्यकताको आधारमा लिफ्टिङ खानेपानी र सतही खानेपानी प्रविधिको प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८८. गाउँपालिकाको जलस्रोत सम्बन्धी कानुन निर्माण गरी गाउँपालिका स्तरिय जलस्रोत समिति गठन गरी सक्रिय र प्रभावकारी बनाइनेछ। गाउँपालिका भित्र रहेका प्रदुषणको जोखिम देखिएका मुहानहरुको पहिचान गरी संरक्षण, सम्बर्द्धन र प्रयोग गर्दै लगिनेछ।

८९. गाउँपालिका भित्र निस्कने फोहोरमैलालाई स्रोतमै वर्गिकिरण गरी उपयुक्त माध्यमबाट व्यवस्थापन गर्ने कार्य गरिनेछ।

९०. गाउँपालिकामा स्वास्थ्य सम्बन्धि सुरक्षित मातृत्व, पोषण, प्रजनन स्वास्थ्य, क्षयरोग, कुष्ठरोग निवारण, बाल स्वास्थ्य, परिवार नियोजन तथा सुरक्षित गर्भपतन, यौनरोग तथा एच.आई.भी. एड्स नियन्त्रण, सामुदायिक स्वास्थ्य जस्ता रोगहरुको संक्रमणबाट जोगिने तथा रोग निवारण गर्ने खालका विभिन्न चेतनामुलक कार्यक्रमहरु आयोजना गरिनेछ। साथै स्थानीय समुदायसँग सहकार्य गरी स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

९१. गाउँपालिका बासीको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्रभित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरु संचालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नति गरी रोकथाम, निदान र पुनःर्स्थापना सेवा सहज र नियमित बनाइनेछ।

९२. आर्थिक वर्ष २०८१/८२ मा भौतिक पूर्वाधार (भवन) सम्पन्न भएका स्वास्थ्य चौकीहरुमा २४ घण्टे निशुल्क पूर्व प्रशुती सुविधा सहित प्रशुती सेवा केन्द्र (वर्थिङ्ग सेन्टर) सञ्चालन गरिनेछ। साथै प्रशुती सेवा केन्द्र क्रमशः आवश्यकता अनुसार सबै वडाहरुमा विस्तार गर्दै लगिनेछ।

९३. गाउँपालिका भित्र सडक दुर्घटना तथा कडा प्रसुती अवस्थाका गाउँपालिका विरामीहरुलाई नजिकको स्वास्थ्य सँस्थाहरु सम्म पुग्न यातायात सुविधा उपलब्ध गराइनेछ।

९४. नसर्ने रोगको प्रकोप न्यूनीकरणका लागि स्वास्थ प्रवर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ। साथै निदानात्मक र उपचारात्मक सेवालाई विस्तार गर्न कलेजो तथा मृगौलाहरुको परिक्षण तथा उपचार गाउँपालिका भित्र शिविर सञ्चालन गरी गरिनेछ। सर्ने र नसर्ने रोगको बारेमा जानकारी प्राप्त गर्न पेन प्याकेजलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

९५. क्षयरोग जस्ता संक्रामक रोगहरुको समयमै पहिचान गरी उपचार गर्न ल्याव सेवाको स्थापना र विस्तार गरिनेछ।

९६. गाउँपालिका भित्र रहेको आँखा उपचार केन्द्रको सुदृढीकरण गरी गाउँपालिका बासी नागरिकको आँखा उपचारको कार्यलाई प्रभावकारी बनाइनेछ। आँखाको प्रारम्भिक परिक्षणबाट मोतिविन्दुको अप्रेशन गर्ने खालका विरामीहरु पत्ता लागेमा निशुल्क रुपमा मोतिविन्दुको शल्यक्रिया गर्ने व्यवस्था मिलाइनेछ।

९७. गम्भिर रोग, अप्रेशन दुर्घटना तथा रगत आवश्यक पर्ने अवस्थामा गाउँपालिका बासीलाई रगत प्राप्तीलाई सुनिश्चित गर्न रक्त सुरक्षा तथा रगत उपलब्ध गराउने कार्यमा काम गरिरहेका संस्थाहरुको सहकार्यमा कार्य सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

९८. गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य सँस्थाहरुको सेवा तथा भौतिक संरचनाहरुलाई स्तरोन्नती गरिदै लगिनेछ। स्वास्थ्य संस्थामा अभाव भएका जनशक्तिहरु आवश्यक्ता अनुसार व्यवस्थापन गर्न पहल गरिनेछ।

९९. आयुर्वेदिक चिकित्सा पद्दतिको अभ्यास, योग तथा ध्यान शिविर संचालनमा सहयोग पुर्याइनेछ। गाउँपालिका भित्र आयुर्वेदको पूर्वाधार विकास गर्दै आयुर्वेधिक औषधिहरुको नियमित वितरणको व्यवस्था मिलाइनेछ। आयुर्वेद सेवालाई विस्तार गर्दै यस गाउँपालिकाको पायक पर्ने ठाउँमा आयुर्वेद सेवा केन्द्र स्थापना गर्न पहल गरिनेछ।

१००. स्वास्थ्य विमालाई प्रचार प्रसार गरी सबै नागरिक तथा परिवारलाई स्वास्थ्य विमा आवद्ध गरी पूर्ण स्वास्थ्य विमा लागु भएको गाउँपालिका घोषणा गर्न पहल गरिनेछ। दीर्घ रोगी, अपाङ्ग एवं जेष्ठ नागरिकहरुको स्वास्थ उपचार घर घरमा गई स्वास्थ्य प्रयोगशाला परिक्षण र परामर्श सेवा उपलब्ध गराउने सेवालाई निरन्तरता दिइनेछ।

१०१. गाउँपालिका भित्र सञ्चालनमा रहेका औषधी पसलहरुको नियमित अनुगमन गरिनेछ। कानुन बमोजिम सञ्चालनमा नभएका औषधी पसलहरुलाई कानुन अनुसार कार्वाही प्रक्रिया तत्काल सुरु गरिनेछ।

१०२. विश्वव्यापी स्वास्थ्य सेवा विस्तारको अवधारणा अनुसार स्थानीय तह प्रवर्द्धनात्मक, प्रतिकारात्मक उपचारात्मक, पुनःर्स्थापनात्मक सेवालाई एकिकृत रुपमा विस्तार तथा विकास गरिनेछ।

१०३. रक्तदानसँग सरोकार राख्ने संघसँस्थासँग समन्वय गरी गाउँपालिका तथा वडा स्तरमा रक्तदाता समूह निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०४. गाउँपालिका भित्र घुम्ति प्रयोगशाला परिक्षणको निरन्तरता तथा थप प्रयोगशाला आवश्यकताको संभाव्यता अध्ययन गरिनेछ।

१०५. गाउँपालिकाका किशोर किशोरीहरुलाई सहजरुपमा स्वास्थ्य सेवा लिन आउने वातावरण निर्माण गर्नका लागि किशोर किशोरीमैत्री स्वास्थ्य सँस्था निर्माणमा जोड दिइनेछ।

**लैंगिक समानता तथा सामाजिक सुरक्षा सम्बन्धी (लैंगिक समानता, बालबालिका, किशोर किशोरी तथा युवा, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक)**

१०६. विकासको मूलप्रवाहमा पहुँच पुऱ्याउन महिला, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, धार्मिक समुदाय, जनजाती, बालबालिका, आदिबासी, एकल महिला लगायतका वर्ग र समुदायहरुको क्षमता विकास, आयआर्जन, सशक्तिकरण, अधिकार संरक्षणको आवश्यक व्यवस्था मिलाइनेछ।

१०७. लक्षित वर्गका कार्यक्रमहरु गाउँपालिकाको आर्थिक तथा समाजिक विकास शाखाको समन्वयमा एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ।

१०८. बालमैत्री स्थानीय शासनको अवधारणलाई क्रमशः कार्यान्वयन गर्दै गाउँपालिकालाई बालमैत्री स्थानीय शासन लागु भएको गाउँपालिकाको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१०९. गाउँपालिकास्तरीय बाल सञ्जाल गठन गरी क्षमता विकास तथा नैतिक शिक्षाको समेत विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११०. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षणको लागि आवश्यक पर्ने कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

**गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमनः**

१११. गाउँपालिका भित्र सेवा प्रवाह गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाको कार्य सम्पादनलाई मर्यादित, व्यवस्थित तथा समन्वयकारी बनाउन गाउँपालिकामा NGO Desk को स्थापना गरी क्रियाशिल बनाइनेछ। गैर सरकारी सँस्थाहरुले गर्ने कार्यलाई थप व्यवस्थित बनाउन गैर सरकारी सँस्था परिचालन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

११२. यस गाउँपालिका भित्र कार्यक्षेत्र राखी क्रियाशिल रहेका गैरसरकारी सँस्थाहरुले यस गाउँपालिका भित्र परिचालन गर्ने कार्यक्रमहरुलाई गाउँपालिकाको वार्षिक कार्यक्रम भित्र समावेश गर्ने कार्यको सुरुवात गरिनेछ।

**सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ताः**

११३. सामाजिक कुरिती, कुसंस्कार अन्त्य गर्न गाउँपालिकाको नेतृत्वमा बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

११४. युवा, दलित, महिला, विपन्न, बालबालिका तथा सिमान्तकृत समूदायमा सशक्तिकरणका विशेष लक्षित वर्गका कार्यक्रमहरुलाई परिणाममुखी र व्यवस्थित रुपमा सञ्चालन गरिनेछ। प्रत्येक वर्ष लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण सम्पन्न गरी नतिजा सार्वजनिक गरिनेछ।

११५. गाउँपालिकाबाट बैदेशिक रोजगारमा जाने युवाहरुको तथ्यांक अद्यावधिक गरी सचेतना, सीप विकास तथा जोखिम न्यूनिकरणको लागि योजना बनाई कार्यान्वयन गरिनेछ। टोल विकास संस्था मार्फत सबै गाउँपालिकाबासीहरुलाई विकासमा पहुँचको सुनिश्चितता गरिनेछ।

११६. किशोरावस्थामा हुने मानसिक, सामाजिक, शारिरीक तथा सम्बेगात्मक परिवर्तनबाट पर्ने असरबाट बचाउन गाउँपालिका भित्रका माध्यामिक विद्यालयहरुमा **साथी शिक्षा** कार्यक्रम सञ्चालन गरिनेछ।

११७. गाउँपालिका भित्र सकारात्मक सोचको माध्यमबाट सशक्तिकरण तर्फ सबै युवा तथा किशोर किशोरीहरुलाई आवद्ध गराउन विद्यालयमा अध्ययन गरी रहेका विद्यार्थीहरु र अन्य युवाहरुलाई वृत्ती परामर्श (Career Counselling) कार्यक्रम सुरुवात गरिनेछ।

११८. गाउँपालिका भित्र विशेषज्ञ सहितको स्वास्थ्य सेवा उपलब्ध गराउन १० शैयाको सुविधा सम्पन्न अस्पताल निर्माण गर्ने कार्यको सुरुवात गरिनेछ। कोरोना भाइरस जस्ता संक्रामक रोग नियन्त्रण गर्न गाउँपालिकामा स्थापना हुने अस्पताललाई स्तर वृद्धि गर्ने नीति लिइनेछ। महामारीको रुपमा आउने रोगहरुबाट तत्काल गाउँपालिका बासीलाई बचाउन द्रुत प्रतिकार्य टोली (RRT) परिचालन गरी स्वास्थ्य शिक्षाका माध्यमबाट रोगथाम तथा प्रतिकार्यका उपायहरुलाई जनस्तर सम्म पुर्याइनेछ। साथै कोरोना विरुद्धको खोपलाई आवश्यकता अनुरुप गाउँपालिकामा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

११९. नियमित खोपको प्रर्द्धन गरिनेछ। खोप कार्यक्रमलाई थप व्यवस्थित गर्नको लागि खोपको सुक्ष्म योजना तर्जुमा गर्ने, खोप केन्द्रहरुलाई व्यवस्थित तथा थप निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१२०. गाउँपालिका भित्र रहेका सुत्केरी आमा तथा बच्चाको पोषण सुधार गरी निजहरुलाई पोषण सुधारमा अभिप्रेरित गर्न **सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम** सञ्चालन गरिनेछ।

१२१. गाउँपालिकाका दुई वा दुई भन्दा बढि वडाहरुलाई सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थाहरुलाई स्तर वृद्धि गर्न पहल गरिनेछ। सबै प्रसुतीलाई उच्च उपचारको लागि जानु परेमा यातायात सुविधा स्वरुपमा नगद अनुदान उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

१२२. गाउँपालिकाका स्वास्थ्य चौकीहरुमा प्रयोगशाला सेवा सञ्चालनका लागि प्रदेश सरकारको सहयोगमा पहल गरिनेछ।

१२३. गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य स्वयं सेविकाहरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समूदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिनेछ। यसको लागि कार्यसम्पादनको मूल्यांकन गर्दै प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१२४. गाउँपालिका भित्र स्वास्थ्य तथा शिक्षा नीति तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ।

१२५. गाउँपालिकालाई पूर्ण सरसफाई अभियानको माध्यमबाट प्रत्येक घरपरिवारलाई आधारभूत सरसफाईमा ध्यान दिने वातावरण बनाई पूर्ण आनिबानि परिवर्तनका कार्यक्रमको शुरुवात गरिनेछ।

१२६. संरक्षकत्व गुमाएका महिला, बालबालिका र जेष्ठ नागरिकहरुको लागि पुनःस्थापना तथा सुरक्षित आवास लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।

१२७. सुनौलो हजार दिनका महिला (गर्भवती तथा सुत्केरी) ५ वर्ष मुनिका बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउन पोषणका कार्यक्रमहरु सञ्चालन गरी पोषण मैत्री कार्यक्रमहरुलाई सबै शाखाहरुका कार्यहरुमा मूल प्रवाहिकरण गर्दै लगिनेछ।

१२८. गाउँपालिका भित्रको पोषण सुधार गर्न गाउँपालिकाका प्रत्येक घरमा १ घर १ करेसा बारी निर्माण गर्ने कार्यलाई गाउँपालिका बासीको सहयोगमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। पोषणको अवस्थालाई सुधार गर्न मिसावट युक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ वर्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गर्ने नीति लिइनेछ।

१२९. महिलाहरुको सक्रिय सहभागितामा स्थापना हुने र संचालनमा रहेका लघु उद्योगहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

१३०. गाउँपालिका भित्र निर्माण हुने भौतिक पूर्वाधारहरुलाई अपाङ्ग मैत्री, बाल मैत्री तथा महिला मैत्री बनाउँदै निर्माण गर्ने नीति लिइनेछ।

१३१. महिलाहरु मात्र सदस्य रहेका सहकारीहरुलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३२. महिनाबारीको समयमा स्कुल हाजिर हुन नसक्ने अवस्थाको अन्त्य गर्न गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरु मार्फत उचित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३३. टोल विकास संस्थाहरुको आफ्नो भुगोल भित्र १ वटा बाल उद्यान, ज्येष्ठ नागरिक बिश्रामस्थल निर्माण गर्न उत्प्रेरित गरिनेछ।

१३४. गाउँपालिका भित्र रहेक अपाङ्गता भएका नागरिकहरुको सहज पहुँच तथा जिवन यापनमा सहजता पुर्‍याउन समयमै अपाङ्गता परिचय पत्र वितरण गर्ने कार्य गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गताको प्रकृतीका

आधारमा क्षमता विकास गरी आय आर्जन वृद्धि गर्ने कार्यको सुरुवात गरिनेछ। अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३५. घटना दर्ताको महत्व र आवश्कयताको महसुस गराउन घटना दर्ता सम्बन्धी शिविर संघीय सरकार सँगको सहकार्य सञ्चालन गर्ने व्यस्था मिलाइनेछ।

**भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा**

१३६. बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवश, स्थानीय मौलिक संस्कृति, भेषभुषा संरक्षण एवं प्रवर्धन गर्न र उक्त दिवशहरुमा नैतिक शिक्षा, योग साधनाको महत्व सान्दर्भिकताका विषयमा चेतना जगाउने र जनसहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै सबै जातजातिको साहित्य, कला, भाषा, इतिहास, संस्कृतिको संरक्षण तथा संवर्धन गर्दै लगिनेछ।

**(ग) आर्थिक विकासः**

१३७. कृषिको माध्यमबाट आय आर्जन एवं स्वरोजगार सिर्जनाको लागि विशेष प्राथमिकता दिइनेछ। सम्भाव्यता पहिचान गरी प्रत्येक वडामा कम्तिमा एक कृषि उपजको पकेट क्षेत्र अवधारणा अवलम्बन गर्दै कृषि उत्पादनलाई व्यवसायिकीकरण गरी रोजगारी सिर्जना गर्ने तर्फ जोड दिइनेछ।

१३८. दुध, तरकारी, फलफुल, मासु, नगदे बाली लगायतका कृषि तथा पशुजन्य उत्पादनहरु निर्यात गरी आर्थिक सशक्तिकरणमा जोड दिईनेछ। गाउँपालिका क्षेत्रभित्र कृषि उपज उत्पादनमा प्रयोग भैरहेको रासायनिक विषाधिलाई न्यूनिकरण गरी जनताको स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असरलाई कम गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ। जैविक विविधताको संवर्द्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकुलन प्रविधिहरुको विकास गरी कृषिजन्य उत्पादनमा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ।

१३९. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिंचाइ कार्यक्रम मार्फत कार्यक्रमहरु संचालन गरिनेछ। व्यवसायिक कृषि गर्ने क्षेत्रको पहिचान गरी सिंचाइको सुविधा उपलब्ध गराइनेछ। कृषि क्षेत्रमा व्यवसायिक किसिमका कार्यक्रमहरु छनौट गरी कृषि पकेट क्षेत्र विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१४०. गाउँपालिका क्षेत्रभित्र रहेको कृषि उत्पादनको सम्भाव्यता अध्ययन गरी माटो परिक्षणको माध्यमबाट उपयुक्त कृषि उपज लगाउने व्यवस्था मिलाइनेछ। यस कार्यको लागि व्यवसायिक रुपमा खेती गर्ने कृषकहरुको पहिचान गरी यसै आर्थिक वर्षबाट कार्य शुरुवात गरिनेछ।

१४१. व्यवसायिक कृषि व्यवसाय गर्न इच्छुक कृषकहरुलाई आवश्यक पर्ने सम्बन्धित विषयका तालिम उपलब्ध गराइनेछ। जसबाट कृषि क्षेत्रको उत्पादन वृद्धि भइ व्यवसायिक रुपमा खेती गर्ने परम्पराको शुरुवात हुनेछ।

१४२. कृषि/पशु विकास, दुग्ध उत्पादन सहकारीको प्रवर्द्धन र विकासका लागि आधुनिक प्रविधि मार्फत गाउँपालिकामा भएका सहकारी र कृषक समूहहरुलाई व्यावसायिक तालिम प्रदान गरिनेछ। साथै गाउँपालिकामा उत्पादित कृषि जन्य उपजहरुको बजारिकरण र व्यवस्थापनका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ। गाउँपालिकाभित्र उत्पादन हुने कृषि तथा पशुजन्य उत्पादनलाई नजिकको बजारसम्मको पहुँच पुऱ्याउन कृषि एम्बुलेन्स संचालन गरिनेछ।

१४३. गाउँपालिकाभित्र दुध तथा दुधजन्य पदार्थको उपयोग तथा व्यापार न्यून देखिएकोले आगामी आर्थिक वर्षमा गाउँपालिकाबाट दुधजन्य पदार्थ नजिकको बजारसम्म पुर्याउने कार्यलाई उच्च प्राथमिकतामा राखी अगाडी बढाईनेछ। गाउँपालिका भित्र उत्पादीत दुधलाई खपत गर्न आवश्यक व्यवस्था मिलाइ दुधका परिकारहरु निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

१४४. कृषि उत्पादन वृद्धि गर्न गाउँपालिकाभित्र रहेका विभिन्न प्रकारका विशेषता भएका जग्गाहरुको अध्ययन तथा अनुसन्धान गरी उपयुक्त बाली लगाइ उत्पादन वृद्धि गर्ने व्यवस्था मिलाइनेछ।

१४५. कृषि तथा पशुपालन व्यवसायलाई सझिलो र उत्पादन मुलक बनाउन आधुनिक कृषि प्रणाली अवलम्बन गरिनेछ। ५० प्रतिशत अनुदानमा यन्त्र, औजार र उपकरण उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ। व्यवसायिक रुपमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम कार्यान्वियन गरिनेछ।

१४६. सामुहिक व्यवसायिक कृषि तथा पशु उत्पादन गर्ने समूह वा सहकारीहरुलाई विभिन्न प्रकारका समपुरक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। ५० प्रतिशत अनुदानमा तरकारी क्षेत्र विस्तारका कार्यक्रमहरु सञ्चालन गरिनेछ। अनुदान वितरण गर्दा कृषि कार्य गर्न इच्छुक कृषकहरुलाई प्राथमिकता दिइनेछ।

१४७. गाउँपालिकाले स्थापना गरी सञ्चालन गर्दै आएको कृषि उपज संकलन केन्द्रमा आफ्नो उत्पादन लैजाने कृषकहरुलाई उक्त संकलन केन्द्रको तथ्याङ्कको आधारमा मात्र कृषि तथा पशुपालन क्षेत्रमा **उत्पादनमा आधारित अनुदान** वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१४८. प्राकृतिक रुपबाट गर्भधान सम्भव हुन नसकेमा कृत्रिम गर्भधान गराउने कार्यको शुरुवात गरिनेछ। पशु बिमा तथा कृषि बिमा गर्ने समूह वा संस्थालाई प्रोत्साहन गरिनेछ।

१४९. गाउँपालिकाभित्र रहेका कृषि समूह, सहकारी र फर्मलाई बिउबिजन, घाँस उत्पादन गर्न आवश्यक पर्ने सहयोग उपलब्ध गराई घाँस नर्सरी स्थापना गरी घाँस तथा अन्य बिरुवा नर्सरी स्थापनामा जोड दिईनेछ।

१५०. पशुपालन व्यवसायलाई प्रभावकारी बनाउन तालिम सञ्चालन, औषधि वितरण, नक्ष्ल सुधारको लागि बोका, राँगो, बीर (बंगुर) समूह/सहकारी/फर्मलाई वितरण, गोठ सुधार, गोठ निर्माण, खोर निर्माण, खोर सुधार, घाँस वितरण र ढुँड टाट्नो निर्माण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१५१. गाउँपालिका भित्रका धानखेत, जलाशय र माछापोखरीहरुलाई संरक्षण गर्दै व्यावसायिक माछा पोखरी निर्माण गर्ने व्यक्ति/समूह/सहकारी/फर्महरुलाई आवश्यक अनुदान उपलब्ध गराई गाउँपालिकालाई माछा उत्पादनमा क्रमशः आत्मनिर्भर गराउँदै लगिनेछ। साथै माछाको उचित बजारीकरणको व्यवस्था मिलाइनेछ। यस कार्यक्रम सञ्चालनको लागि ५० प्रतिशत अनुदानमा माछा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१५२. प्रत्येक वडामा कम्तिमा एक/एक वटा कृषि एवं पशु व्यवसायमा आधारित सहकारी विकास गरिनेछ। स्थानीय सहकारीहरुसँग प्रवर्द्धनात्मक कार्यमा सहकार्य गर्दै मूल्य श्रृंखलामा काम गर्ने सहकारीहरुको (कृषि तथा उत्पादनमुखी) विकास एवं प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

१५३. गाउँपालिकाका मुख्य बजार केन्द्रमा स्थापना भएको कृषि उपज संकलन तथा विक्रि केन्द्रलाई व्यवस्थित गरिनेछ। साथै गाउँपालिकाको कुनै एक उपयुक्त स्थानमा शित भण्डार प्रदेश सरकारसँगको सहकार्यमा स्थापना गर्ने कार्य अगाडी बढाइनेछ।

१५४. कृषियोग्य जमिनको बढ्दो खण्डीकरण गर्ने कार्यलाई निरुत्साहित गरी जमिनलाई बाँझो राख्न नपाइने व्यवस्था मिलाइनेछ। कृषि, पशुपालन लगायतका व्यावसायिक उत्पादनका क्षेत्रमा बिमा अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाइनेछ।

१५५. गाउँपालिकाभित्र रहका विभिन्न सहकारी संस्थाहरुलाई विषयगत सेवाको आधारमा एकिकरण गर्ने र सहकारीको पहुँच नपुगेको ठाउँमा क्षेत्र विस्तार गर्ने नीति लिइनेछ।

१५६. सहकारी मार्फत बचत तथा सहुलियत दरमा ऋण परिचालन गरी पिछडीएको वर्गलाई आत्मनिर्भर गराउन अभिप्रेरित गरिनेछ।

१५७. गाउँपालिका क्षेत्रभित्र रहेका बैंक तथा वित्तिय संस्थाहरुलाई गाउँपालिकाको प्रत्येक वडासम्म आफ्नो सेवा विस्तार गर्न प्रोत्साहित गरिनेछ।

१५८. गाउँपालिकाभित्र सञ्चालन गरिएका सबै व्यवसायहरुलाई दर्ता तथा अभिलेखिकरण गर्न अभिप्रेरित गर्न विभिन्न प्रकारका चेतनामूलक कार्यक्रमहरु व्यापारीहरुको समेत सहकार्यमा सञ्चालन गरिनेछ।

१५९. गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि वित्तिय अवस्थामा सुधार गर्न करको दर कम र दायरा फराकिलो बनाउने नीति अबलम्बन गरिनेछ।

१६०. उद्यम विकास योजना निर्माण गरी गाउँपालिका भित्र स्थानीय स्रोत, साधन र सिपको आधारमा रोजगारी सृजना गरिनेछ। उद्यम विकास योजनाका आधारमा कार्यक्रमहरु क्रमशः कार्यान्वयन गरिनेछ।

१६१. उद्यम विकास मार्फत आय आर्जन र रोजगार वृद्धि गर्ने तर्फ ध्यान दिइनेछ। उद्योगग्राम निर्माण कार्यलाई संभाव्यता अध्ययन गरी सुरुवात गरिनेछ।

१६२. गाउँपालिका भित्र उपलब्ध हुने कच्चा पदार्थहरुको प्रयोगबाट सञ्चालन हुन सक्ने खालका साना तथा कुटीर उद्योग स्थापना र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

१६३. विभिन्न ऐतिहासिक तथा धार्मिक स्थलहरुको गुरुयोजना निर्माण गरी पर्यटन उद्योगलाई प्रवर्द्धन, प्रचार र प्रसार गरिनेछ। गाउँपालिका क्षेत्रभित्र पर्यटकीय स्थानहरुमा आयोजना हुने महोत्सवहरुलाई सभ्य र भव्य रुपमा सञ्चालन गर्न आवश्यक पर्ने सहयोग उपलब्ध गराइनेछ। गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरुको पहिचान गरी पर्यटन विकासको गुरुयोजना निर्माण गर्न पहल गरिनेछ। धार्मिक तथा पर्यटन विकास गर्न गाउँपालिकाको उपयुक्त स्थानको पहिचान गरी घरबास (Home Stay) संचालन गर्न पहल गरिनेछ।

१६४. तिनाउ गाउँपालिकाको पर्यटन नक्सा बनाईनेछ। गाउँपालिकाका ऐतिहासिक स्थानहरु लगायत अन्य सम्भाव्य स्थानहरुमा पर्यटकीय पदमार्ग निर्माणको लागि सम्भाव्यता अध्ययन गरी रुट नक्सांकन गरिनेछ।

१६५. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरी यी स्थलहरुसम्म सडकको पहुँच पुऱ्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६६. तिनाउ कृषि तथा पशु उद्यमशिलता विकास परियोजनालाई पुरानो कार्यसम्पादनको प्रगति प्रतिवेदनको आधारमा नयाँ व्यवस्थापन सहित सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१६७. गाउँपालिका भित्र सुन्तला, कागती, किवी, लिंची, आँप, ड्रागन फ्रुट र एभोकाडो लगायतका अन्य फलफुल उत्पादनको सम्भाव्य स्थानको खोजी गरी व्यवसायिक रुपमा खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

१६८. व्यवसायिक रुपमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्ने कृषकहरुलाई वित्तीय संस्थाहरुसँगको सहकार्यमा ऋण परिचालन गर्ने व्यवस्था मिलाई यस्ता कार्यमा व्याजमा अनुदान दिने कार्यको सुरुवात गरिनेछ।

१६९. गाउँपालिका भित्र रोजगारीको अवसर सिर्जना गर्न रोजगार सेवा केन्द्रमा सूचिकृत भएका वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारको प्रत्याभुत गर्नको लागि गाउँपालिकामा सञ्चालन हुने विभिन्न ठेक्का तथा उपभोक्ताहरु मार्फत सञ्चालन हुने योजनामा आवश्यकता अनुसार तालिम प्रदान गरी काममा लगाउने व्यवस्था मिलाइनेछ।

१७०. गाउँपालिकाका लागि स्वयंसेवा कार्यक्रम मार्फत युवाहरुलाई रोजगारीमा आवद्ध गर्ने कार्यको सुरुवात गरिनेछ। विदेशबाट गाउँपालिकाभित्र फर्की आफूले सिकेको सीपको आधारमा उद्यम गर्न चाहाने युवाहरुलाई उद्यम विकासमा प्रोत्साहित गर्न **अध्यक्षसँग युवा इलम** कार्यक्रम सञ्चालन गरिनेछ।

१७१. गाउँपालिका भित्रका युवाहरुलाई रोजगारीको अवसर प्रदान गर्न मागमा आधारित तालिम सञ्चालन गरी तालिम प्राप्त युवाहरुलाई उद्यम सञ्चालन गर्न आवश्यक रकम सहित प्रोत्साहन गरिनेछ।

१७२. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवाहरु र श्रम स्वीकृतीका सेवाहरुलाई गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत थप प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१७३. गाउँपालिकालाई फूलमा आत्मनिर्भर बनाइ बढी हुने फूलहरु गाउँपालिकाबाट निकासी गर्ने गरी गाउँपालिका भित्र रहेको खाली ठाउँको पहिचान गरी फूल खेती गर्ने कार्यको सुरुवात गरिनेछ।

**(घ) भौतिक पूर्वाधार विकासः**

१७४. गाउँपालिकास्तरीय गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयनको लागि बजेटको सुनिश्चितता गरिनेछ। गाउँपालिका क्षेत्र भित्र रहेको खानेपानीको समस्यालाई समाधान गर्न यस आर्थिक वर्षलाई **स्वच्छ खानेपानी** वर्षको रुपमा मनाउन पहल गरिनेछ। वृहत खानेपानी योजना सञ्चालन गरि एक घर एक धाराको अवधारणाको आधारमा खानेपानी सुविधाको विस्तार गर्न पहल गरिनेछ। अधुरा रहेका आयोजनाहरुलाई सम्पन्न गर्न विशेष ध्यान दिइनेछ।

१७५. गाउँपालिकामा स्वच्छ पिउने पानीको उपलब्धताका लागि सरोकारवाला निकायहरुसँग आवश्यक सहकार्य गरी खानेपानी सेवाका ठूला संरचनाहरु निर्माण गरिनेछ।

१७६. गाउँपालिका बासीको यातायातमा सहज पहुँच पुऱ्याउन तथा यातायात क्षेत्रको व्यवस्थापनका लागि संघ र प्रदेश सरकारसँगको समेत सहयोगमा निर्माण निरन्तरताका लागि पहल गरिनेछ। यातायात व्यवसायीहरुसँग समन्वय गरी गाउँपालिकाले व्यवस्थित तरिकाले सार्वजनिक सवारी साधनको सञ्चालनको व्यवस्था मिलाइनेछ।

१७७. सिंचाइको सुविधा विस्तार गर्न हालसम्म भएको अवस्थाको अध्ययन गरी खेतबारीमा सिचाइको सुविधा उपलब्ध हुने सिचाइ संरचना निर्माण गर्न पहल गरिनेछ।

१७८. सडक, खानेपानी, सिंचाइ, सामुदायिक भवनहरु जस्ता पूर्वाधारहरु सबै वडामा आवश्यकता र औचित्यताका आधारमा निर्माण गरिनेछ।

१७९. गाउँपालिका भित्रका सडकहरुमा कि.मि. पोष्ट तथा ट्राफिक संकेतका चिन्हहरु राखी यात्रालाई सूचना मुलक बनाइनेछ। हालसम्म विस्तार गरिएका सडकहरुको अवस्था देख्दा वातावरणमा व्यापक नराम्रो असर परेको देखिएकोले आगामी वर्षमा सडक विस्तार भन्दा सडक स्तर उन्नतीमा ध्यान केन्द्रित गरिनेछ।

१८०. भूक्षयको जोखिम देखिएको स्थानमा वायो इन्जिनियरिङ जस्ता नविनतम प्रविधिको अवलम्बन गरी पहिरो नियन्त्रण तथा सडक सञ्जाललाई भरपर्दो र सुविधा सम्पन्न बनाउन पहल गरिनेछ।

१८१. विकासका कार्यमा हेभि इक्युपमेन्ट प्रयोग गर्नु परेमा गाउँपालिकामा सूचिकृत र अनुमति प्राप्त भएका हेभि इक्युपमेन्टबाट मात्र काम गराउनु पर्ने नीति लिइनेछ। यस सम्बन्धमा कार्यविधि बनाइ लागु गरिनेछ।

१८२. भवन निर्माण गर्दा भुकम्पिय जोखिम न्यूनिकरण गर्ने तर्फ ध्यान दिँदै भवन आचार संहिताको पालना गराउन पहल गरिनेछ।

१८३. पूर्वाधारहरुको दिगो व्यवस्थापन तथा उपयोगका लागि मर्मत संभार प्रणालीलाई व्यवस्थित गरिनेछ। यस कार्यका लागि मर्मत संभार कोषको स्थापना गरी कार्यविधी मार्फत रकम खर्च गर्ने व्यवस्था मिलाइने।

१८४. गाउँपालिका भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त ठाउँको पहिचान गरी ल्याण्डफिल्ड साइड निर्माण गर्ने काम अगाडि बढाइनेछ।

१८५. गाउँपालिका क्षेत्र भित्र रहेको विद्युत सेवालाई नियमित र गुणस्तरिय बनाउन सबै सरोकारवालाहरु सँगको समन्वयमा आवश्यक पहल गरिनेछ।

१८६. ठूला पूर्वाधारहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) का आधारमा लगानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१८७. सार्वजनिक सम्पत्ति संरक्षण गर्न विशेष जोड दिइनेछ। टोल विकास संस्थाको समेतको सहकार्यमा अनाधिकृत रुपमा सार्वजनिक सम्पत्ति अतिक्रमण गर्ने कार्यलाई रोकिनेछ।

१८८. गाउँपालिका क्षेत्र भित्र निर्माण भएका पुराना घरहरुको अभिलेखिकरण गरिनेछ। साथै नयाँ संरचना निर्माण गर्दा अनिवार्य रुपमा गाउँपालिकाको स्वीकृतीबाट मात्र गर्ने वातावरणको विकास गरिनेछ। यस कार्यको लागि टोल विकास संस्थालाई समेत जिम्मेबार बनाइनेछ।

१८९. गाउँपालिका सौन्दर्यकरणका लागि आवश्यक पूर्वाधारहरु तयार गरिनेछ। साथै पूर्वाधारका योजनाहरु महिला मैत्री, बालमैत्री, वातावरण मैत्री, अपाङ्गमैत्री बनाइनेछ।

१९०. जनतालाई विकासका हरेक क्रियाकलापहरुमा सहभागि गराई काम प्रति उत्तरदायि र अपनत्वको भावनाको विकास गर्न लागत सहभागिताका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१९१. गाउँपालिका स्तरीय खेल मैदान, सभा गृह, कभर्डहल तथा रङ्गशाला निर्माणका लागि समन्वय र सहकार्य गरिनेछ।

१९२. गाउँपालिका भित्रका वडा कार्यालयहरु आधुनिक र प्रविधियुक्त बनाइ सेवा प्रवाहलाई छिटो तथा छरितो बनाउन पहल गरिनेछ। वडा कार्यालयको केन्द्र, स्वास्थ्य संस्था, घना बस्ती र विद्यालय रहेका क्षेत्रहरुमा आवश्यकताको आधारमा सडक बत्ती विस्तार गरिनेछ।

१९३. सडक स्तरउन्नती गर्दा सडकका प्रारम्भिक संरचानाहरु तयार गरी मात्र स्तरउन्नती गर्ने नीति अवलम्बन गरिनेछ। हाल सम्म विस्तार गरिएका सडकहरुको सञ्चालनको अवस्थाको आधारमा मात्र सडक स्तरउन्नति गर्ने कार्यका लागि बजेट विनियोजन गर्ने नीति लिइनेछ। सडकको प्रारम्भिक संरचनाहरु निर्माण सम्पन्न भएका क्षेत्रमा आवश्यकता अनुसार सडक ढलान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१९४. गाउँपालिकामा रहेका सडकहरुको स्तरउन्नती गर्दा ट्राफिक फ्लोका आधारमा वर्गिकरण गरी प्राथमिकता निर्धारणका आधारमा रकम विनियोजन गर्ने नीति लिइनेछ। हालसम्म गाउँपालिका भित्र रहेका सडकहरुको अध्ययन गरी आवश्यकताको आधारमा जोखिम युक्त सडकको घुम्ती सुधार गर्ने नीति लिइनेछ।

१९५. गाउँपालिका क्षेत्र भित्रका सडक लगायत भौतिक पूर्वाधारका क्षेत्रहरुको निर्माण र मर्मत कार्य गर्न स्थानीय वेरोजगारको सुचिमा रहेका व्यक्तिहरुलाई तालिम दिइ काम गर्न प्रोत्साहन गरिनेछ।

१९६. स्थानीय उत्पादनका लघु जलविद्युतहरुलाई संरक्षण गर्दै सो बाट उत्पादित उर्जालाई खानेपानी लिफ्टिङ्ग लगायत अन्य वैकल्पिक क्षेत्रमा प्रयोग गर्न संभाव्यता अध्ययन गरी निर्माण कार्य सुरु गरिनेछ। लघु जलविद्युतबाट निस्कने पानीलाई गाउँपालिका भित्र संभाव्यता अध्ययन गरी पानी घट्टहरुमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

१९७. तिनाउ गाउँपालिका भित्र रहेका सम्पूर्ण सार्वजनिक निकायहरुमा E-Attendance जडान गरी विद्युतीय अनुगमन प्रभावकारी रुपमा गर्ने व्यवस्था मिलाईनेछ।

१९८. गाउँपालिकाको केन्द्र सम्म जोड्ने गरी सबै वडा कार्यालयको केन्द्र गाउँपालिका भरीको स्वास्थ्य तथा शिक्षाका इकाईहरुसंग सहज पहुँच हुने गरी सडक सञ्जाल विस्तार गर्न All Weather Road को अवधारणा अनुसार लिंक रोड (Link Road) निर्माण गर्न पहल गरिनेछ। झोलुङ्ग र मोटरेवल पुल निर्माण गरी सडक सञ्जाललाई दिगो रुपमा सञ्चालन गर्न विशेष जोड दिइनेछ।

१९९. गाउँपालिका भित्र राष्ट्रिय प्रसारण लाइनमा हालसम्म पुग्न नसकेका वडाहरुमा विद्युत सेवाको पहुंच वृद्धि गरी राष्ट्रिय प्रसारणमा जडान गर्ने कार्य सम्पन्न गरिनेछ।

२००. गाउँपालिका भित्र मोबाइल तथा इन्टरनेटको सेवा विस्तार गर्न सेवा प्रदायक संस्थाहरुको सहकार्यमा कार्य अगाडी बढाईनेछ।

२०१. गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको पहिचान गरी आवश्यक पूर्वाधारहरु निर्माण गर्न सुरु गरिनेछ। यसका लागि समुदायको समेत सहयोगमा कार्य अगाडी बढाइनेछ।

**(ङ) वन वातावरण तथा विपद् व्यवस्थापनः**

२०२. पूर्वाधार निर्माणमा खासगरी सडक निर्माणलाई वातावरण मैत्री स्थानीय शासनको अवधारण अनुरुपमा कार्य अगाडि बढाइनेछ। ठूला संरचनाहरु निर्माण गर्दा संक्षिप्त वातावरणिय अध्ययन र वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा निर्माण गर्ने कार्यको शुरुवात गरिनेछ।

२०३. वातावरण संरक्षण, विपद् व्यवस्थापनको लागि व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ। प्राकृति विपदबाट जोगिन तथा क्षेती कम गर्न विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिनेछ।

२०४. खानेपानीको स्रोतलाई दीर्घकालिन बनाउन पानीका मुहान, पोखरी, ताल, तलैया संरक्षणमा विशेष लगानी गरिने छ। एक सामूदायिक वन एक पूनःर्भरण पोखरीहरुको निर्माण गर्ने कार्यको शुभारम्भ गरिनेछ।

२०५. गाउँपालिकाको नदीहरुमा करेन्ट तथा विषाधी प्रयोग गरी माछा मार्ने कार्यलाई नियन्त्रण गर्न जनचेतनाका माध्यमबाट कार्यक्रमहरु सञ्चालन गरिनेछ। माछा तथा जलचरहरुको अवैध रुपमा हुने विनासकारी क्रियाकलापहरुलाई कानुन निर्माण गरी नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ। गाउँपालिकाको पानीको श्रोत भएको स्थानमा जलचर संरक्षण गर्न माछाका भुराहरु खोला तथा तालतलैयाहरुमा छोडने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२०६. विपद् व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषमा रकम विनियोजन गरिनेछ। यस कोषको रकम स्वीकृत मापदण्ड बमोजिम विपद् परेकाहरुलाई तत्काल उद्दार राहत र सहयोगको कार्यक्रम संचालन गर्न खर्च गरिनेछ। वडा एवं बस्ती स्तरमा विपद् व्यवस्थापनको लागि नागरिक परिचालन गर्न वडा र वस्ती स्तरीय विपद् व्यवस्थापन समितिलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

२०७. गाउँपालिका भित्र रहेका सबै वन सम्पदाहरुको बिभिन्न वन समितिहरुको सहकार्यमा संरक्षण गरिनेछ। साथै सामुदायिक वनको व्यवस्थापन सुधार गर्न गाउँपालिकास्तरीय समिति गठन गरी गाउँपालिकाका विकास निर्माणका योजनाहरुमा साझेदारीताका लागि संलग्न गराउने नीति लिइनेछ वन क्षेत्रबाट विपन्न वर्गहरुको आय आर्जन वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२०८. गाउँपालिका भित्र गर्मी यामको समयमा आगोलागिको समस्याहरु ज्यादा देखिएकोले सम्भाव्यता अध्ययन गरी फायरलाईन निर्माण गर्ने कार्यको सुरुवात गरिनेछ। आगोलागि नियन्त्रणमा उल्लेखनीय भूमिका खेल्ने

व्यक्तिलाई सामूदायिक वनसँगको समन्वयमा पुरस्कृत गर्ने कार्य अगाडि बढाइनेछ। सामूदायिक वन क्षेत्र भित्र हुने खोसमेरा/बस्यौंलाहरुको संकलन गरी अर्गानिक मल निर्माण गर्ने कार्यलाई पशु क्षेत्रमा काम गर्ने सहकारीहरुको सहकार्यमा उच्च प्राथमिकतामा राखी कार्य अगाडी बढाइनेछ।

२०९. गाउँपालिकाको भुगोललाई उपयुक्त हुने खालका आगोलागिका यन्त्र उपकरणहरु खरिद गरी आवश्यकता अनुसार सामूदायिक वन उपभोक्ता समूहलाई वितरण गर्ने कार्यको सुरुवात गरिनेछ।

२१०. गाउँपालिका भित्र रहेका सबै सामूदायिक वनहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कार्ययोजना गाउँपालिकामा पेश गरी स्वीकृत गराउन अनिवार्य गरिनेछ। यसरी समयमा कार्ययोजना पेश गर्ने र वन पैदावार विक्रिबाट प्राप्त रकमबाट गाउँपालिकालाई बुझाउनु पर्ने रकम बुझाउने सामूदायिक वनहरुमा पूनःभरण पोखरी (Recharge Pond) निर्माण गर्ने कार्यको सुरुवात गरिनेछ।

२११. गाउँपालिका भित्र रहेका विभिन्न सडकहरुको अध्ययन गरी यसका किनाराहरुमा आवश्यकता अनुसार वृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि तिनाउ सवडिभिजन कार्यालय दोभान पाल्पा सँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ।

२१२. गाउँपालिका भित्र बाढीको जोखिम रहेका क्षेत्रहरुको पहिचान गरी बाँसका विरुवाहरुको वृक्षा रोपण गरी बाढीको जोखिम कम गर्न प्रयास गरिनेछ। यस उत्पादनलाई व्यवसायिक बनाउन आवश्यकता अनुसार अन्य कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२१३. गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण नदीजन्य पदार्थहरुको उत्खनन् प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा गर्ने व्यवस्था मिलाइनेछ।

२१४. एक वडा १ उद्यान, पार्क निर्माण कार्यलाई अभियानको रुपमा सञ्चालन गरी सोका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

२१५. प्रत्येक गाउँपालिका बासीलाई गाउँपालिकाको वातावरण स्वच्छ एवं हरियाली राख्नका लागि वृक्षारोपण कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ। समृद्धीका लागि वन परियोजनालाई वन संरक्षण, उपयोग र वन व्यवस्थापनको रुपमा परिचालन गरिनेछ।

२१६. गाउँपालिका भित्र रहेको खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमिन र वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा बृद्धि गरिनेछ।

२१७. संरक्षण पोखरी, पहिरो तथा गल्छी नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमीन तथा जलाधारको संरक्षण र उत्पादनमा बृद्धि गरिनेछ।

२१८. वातावरणीय सन्तुलनलाई दिगो बनाउन गाउँपालिका क्षेत्र भित्र प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ। अत्यधिक रुपमा भैरहेको प्लाष्टिक प्रयोगलाई कम गर्न दुना टपरीको प्रयोग गर्ने बानीको विकास गरिनेछ।

२१९. स्थानीय स्तरमा उपलब्ध हुन सक्ने औषधी जन्य जडिबुटी, खनिज एवं जान्तव द्रव्यको खोज पहिचान संरक्षण संकलन प्रवर्द्धन गर्दै आयुर्वेद चिकित्सामा वैज्ञानिक अनुसन्धान तथा सदुपयोग गरी आत्म निर्भरता अभिवृद्धि गर्ने नीति लिइनेछ।

२२०. आगामी आर्थिक वर्ष भित्र सुरक्षित रुपमा फोहोर संकलन वर्गिकरण पुनःउपयोग प्रशोधन विसर्जनको लागि ल्याण्डफिल्ड साइडको पहिचान र विकास गरिनेछ। गाउँपालिका भित्र उत्पादन हुने फोहोरलाई फोहोरको प्रकृतिको आधारमा वर्गिकरण गरी कुहिने प्रकारको फोहोरको उचित माध्यमबाट मल बनाउन तथा नकुहिने

प्रकारका फोहोरहरुको लागि उचित स्थानको खोजी गरी नविन प्रविधिको माध्यमबाट व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ। यसका लागि नजिकको स्थानीय तहसँग समेत समन्वय गरी कार्य गर्ने नीति अवलम्बन गरिनेछ।

२२१. सँघीय सरकारसँगको सहकार्यमा विपन्न बस्तीहरुमा सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गरिनेछ। गाउँपालिका क्षेत्र भित्र रहेका जोखिम युक्त घरहरुको तथ्यांक संकलन गरि संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा जस्तापाता वितरण गरि जोखिमयुक्त घर मुक्त गाउँपालिका घोषणा गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।

२२२. जलवायु परिवर्तनको प्रभावलाई घटाउन गाउँपालिकामा खेर गैरहेको विभिन्न प्रकारको झारपात तथा वनमाराहरुको प्रयोग गरी उपयुक्त बस्तु निर्माण गर्ने कार्यको संभाव्यता अध्ययन गरी सुरुवात गरिनेछ।

२२३. गाउँपालिकालाई वातावरण मैत्री गाउँ बनाउन मुख्य मुख्य सडकहरुको किनारामा र गाउँपालिका भित्र खाली रहेको क्षेत्रमा वृक्षारोपण गर्ने कार्यको सुरुवात गरिनेछ।

२२४. गाउँपालिका भित्रको सिद्धार्थ राजमार्गको उपयुक्त स्थानमा सार्वजनिक शौचालयहरु निर्माण गर्ने कार्यको सुरुवात गरिनेछ।

२२५. गाउँपालिका भित्र भूक्षयको जोखिम भएका क्षेत्रहरुको पहिचान गरी वृक्षारोपण, वायो इन्जिनियरिङ्ग तथा तटबन्धको माध्यमबाट भू-संरक्षण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२२६. गाउँपालिका भित्र रहेका नदी तथा खोलाले वर्षातको समयमा पुर्याउने डुवान कम गर्न खोलामा जम्मा भएको नदीजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा निकाली खोला एकिकृत गर्ने व्यवस्था मिलाइनेछ। खोलाको दुवै किनारमा बाँसजन्य विरुवाको वृक्षारोपण गरी बाढीबाट खोला नजिक रहेको खेत क्षयीकरण हुनबाट जोगाउने व्यवस्था मिलाइनेछ।

२२७. स्वास्थ्य उपचारमा सहज पहुँच पुऱ्याउन उपयुक्त माध्यमबाट गाउँपालिकामा एम्बुलेन्स व्यवस्थालाई प्रभाकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२२८. गाउँपालिका भित्रका उपयुक्त स्थान तथा घरहरुमा फलफूल विरुवा लगाउने कार्यक्रम सञ्चालन गरी गाउँपालिका बासीलाई फलफुल उपभोग गर्ने परिपाटीको विकास गरिनेछ।

२२९. गाउँपालिकाको विभिन्न स्थानमा देखिने लोपोन्मुख वन्यजन्तुहरुको संरक्षण र विकासको लागि व्यापक जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। अवैध रुपमा वन्यजन्तु चोरी सिकारी गर्ने कार्यलाई कानूनी दायरा भित्र ल्याइ नियन्त्रण गर्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

२३०. गाउँपालिकामा रहेको महाभारत क्षेत्रमा उपयुक्त हुने खालका गुराँस लगायतका उपयुक्त विरुवाहरुको वृक्षारोपण गरी पर्यापर्यटन वृद्धि गर्न पहल गरिनेछ।

२३१. वायु प्रदुषण कम गर्न गाउँपालिका भित्र स्थापना हुने उद्योगहरुलाई मापदण्ड अनुसार सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२३२. गाउँपालिका भित्रको नदीजन्य पदार्थको उत्खनन्, अन्वेषण, ढुवानी तथा विक्रिवितरणलाई नियमित गर्न कार्यविधी निर्माण गरिनेछ। यसको पूर्वाधार विकासको लागि संघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ।

२३३. गाउँपालिका भित्र सञ्चालनमा रहेका चुनढुङ्गा खानी उद्योगहरुलाई नियमसँगत र व्यवस्थित ढङ्गले सञ्चालन गराउन गाउँपालिकाद्वारा प्रभावकारी नियमन र निरिक्षणको व्यवस्था मिलाइनेछ। साथै खानी उद्योग

सञ्चालनको क्रममा वातावरणमा पर्ने असरलाई न्यूनीकरण गर्न खानी सञ्चालकसँग लिइने वातावरण सेवा शुल्कबाट प्रभावित क्षेत्रको योजना र कार्यक्रमलाई संबोधन गरिनेछ।

२३४. खानी प्रभावित क्षेत्रमा खानी सञ्चालनको कारणले जनमानस पर्न सक्ने असरलाई नियत्रण गर्न खानी सञ्चालकहरुको सहयोगमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२३५. गाउँपालिकाबासीलाई धुवाँ रहित चुलोको प्रयोगबाट स्वास्थ्यमा गम्भिर असर नपर्ने वातावरण सिर्जना गर्न लागत साझेदारीको आधारमा धुवाँ रहित चुलो वितरण गर्ने व्यवस्था मिलाइनेछ।

२३६. अन्तयमा, यो नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नु हुने गाउँपालिकाका उपाध्यक्ष्यज्यू, सबै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सम्पूर्ण विषयगत समितिका सदस्यज्यूहरु, सकारात्मक सल्लाह र सुझाव दिनु हुन विभिन्न संघ संस्था र तिनाउमा क्रियाशिल पार्टीहरुका प्रमुख तथा प्रतिनीधिहरु, समग्र तिनाउ निवासी बुवा आमा दाजु भाई दिदीबैनीहरु, सञ्चार जगत तथा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिनु चाहान्छु। धन्यवाद।

मितिः २०८१।०३।०६ गते।

प्रेम श्रेष्ठ
अध्यक्ष

# तिनाउ गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य

**सभाका सभाध्यक्ष महोदय,**

१. तिनाउ गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गाउँपालिकाको १५ औं गाउँसभामा आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गरिरहँदा गौरवको महशुस गरेको छु। यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउन योगदान गरी तिनाउ गाउँपालिकालाई आफ्नो सीमा भित्र रहेका विकास निर्माण लगायतका कुराहरुमा रहेर बजेट निर्माण गर्न कानूनी आधार उपलब्ध गराउन जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा यस गाउँपालिकालाई यो अवस्थामा ल्याउन योगदान गर्नु हुने अग्रज महान गाउँपालिका बासी नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु।

२. संघीयताको कार्यान्वयन सँगै राज्य पुनर्संरचनाको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय संघीयताको कार्यान्वयनबाट जनतामा स्थानीय सरकारको अनुभूति हुने कामको प्रारम्भ भैसकेको छ। जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्दतिबाट तिनाउ गाउँपालिका बासीले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ। गाउँपालिकाको कार्य सम्पादनबाट स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशिला यस गाउँपालिकामा पनि तयार भएको छ।

३. तिनाउ गाउँपालिकाले हासिल गरेको युगान्तकारी राजनीतिक उपलब्धिको फल स्वरुप समृद्ध गाउँपालिका, सुखी गाउँपालिका बासी को आकांक्षा हासिल गर्ने दिशामा यो गाउँपालिका दृढताका साथ अघि बढेको छ। यस क्रममा सामाजिक न्यायको प्रत्याभूति सहितको जनउत्तरदायी गाउँपालिका र सभ्य सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्रको दिशामा समृद्ध अर्थतन्त्र निर्माणका लागि यो गाउँपालिका प्रतिवद्ध छ।

४. विगतमा तिनाउ गाउँपालिकाले लिएका नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट यस गाउँपालिका भित्र धेरै परिवर्तनका संकेतहरु देखा पर्न शुरु गरेका छन्। तिनाउ गाउँपालिकाले सञ्चालन गरेका विभिन्न कार्यक्रम मार्फत गाउँपालिका बासीहरुले आफ्नो आय स्तर बढाउने, नकारात्मक कार्यहरुमा खबरदारी गर्ने, समाज सुधारको बाटोमा आफूलाई समाहित गर्ने, गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको अवस्थामा सुधार आउन शुरुवात भएको छ।

५. गाउँपालिकामा कार्यान्वयन भै रहेका योजनाहरुले कार्यान्वयनको गतिलाई प्रभावकारी बनाउन चालु आर्थिक वर्षमा सक्दो प्रयास गर्दा पनि कतिपय कामहरु कर्मचारी कम भएको कारण अपेक्षीत रुपमा सफलता प्राप्त गर्न सकिएको छैन।

६. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण र पूनर्निर्माण कार्यमा तिव्रता आएको छ। विकासमा जनताको चासो तथा गुनासाका खबरदारीहरु देखा पर्न थालेका छन्। समग्रमा चालु आर्थिक वर्षमा समग्र विकासको अवधारणा अनुसार गाउँपालिकाका विभिन्न विकासका सम्भावनाहरुमा लगानी बढाइएको थियो जसको कार्यान्वयन अपेक्षित रुपमा भैरहेको अवस्था देखिएको छ। गाउँपालिका भित्र जनताले प्रत्यक्ष अनुभव गर्ने खालका कार्यक्रमहरु सञ्चालन भएका छन जसको कार्यान्वयनले सबै गाउँपालिका बासीहरु हर्षित बनाएको छ भन्ने मैले अपेक्षा गरेको छु।

७. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष हासिल भएका उपलब्धीहरुलाई विशेष ध्यान दिँदै गाउँपालिका बासीका आर्थिक र सामाजिक हित वृद्धि गर्ने कार्यक्रमहरु छनोट गर्न पहल गरेको छु। गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी र जनताको पहुँच सम्म पुऱ्याउन विशेष सहयोग पुग्ने खालका कार्यक्रमहरु सञ्चालन गरी परिवर्तनको अनुभूति हुने खालका कार्यक्रमहरु सञ्चालन गर्ने प्रयास गरेको छु। गाउँपालिकाले लिएका दीर्घकालिन योजना अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रयास पनि यस आर्थिक वर्षको बजेटमा सम्बोधन गर्ने प्रयास गरिएको छ।

८. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानुनहरु, संघीय सरकारबाट प्राप्त मार्गदर्शन, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाले पारित गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, गाउँपालिकाले जारी गरेको बजेट निर्माण सम्बन्धी मार्गदर्शन र विभिन्न संघ संस्था एवम् विद्वत वर्गहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई विशेष ध्यान दिएको छु।

९. चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म संघीय सरकार तर्फ विभिन्न शिर्षकहरुमा गरी जम्मा ३२ करोड ७९ लाख ३० हजार आय हुने अनुमान भएकोमा जम्मा रु. २६ करोड ६५ लाख ६५ हजार वास्तविक आय भै ८१.२९ प्रतिशत मात्र संघीय सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ।

१०. यसै गरी गाउँपालिकाले चालु आर्थिक वर्ष प्रदेश सरकार तर्फ विभिन्न शिर्षकहरुमा जम्मा २ करोड ६१ लाख ०९ हजार आय हुने अनुमान भएकोमा जम्मा रु. १ करोड ३७ लाख ९४ हजार वास्तविक आय भै ५२.८३ प्रतिशत मात्र प्रदेश सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ।

११. चालु आर्थिक वर्षमा राजस्व बाँडफाँड तर्फ मुल्य अभिवृद्धि कर तर्फ जम्मा रु.९ करोड ३ लाख ३३ हजार आम्दानी गर्ने अनुमान राखेकोमा हाल सम्म जम्मा रु. ६ करोड ९ लाख ४४ हजार ६७.४७ प्रतिशत आम्दानी प्राप्त गर्न सफल भएको छ।

१२. गाउँपालिकाको आन्तरिक आम्दानी तर्फ नगद बैंक मौज्दात सहित जम्मा ९ करोड २५ लाख ७० हजार कुल आन्तरिक आम्दानी गर्ने अनुमान गरेकोमा हाल सम्म बैक मौज्दात रु. ६ करोड २२ लाख ३० हजार र विभिन्न शिर्षकमा गरी जम्मा रु. १ करोड ३८ लाख ६८ हजार गरी कुल जम्मा ७ करोड ६० लाख ९८ हजार ७६.९८ प्रतिशत आम्दानी गर्न सफल भएको छ।

१३. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा चालु तर्फ रु. ३६ करोड ९० लाख ९६ हजार विनियोजन गरेकोमा हाल सम्म जम्म रु. २२ करोड ७४ लाख ८२ हजार खर्च गरी ६१.६३ प्रतिशत खर्च गर्न सफल भएको छ।

१४. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा पुँजिगत तर्फ रु. १६ करोड ७८ लाख ४६ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ९ करोड २५ लाख ९६ हजार मात्र खर्च गरी ५५.१७ प्रतिशत मात्र पुँजिगत खर्च गर्न सफल भएको अवस्था छ।

१५. गाउँपालिकाले चालु आर्थिक वर्षमा जम्मा रु. ५३ करोड ६९ लाख ४३ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ३२ करोड ७८ हजार खर्च गरी जम्मा ५९.६१ प्रतिशत मात्र खर्च गर्न सकेको अवस्था रहेको छ।

१६. अव म आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटका उद्देश्यतथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्यहरु सर्वप्रथम तपशिल अनुसार राख्न चाहन्छु।

क) गाउँपालिका बासीका मैलिक हक र अधिकारका रुपमा रहेका आवश्यकताहरु शीघ्र परिपूर्ति गर्दै जीवनस्तरमा सुधार ल्याउने,

ख) उपलब्ध भए सम्मका साधन-स्रोतहरुको उच्चतम उपयोग गर्दै न्यायपूर्ण तरिकाले विनियोजन गरी सामाजिक न्यायको प्रत्याभुति गराउने,

ग) आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी गाउँपालिका बासीलाई बसाइसराइ बाट गाउँपालिका छोड्ने समस्यालाई कम गरी गाउँपालिकामा बस्ने वातावरणको निर्माण गर्ने,

घ) गाउँपालिकालाई प्राप्त साधन स्रोतलाई गाउँपालिका बासीको बृहत्त हितमा खर्च गर्ने परिपाटीको विकास गर्ने,

ङ) गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधारका संरचनाहरुलाई दिगो तथा वातावरण मैत्री बनाउने, र

च) विगत लामो समय देखि यस गाउँपालिकामा रहेको भूमि सम्बन्धी समस्यालाई दीर्घकालिन रुपमा व्यवस्थापन गरी तिनाउबासी सम्पूर्ण भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाको स्वामित्व दिलाउने,

१७. बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसारका नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरेकोछु।

क) गाउँपालिकामा भएको गरिबीको अन्त्य र पिछडिएका क्षेत्र, वर्ग र समुदायको उपयुक्त तरिकाले उत्थान गर्दै सामाजिक सुरक्षाको विस्तार सहित कल्याणकारी राज्य व्यवस्थाको निर्माण,

ख) उत्पादनको वृद्धि, कृषिमा आधुनिकीकरण र विभिन्न सरोकारवालाहरुको सहकार्यमा पूँजि निर्माणको माध्यमबाट रोजगारी सिर्जना र आयवृद्धि,

ग) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक र कृषि, उद्योग, पर्यटन लगायतका आर्थिक पूर्वाधार विकास, रणनैतिक महत्वका भौतिक पूर्वाधार संरचनाको विकास तथा निर्माण र अधुरा आयोजनाहरुको कार्यान्वयन,

घ) कानूनी राज्यको मान्यता अनुरुप विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत गाउँपालिका बासीलाई अनुभूति हुने सुशासन प्रबर्द्धन,

ङ) संघ, प्रदेश र गाउँपालिका विच समन्वय र सहकार्य मार्फत सन्तुलित विकास,

च) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गरी जग्गाको हक उपलब्ध गराउने,

छ) उपलब्ध स्रोत-साधन, अवसर र जिम्मेवारीको उच्चतम उपयोग गर्न गाउँपालिकामा सहकारी र नीजि क्षेत्रबीच सहकार्य र

ज) गाउँपालिकाका सबै वडाहरुमा संघीय समानुपातिक विकासको अवधारणाको आधारमा बजेट विनियोजन।

**सभाध्यक्ष महोदय,**

१८. अब म चालु आर्थिक वर्षमा यस गाउँपालिकाले सम्पन्न गरेका केही महत्वपूर्ण कार्यहरुको बारेमा जानकारी गराउन चाहान्छु।

## सामाजिक विकास तर्फः

**शिक्षाः**

१९. गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको अवस्थाको अध्ययन गरी गुणस्तरीय शिक्षालाई संस्थागत गर्न विद्यालयहरुको कक्षा कटौती तथा ठूलो विद्यालयको अवधारणलाई पालना गर्न माध्यमिक विद्यालयहरुमा आवाशिय सुविधा सहित अध्यापन गराउने कार्यको सुरुवात भएको छ। यसको पहिलो प्रयासको रुपमा वडा नं. ६ का श्री पाटन आधारभूत विद्यालय, श्री श्री आधारभूत विद्यालय र श्री भूमिशाला आधारभूत विद्यालयहरुको कक्षा ६-८ कटौती गरी प्रभावित भएका विद्यार्थिहरुलाई श्री मस्याम माध्यमिक विद्यालयमा निशुल्क आवाशिय सुविधा सहित अध्यापन गराउने व्यवस्था मिलाइएको छ। यस कार्यबाट माथि प्रस्तुत गरिएका ३ वटा विद्यालयका ४१ जना प्रभावित विद्यार्थीहरुले आवाशिय रुपमा निशुल्क अध्ययन गर्ने अवसर प्राप्त गरेको अवस्था छ।

२०. तिनाउ गाउँपालिकाको शिक्षा सुधारको सम्भाव्यता अध्ययन गरी नेपाल सरकारको विशेष अनुदान मार्फत **तिनाउ गुणस्तरिय शैक्षिक विकास तथा साक्षरता सुधार परियोजना** ३ वर्षमा सम्पन्न गर्ने गरी रु. ४ करोड ९५ लाखको परियोजना स्वीकृत भै आगामी आर्थिक वर्षबाट कार्यान्वयन हुने कार्य सम्पन्न भएको छ।

२१. गाउँपालिका भित्रका विद्यालयहरुमा अध्यापन गराइ रहनु भएका प्रधानाध्यापक तथा शिक्षकहरुको शिकाई क्षमता वृद्धि, शिकाईमा नविन्तम प्रविधिको प्रयोग तथा सकारात्मक परिवर्तनका कार्यक्रमहरु सञ्चालन गरी निजहरुको व्यक्तित्व विकासका कार्यक्रमहरु सम्पन्न गरिएको छ। विद्यालयको अध्यापन प्रणालीलाई सूचना मैत्री बनाउन Smart Classroom को माध्यमबाट अध्यापन गर्न दोभान मा.वि. र तिलोत्तमा मा.वि.मा प्रविधि जडान गर्ने कार्य सम्पन्न भएको छ।

२२. गाउँपालिका भित्रका जोखियुक्त विभिन्न विद्यालयका भवनहरुको संरक्षण तथा सुरक्षाको लागि तारबार गर्ने काम अन्तिम चरणमा रहेको। यस अन्तर्रगत दोभान मा.वि., रुपा प्रा.वि., थानीडाँडा मा.वि. र युवावर्ष मा.वि.मा तारबारको काम भैरहेको आदर्श आवि वडा नं ३ को भवनमा घेराबार गरिएको छ।

२३. बाल शिक्षालाई प्रभावकारी बनाउन बाल कक्षा सुधारको लागि भूईं बसाइको काम पि-फर्म, जुट कार्पेट र गोलो बालमैत्री टेवल ५१ गरी ३६ विद्यालयमा भूइँ बसाइ कार्यक्रम सम्पन्न भएको छ।

२४. सामूदायिक विद्यालयहरुको शैक्षिक वातावरणलाई आकर्षक बनाउन आधुनिक प्रकारका २१३ सेट डेस्क वेन्च खरिद गरी विभिन्न विद्यालयमा वितरण गर्ने कार्य सम्पन्न भएको छ।

२५. संघीय सरकारले कक्षा ५ सम्म मात्र रु. १५ का दरले दिवा खाजा उपलब्ध गराएकोमा। गाउँपालिकाले कक्षा ६ सम्म रु. १८ का दरले दिवा खाजा उपलब्ध गराइएको छ।

**खानेपानीः**

२६. गाउँपालिकाको विशेष अनुदान अन्तर्गत वडा नं ३ मा हात्तीको लिफ्टिङ्ग खानेपानीको निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

२७. वडा नं. ५ को घुघुरा छाप, वडा नं. १ को ताल मुर्तुङ, वडा नं. २ को हरियाली गाउँ, वडा नं. ६ को शिखरडाँडा र वडा नं. १ को चिउरेपानि लिफ्टिङ खानेपानी आयोजनाहरुको निर्माण सम्पन्न भै ५०९ घरधुरीमा एक घर एक धारा सञ्चालन मा रहेको। साथै वडा नं. ६ को वेलडाँडा लिफ्टिङ खानेपानी आयोजनामा विद्युत विस्तारको कार्य भैरहेको छ।

२८. वडा नं. १ को कचल खानेपानी आयोजना को निर्माण सम्पन्न भै २०० घर धुरीमा एक घर एक धारा सञ्चालनमा रहेको।

२९. काभ्राचौर खानेपानी वडा नं ३ मा २० घ.मि. को खानेपानी टंकी निर्माण सम्पन्न भएको छ।

**स्वास्थ्यः**

३०. टाढाका सेवाग्राहीलाई प्रसुती सेवा लिन आउदा हुने असुविधाको अन्त्य गर्न प्रसुति कुरुवा कक्षको स्थापना गरिएको छ।

३१. सडक दुर्घटनामा घाईते भएका तथा प्रसुती सेवा लिन स्वास्थ्य संस्था जादा लाग्ने सम्पूर्ण यातायात खर्च पालिकाबाट उपलब्ध गराउने व्यवस्था गरिएको छ।

३२. बालबालिकाहरुले पाउनुपर्ने नियमित खोप पाई पूर्ण खोपयुक्त गाउँपालिका दिगोपनाको सुनिश्चितता गरिएको छ।

३३. सम्पूर्ण वडाहरुमा मोतिविन्दुको पहिचानको लागि शिविर सञ्चालन गरी पत्ता लागेका मोतिविन्दुका विरामीहरुलाई निशुल्क अप्रेशन शिविर सञ्चालन गरिएको छ। आ.ब २०७९।८०मा ५१ जना, आ ब २०८०।८१ मा ९९ जनाको सफल अप्रेशन गर्ने कार्य सम्पन्न गरिएकोछ।

३४. ६ वटा वडाको ८ स्थानमा ३० वर्ष देखि ४९ वर्ष सम्मका महिलाहरुको पाठेघरको मुखको क्यान्सर पहिचानको लागि भि.आई.ए. जाँच शिविर सञ्चालन गरी ५७८ को जाचँ गर्दा ४० जनामा परिक्षण पोजिटिभ आएको छ।साथै प्रत्येक सोमबार दोभान स्वास्थ्य चौकीमा भि.आई.ए. जाच गर्ने व्यवस्था मिलाईएको छ।

३५. कुपोषणको उपचारको लागि ३ नं वडामा बाह्य उपचार केन्द्रको स्थापना गरी सेवा सुचारु गरिएको छ।

३६. सामुदायिक महिला स्वास्थ्य स्वयमंसेविकालाई प्रोत्साहनका लागि मासिक थप रु १००० यातायात खर्च, उमेर हदका कारण अवकाश हुदा थप रु ८०,००० र अन्य कारणबाट अवकाश हुदा थप रु ४०,००० उपलब्ध गराईएको छ।

३७. ६ वटै वडाका स्वास्थ्य संस्थाबाट स्वास्थ्यको कार्य प्रगतिको अनलाईन रिपोर्टीङ गर्ने व्यवस्था गरिएको छ।

३८. सम्पूर्ण माध्यमिक विद्यालयहरुमा विद्यालय स्वास्थ्य कमिटीको गठन गरी स्वास्थ्य सम्बन्धी सचेतना विद्यालय तहबाट सञ्चालन गरिदै आईएको छ।

३९. किशोरीहरुमा रक्त समुह पहिचान तथा नियमित रक्त अल्पताको परिक्षण गरिएको छ।

४०. गाउँपालिका तथा वडा स्तरमा रक्त समुह निर्माण तथा परिचालन समितीको गठन गरी रक्तदाताहरुको पहिचान र अभिलेखिकरणको सुरुवात गरिएको छ।

४१. गाउँपालिका अन्तर्गत १४ स्थानमा नसर्ने रोगको पहिचान शिविर सञ्चालन गरिएको छ।उच्च रक्तचाप तथा मधुमेह रोगीका लागि थप ८ वटा औषधिको व्यवस्था गरिएको छ।

४२. स्वास्थ्य प्रबर्द्धनमा कसरत गर्ने बानीको विकासको लागि खुल्ला व्यायामशाला निर्माण अन्तिम अवस्थामा पुगेको छ।

४३. गाउँपालिका तथा वडा तह (२ र ३ नं वडा) मा स्तनपान कक्षको स्थापना गरिएको छ।

४४. विषयगत विशेषज्ञ सहितको एकिकृत स्वास्थ्य शिविर सञ्चालन गरिएको छ जसमा ६०० जना भन्दा बढिले सेवा लिनुभएको थियो। घुम्ती प्रयोगशाला सेवा सञ्चालन गरिएको छ। मस्याम स्वास्थ्य चौकीमा प्रसुति सेवाको सुरुवात गरिएको छ।

४५. वडा नं. २ को हरियालीगाउँमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्यको पहुँचमा वृद्धी गरिएको छ।

**बालमैत्री स्थानीय शासनः**

४६. गाउँपालिकाले बालमैत्री स्थानीय शासनको कार्यक्रमलाई प्रभावकारी र समयमै यस गाउँपालिकालाइ बालमैत्री स्थानीय शासन लागु भएको गाउँपालिका घोषणा गर्न बालमैत्री स्थानीय शासनका विभिन्न सुचकहरु पुरा गर्न बालमैत्री सहजकर्ताहरुको नियुक्ती, बालमैत्री स्थानीय शासनको नीतिगत, प्रक्रियागत कार्य कार्यान्वियनका लागि अवलम्बन तथा घोषणा प्रक्रिया सम्बन्धी वडा स्तरीय अभिमुखिकरण सम्पन्न भएको छ।

४७. सबै वडाहरुमा टोल बाल समूह गठन, वडा बाल सञ्जाल गठन, बालबालिकाको अधिकार तथा बाल विवाह विरुद्ध ४ वटा वडाहरुमा प्रचार प्रसार सम्पन्न भएको छ। गाउँपालिकाको विभिन्न वडाहरुमा भएका १६ वटा बालविवाह हरुलाई सचेतनाको माध्यमबाट रोक्ने कार्य समेत सम्पन्न भएको छ।

## आर्थिक विकास तर्फः

**कृषिः**

४८. वडा नं. १ को कचलमा तरकारी क्षेत्रविस्तार कार्यक्रम, ओखलढुङ्गामा तरकारी पकेट निरन्तरता मार्फत ४९ जना कृषकहरुलाई सेवा विस्तार गरिएको छ। गाउँपालिकाको वडा नं. २ को घोडेबासमा ५० प्रतिशत अनुदानमा आलु क्षेत्रविस्तार कार्यक्रम सञ्चालन गरी १६ जना कृषकहरुलाई सेवा प्रदान गरिएको छ, बोटेगाउँमा तरकारी क्षेत्रविस्तार कार्यक्रम सञ्चालन गरिएकोछ। वडा नं. ३ को झुम्सामा च्याउ खेती प्रवर्द्धन कार्यक्रम, वडा नं. ४ को सत्यवतिमा ५० प्रतिशत अनुदानमा धनिया खुर्सानी क्षेत्र विस्तार कार्यक्रम मार्फत ४० जना कृषिकहरुलाई सेवा पुराइएको छ। वडा नं. ५ को कन्यादीमा तरकारी प्रवर्द्धनको कार्यक्रम मार्फत ४३ जना कृषकहरुलाई विभिन्न कृषि कार्यमा सहजिकरण तथा कृर्षी सेवाका कामहरु सम्पन्न गरिएको छ। वडा नं. ६ को तारीडाँडामा ५० प्रतिशत अनुदानमा क्षेत्रविस्तार कार्यक्रम सम्पन्न भएको छ। यसबाट ५६ जना कृषिहरुले लाभ लिन सफल हुनु भएको छ। ।

४९. गाउँपालिकाले मौरी पालनको सम्भावना भएका गाउँपालिकाको वडा नं. ६ को मस्याम र पाटनमा ८५ थाना आधुनिक मौरी घार वितरण गर्ने कार्य सम्पन्न गरेको छ। वडा नं. १ मा गोला सहितको मौरी घार ५० वटा र १६ वटा खाली मौरी घार वितरण गरेको छ। वडा नं. ५ मा गोला सहितको मौरी घार ४२ वटा वितरण गर्ने कार्य समेत सम्पन्न गरेको छ। यी सबै कार्यक्रमहरु ५० प्रतिशत अनुदानमा सम्पन्न गरिएको छ।

५०. गाउँपालिकाको विभिन्न स्थानमा आकस्मिक बाली उपचार शिविर, आई.पी.एम. कृषिक पाठशाला थता किसान सुचिकरणका कार्यक्रमहरु पनि सम्पन्न भएका छन्। किसान सुचिकरण गर्ने कार्यबाट जम्मा ३२५३ जना कृषकहरु सुचिकृत हुन सफल हुनु भएको छ

५१. कृषि प्रविधिलाई आधुनिक तरिकाबाट उत्पादन गर्न गाउँपालिकाका १९४ जना कृषकहरुलाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण गर्ने कार्य सम्पन्न भएको छ।

५२. बुटवल उप-महानगरपालिकासँगको सहकार्यमा बुटवल हाटबजारमा तिनाउ कृषि उपज संकलन तथा बिक्री केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजार सुनिश्चित गर्ने प्रयास गरिएको छ। यसै संकलन केन्द्रमा कृषि उपज लैजाने कृषकहरुलाइ मात्र उत्पादनमा आधारित अनुदान दिने व्यवस्था मिलाइएको छ। यस

केन्द्रलाई सुचना प्रविधि मैत्री बनाउन कृषि व्यवस्थापन सम्बन्धी सफ्टवेयर जडान गर्ने कार्य सम्पन्न भएको छ। यसै सफ्टवेयरको आधारमा उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने तयारी भैरहेको छ।

**पशु सेवाः**

५३. गाउँपालिका भित्रका पशुहरुको निशुल्क उपचार गर्न निशुल्क औषधि उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।

५४. गाउँपालिकाका पशुहरुको बसाइ व्यवस्थापन गर्न गोठ निर्माण, गोठ सुधार, भकारो सुधार र खोर सुधारका कार्यक्रमहरु निरन्तर रुपमा भैरहेका छन। पशुको नश्ल सुधार गर्न उन्नत जातका राँगा तथा बोका वितरण गर्ने कार्य भैरहेको छ।

५५. कृषि तथा पशु उद्यम विकास परियोजना (हेफर सँग साझेदारी) लाई थप प्रभावकारी र व्यवस्थित बनाउन यसको अवस्था अध्ययन सम्पन्न गरी प्रतिवेदन आर्थिक विकास समितिमा छलफलको लागि पठाइएको छ। आर्थिक विकास समितिको सुझावको आधारमा यसलाई नयाँ व्यवस्थापनका साथ सञ्चालन गर्ने कार्य आगामी वर्षमा सुरुवात गरिनेछ।

५६. गाउँपालिकाले पशु सेवाका कामहरु गर्ने लक्ष्य अनुसार ५० प्रतिशन अनुदानमा घाँसको विउ वितरण गर्ने कार्य सम्पन्न गरेको छ। पशुमा लाग्ने रोग नियन्त्रण गर्न गाउँपालिका तथा ३ नं. सेवा कार्यालयबाट निशुल्क औषधि वितरण गरिरहेको छ। गाउँपालिकाको ६ वटै वडामा परजिवी नियन्त्रण सम्मबन्धी शिविर सम्पन्न भएको छ।

५७. पशुमा लाग्ने रोगको संक्रमण नियन्त्रण गर्न लम्की स्कीनको भ्याक्सिन ६०० वटा गाइ, गोरु तथा भैंसीमा लगाइएको छ। यसै गरी खोरेत रोगको भ्याक्सिन ८०० गाई, गोरु तथा भैसिमा लगाइ सम्पन्न गरिएको छ। बाखामा लगाउने पि.पि.आर. भ्याक्सिन ७०० वटा बाखामा लगाइएको छ।

५८. प्रधानमन्त्री रोजगारको कार्यक्रम मार्फत यस गाउँपालिकाले विभिन्न २३ वटा योजनाहरु सम्पन्न गरेको छ। यसमा ६९ जना बेरोजगार व्यक्तिहरुले १०० दिनको रोजगारी प्राप्त गरेका छन। यस कामका लागि आ.व. २०८१/८२ का लागि न्यूनतम रोजगारीमा संलग्न हुने बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संङ्कलन गर्ने कार्य समेत सम्पन्न भएको छ।

**भौतिक पूर्वाधार विकासः**

५९. गाउँपालिकाले चालु आर्थिक वर्षको बजेट हालसम्म कार्यान्वयन गर्दा सडक पूर्वाधार तर्फ पक्की नाली निर्माण २१८० मिटर, कच्ची नाली निर्माण २२४३ मिटर, पक्की सडङ्क निर्माण १०५४ मिटर र जम्मा सडक स्तरउन्नती २८ किलोमिटर सम्पन्न गरेको छ।

६०. गाउँपालिकाले खानेपानीको संरचना निर्माण गर्ने क्रममा एक घर एक धाराको माध्यमबाट जम्मा २६७ घरमा स्वच्छ खानेपानी सुविधा विस्तार गर्न सफल भएको छ। यसैगरी पानी टंकी निर्माण १७ वटा, पाइप खरीद, ११९५० मिटर, खानेपानीका मुहान संरक्षण ३ वटा र खानेपानीको पम्प खरिद गरी ४ ठाउँमा जडान गरी खानेपानीको संरचना निर्माण सम्मपन्न गरेको छ।

६१. गाउँपालिकाले विभिन्न सामुदायिक तथा सार्वजनिक भवन निर्माण गर्ने क्रममा १७ वटा भवनका विभिन्न संरचनाहरुको निर्माण सम्पन्न गरेको छ। मन्दिर निर्माण ४ वटा सम्न्न भएका छन्। चौतारा निर्माण ३ वटाको काम सम्पन्न भएको छ। पार्क निर्माण २ वटा सम्पन्न भएका छन्।

६२. गाउँपालिकाले सार्वजनिक शौचालय निर्माण गर्ने क्रमा ७ वटा स्थानका विभिन्न सार्वजनिक शौचालयहरुको संरचना निर्माण सम्पन्न गरेको छ।

६३. यसैगरी खेलको माध्यमबाट युवाहरुमा सकारात्मक सोंचको विकास तथा तन्दुरुस्त राख्न २ वटा खेलमैदानहरुको निर्माण सम्पन्न गरेको छ।

६४. गाउँपालिकाको विभिन्न स्थानमा आवागमनलाई भूगोल अनुसार सहज बनाउन सिंडीको माध्यमबाट सडक सुधार गर्दै ७० मिटर सिंडी निर्माण गर्ने कार्य सम्पन्न भएको छ।

६५. विभिन्न विद्यालय तथा उपयुक्त सार्वजनिक स्थलहरुमा घेराबार गर्ने कार्य ६०६ मिटर सम्पन्न भएको छ।

६६. सिचाईको उपयुक्त व्यवस्था गरी कृषिलाई सहज तथा उत्पादन क्षमता बढाउन गाउँपालिकाको विभिन्न स्थानमा ४१८४ मिटर पाइप तथा पक्की संरचनाबाट कुलो निर्माण गर्ने कार्य सम्पन्न भएको छ।

६७. गाउँपालिकाको प्रशासनिक भवनको निर्माणको काम करिव अन्तिम चरणमा पुगेको छ।

६८. वडा नं. ४ र ५ को स्वास्थ्य सेवा केन्द्रका भवनहरु निर्माणको काम सम्पन्न भएको छ।

६९. वडा नं. १ को सिद्द आधारभुत विद्यालय र वडा नं. २ को रुपा प्रा.वि. को भवन निर्माणको कार्य सम्पन्न भएको छ।

७०. वडा नं. ६ को देवि प्रा.वि. पुस्तकालय भवन निर्माणको काम सम्पन्न हुने क्रममा रहेको छ ।

७१. दोभान स्वास्थ्य चौकीमा प्रसुती गृह निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

७२. तिलोत्तमा माविमा छात्रबास सञ्चालनको लागि शौचालय र किचनको निर्माण सम्पन्न भएको छ।

७३. गाउँपालिकाको पहुँच मार्ग अन्तर्गत सडक बोर्डसँगको सहकार्यमा गाउँपालिकाको प्रशासनिक भवन नजिक सडक स्तरउन्नती गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।

७४. संघीय समपुरक कार्यक्रम अन्तर्गत नुवाकोट हरियाली गाउँ ज्यामिरे पर्यटनमार्ग स्तरउन्नती गर्ने कार्य रु. १ करोड २२ लाख रकममा ठेक्का मार्फत कार्य सम्पन्न भएको छ।

७५. प्रदेश समपुरक आयोजना अन्तर्गत स्वीकृत वडा नं. १ को कचल झिङ्गामारा ठूलिउदाङ, वडा नं. २ को दोभान झ्याङ्ला बगाहा सडक स्तरउन्नती, वडा नं. ४ को गोरबन्दी सत्यवती लगाड गिजनचौर पर्यटकीय सडक मार्ग स्तरउन्नती, वडा नं. ६ को आँप चौपारी बेलडाँडा चिदिस शिखर डाँडा गुफाचौर सडक स्तर उन्नती गर्ने कार्य सम्पन्न भएको छ। यी प्रत्येक योजनाहरुमा लुम्बिनी प्रदेश सरकारको रु. २५ लाख र गाउँपालिकाको रु. २५ लाख रकम व्यवस्था गरिएको छ।

७६. वडा नं. ५ को चरचरे मरामकोट जन्तेलुङ पर्यटकीय मार्ग स्तरउन्नती गर्ने कार्य करिव ९० प्रतिशत सम्पन्न भएको छ। यस कार्यका लागि रु. ५० लाख रकम गाउँपालिकाबाट विनियोजन भएको थियो।

७७. वडा नं. ३ को भुजेल वस्ती नजिक तिनाउ खोलामा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको छ।

७८. गाउँपालिकाको समन्वयमा लुम्बिनी प्रदेश सरकारको आर्थिक सहायतामा कुर्मान खोलाको काम ८० प्रतिशत सम्पन्न भएकोले चालु आर्थिक वर्षमा नै पुलबाट यातायात सुचारु हुने अवस्था रहेको छ। साथै तिनाउ ४ सत्यवतीको गोबरबन्दी घाटमा करिव ५० प्रतिशत पुल निर्माणको कार्य सम्पन्न भएको छ।

७९. गाउँपालिका भित्र रहेका सडकहरु वर्षातको क्रममा अवरुद्ध भै सडक मार्गबाट आवतजावत सुचारु गराउन करिव ७५ लाख रकम खर्च गरी पहिरो सोरसार गर्ने कार्य सम्पन्न गरिएको छ।

८०. संघीय तथा प्रदेश सरकारहरुमा आयोजना माग गर्न विस्तृत आयोजना प्रतिवेदन आवश्यक पर्ने भएकोले गाउँपालिकाका विभिन्न ५ वटा सडकको ४२ कि.मी. विस्तृत आयोजना प्रतिवेदन तयार गरी आगामी वर्षको बजेटमा संघीय सरकार र प्रदेश सरकारसँग माग गरिएको छ।

८१. वडा नं. ५ केराबारी पाताल सडक स्तरउन्नती गर्ने कार्य सम्पन्न भएको छ, वडा नं. १ को ओर्लाफाङ मुर्थुङ सडक निर्माण गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

८२. गाउँपालिका चुरे क्षेत्रमा रहेको तथा भुगोल ठूलो भएकोले वर्षातको समयमा आइपर्ने विपद् जन्य घटना कम गर्ने तथा सडक यातायातलाई सधै सहज बनाउन ब्याकहो लोडर खरिद गर्ने कार्य सम्पन्न भएको।

**संस्थागत विकास तथा सुशासनः**

८३. गाउँपालिकाले कर्मचारी पदपूर्तिको लागि प्रदेश लोकसेवामा माग पठाउने तथा नियमित प्रशासनिक कार्यहरु समयमै सम्पन्न गर्ने काम पनि निरन्तर रुपमा सम्पादन गरेको छ।

८४. गाउँपालिकालाई पूर्ण प्रविधि मैत्री बनाउन योजना व्यवस्थापन सफ्टवेयर जडान गरी कार्यान्वयनमा ल्याइएको छ। जसबाट हालसम्म चालु आर्थिक वर्षमा जम्मा २०३ वटा योजनाहरुको सम्झौता भएको छ भने तीमध्ये १६३ वटा योजनाहरु सम्पन्न भएका छन्। राजस्व सुत्र प्रणालीबाट संकलन भएको छ।

८५. गाउँपालिकालाई सूचना प्रविधिको माध्यमबाट सञ्चालन गर्न सफ्टवयर राख्ने कार्यको सुरुवात भएको छ।

८६. गाउँपालिकाका सबै विद्यालय तथा वडा कार्यालयहरुका इन्टरनेटको व्यवस्था मिलाइएको छ।

८७. गाउँपालिकाको कार्यसम्पादनलाइ सुचना प्रविधिमा आधारीत भइ संचालन गर्न इ अफिस को सफ्ट्वयर जडान गरीएको छ र गाउँपालिकाको समग्र अवस्थाको अध्ययन गरी विद्युतीय गाउँवस्तुस्थिती विवरण (भिलेज प्रोफाइल) तयार गर्ने कामको सुरुवात गरीएको छ।

**वन, वातावरण र विपद् व्यवस्थापनः**

८८. सामुदायिक वन समन्वय समितिसँग सहकार्य गरी सामूदायिक वन उपभोक्ता समितिका पदाधिकारीलाई क्षमता विकास कार्यक्रम सम्पन्न भएका छन्। सामुदायिक वन उपभोक्ता महासंघसँग सहकार्य गरी सामूदायिक वन उपभोक्ता वन समितिका पदाधिकारीलाई लेखा प्रणाली व्यवस्थापन तालिम सञ्चालन भएको छ।

८९. तिनाउ गाँउपालिका, बुटवल उपमहानगरपालिका र सामुदायिक वन समन्वय समितसँग सहकार्य गरी तिनाउ जलाधार संरक्षण कार्यक्रमहरु सञ्चालन सम्पन्न भएको छ।

९०. विपद् व्यवस्थापन कोष स्थापना गरी वर्षातको क्रममा क्षेती भएको घर तथा जग्गाको क्षेती पूर्ति २० जना नागरिकहरुलाई उपलब्ध गराइएको।

९१. वृक्षारोपणयोग्य सार्वजनिक जग्गा पहिचान कार्य सम्पन्न भएको छ। निजी जग्गामा वन विकास कार्यक्रम सञ्चालन भएको छ।

९२. समृद्धिका लागि वन परियोजना अन्तर्गत लैङ्गिक समानता तथा वातावरणीय सुरक्षा सम्वन्धि क्षमता विकास तालिम सम्पन्न भएको छ।

९३. राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँग साझेदारीमा भू-संरक्षण कार्यक्रम जस्तै नदी किनारमा तटबन्ध निर्माण भएको छ।

९४. मेरो २ वर्षको कार्यकालमा योजनाहरु कार्यान्वयन गर्दा र अन्य गाउँपालिकाका कार्यहरु सम्पादन गर्दा तपशिल अनुसारका मुख्य समस्या तथा चुनौतीहरुको महशुस गरेको छु।

क) समयमा उपभोक्ता समिति गठन हुन नसकेकोले योजना सम्झौता तथा कार्यान्वयनमा ढिलाई हुने गरेको।

ख) अपेक्षाकृत आन्तरिक कर उठाउन सकिएको छैन। चुन ढुङ्गा खानीहरुबाट समयमा वातावरण तथा विकास शुल्क प्राप्त गर्न नसकिएको। संघीय तथा प्रदेश सरकारहरुले उपलब्ध गराउनु पर्ने रकम समयमा उपलब्ध नगराउँदा योजना तथा कार्यक्रमहरुको भुक्तानीमा समस्या देखिएको छ।

ग) विकासका साझेदार स्थानीय जनसमुदायबाट प्रयाप्त जनश्रमदान जुटाउन सकिएको छैन। जसले गर्दा गाउँपालिकाको बजेट मै निर्भर हुनु परेको र उपभोक्ताले अपनत्व ग्रहण गर्न नसकेको अवस्था श्रृजना भएको छ।

घ) कतिपय योजनाहरु अधुरा अवस्थामा रही रहेका छन्। ती योजनाहरुलाई पुरा गर्न पर्याप्त बजेट रकम विनियोजन गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

ङ) गाउँपालिकाको अधिकाँश भाग चुरे क्षेत्रमा पर्ने भएको हुनाले थोरै बजेटले विकास निर्माणलाई दिगो बनाउन निकै कठिनाई रहेको।

च) साना तथा टुक्रे योजनाहरु धेरै तर्जुमा भएकोले सिघ्र कार्यान्वयन गर्न कठिनाई भएको।

छ) संघीयता कार्यान्वयनको शिलशिलामा पूर्ण अभ्यस्त नभईसकेको अवस्था हुनाले स्थानीय तहको नितिगत निर्णय र कर्मचारीहरुको कार्य सम्पादनको क्षमता जति उच्च हुनुपर्ने हो सो हुन नसकेको।

९५. अब म सामाजिक विकास तर्फका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु।

## सामाजिक विकास

### शिक्षा

९६. आगामी आर्थिक वर्षमा शिक्षा तर्फ व्यापक सुधार गर्ने अपेक्षा सहित गाउँपालिकाका सबै सामूदायिक विद्यालयहरुको विद्यमान अवस्था र यसमा गर्न सकिने सुधारको अध्ययन गरी संघीय सरकारमा विशेष अनुदान माग गरिएको थियो। हाम्रो मागको सम्बोधन गर्दै संघीय सरकारले आगामी ३ वर्षमा आयोजना सम्पन्न हुने गरी रु. ४ करोड ९५ लाखको **तिनाउ गुणस्तरिय शैक्षिक विकास तथा साक्षरता सुधार परियोजना** स्वीकृत भै यस वर्ष रु. ५० लाख रकम स्वीकृत भएको छ। उक्त रकम तिनाउको विभिन्न शैक्षिक क्रियाकलापहरु सुधारको लागि खर्च गर्न **रु. ५० लाख** विनियोजन गरेको छु।

९७. तिनाउ गाउँपालिकाको भूगोलको अवस्था तथा विद्यालयहरुमा भर्ना हुने विद्यार्थीहरुको संख्याको आधारमा विषयगत शिक्षकहरुको व्यवस्थापन गरी शैक्षिक गुणस्तर सुधार गर्ने प्रयास स्वरुप चालु आर्थिक वर्षबाट विद्यालय थोरै विद्यार्थी धेरै भएको अवधारणा अपनाउन चालु आर्थिक वर्षबाट गाउँपालिकाको वडा नं. ६ मा रहेको श्री पाटन आधारभूत विद्यालय, श्री आधारभूत विद्यालय र वडा नं. ५ को श्री भूमिशाला आधारभूत विद्यालयको कक्षा कटौती गरी श्री मस्याम माध्यमिक विद्यालयमा छात्रावास स्थापना गरी प्रभावित विद्यार्थीहरुलाई निशुल्क रुपमा अध्यापन गराउने व्यवस्था मिलाइएको छ।एसइइ तयारीको समयमा छात्राबासमा बस्ने र कक्षा कटौतिबाट प्रभावित विद्यार्थीहरुलाई निशुल्क र अनिवार्य शिक्षा उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु। यस कार्यका लागि **रु.** ८० लाख विनियोजन गरेको छु।

९८. गाउँपालिकाको विभिन्न विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास केन्द्रका शिक्षिकाहरु तथा कर्मचारीहरुलाई नेपाल सरकारले उपलब्ध गराउने रकममा बाँकी रकम थप गरी बालविकास केन्द्रका शिक्षिका तथा

कर्मचारीहरुको लागि पारिश्रमिक तथा प्रशासनिक खर्च व्यवस्थापन गर्न रु. ८५ लाख रकम विनियोजन गरेको छु।

९९. तिनाउ गाउँपालिकाको शैक्षिक उपलब्धिलाई दिगो तथा गुणस्तरिय बनाउन बालविकास र कर्मचारीको लागी शैक्षिक तालिम रु. ३ लाख, शिक्षा समिति, प्रधानाध्यापक र विषयगत समितिको बैठक सञ्चालनको लागी रु. ४ लाख, विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालनको लागी रु. २ लाख, परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागी रु. ५ लाख ५० हजार, शैक्षिक क्यालेण्डर तथा शैक्षिक बुलेटीन निर्माण तथा छपाइको लागी रु. १ लाख ५० हजार, प्रश्नपत्र निर्माण, सिकाइ उपलब्धि विश्लेषण तथा चौमासिक समिक्षाको लागी रु. १ लाख ५० हजार, अङ्ग्रेजी माध्यम सञ्चालनको लागी सन्दर्भ सामाग्री अनुदानको लागी रु. ३ लाख, असहाय एवम् विपन्न वर्गका विद्यार्थीको शैक्षिक सहायताको लागी रु. ३ लाख, विद्यालय अनुगमन तथा व्यवस्थापनको लागी रु. २ लाख, विद्यालय बागवानी कार्यक्रमको लागी रु. ५० हजार र स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाइको लागी रु. ४ लाख गरी जम्मा रु. **३० लाख** विनियोजन गरेको छु।

१००. तिनाउ गाउँपालिकाको वडा न २ को शिशुज्योति प्रा वि शौचालय निर्माण गर्न रु. १ लाख, वडा न ४ को पृथ्वीप्रकाश मा वि को खानेपानी व्यवस्थापन गर्न रु. ५ लाख, वडा न ५ को वुद्दविकास मा वि मा खानेपानी व्यवस्थापन गर्न रु. १ लाख, वडा न ६ को जनदीप मा. वि. घेरावार तथा गेट निर्माण गर्न रु. ५ लाख र सोहि वडाको ज्योति प्रा वि दिवाखाजा कोठा निर्माण गर्न रु. १ लाख गरी जम्मा रु. १३ लाख विद्यालयका विभिन्न संरचनाहरु निर्माण गर्न विनियोजन गरेको छु।

१०१. बार्षिक रुपमा स्थानीय तहहरुमा संचालन हुदै आएको राष्ट्रपति रनिङ्ग सिल्ड खेलकुद प्रतियोगितालाइ गाउँपालिकाले गाउँपालिकाभित्रका सामुदायिक विद्यालयका विद्यार्थीहरुलाइ सहभागी गराइ खेलकुद प्रतियोगिता संचालन गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागी सङ्घीय सरकारबाट प्राप्त हुने रु. १ लाख मा गाउँपालिकाको तर्फबाट रु. ५ लाख थप गरी जम्मा रु. ६ लाख रकम विनियोजन गरी राष्ट्रपति रनिङ्ग सिल्ड खेलकुद प्रतियोगिता सम्पन्न गर्ने व्यवस्था मिलाएको छु।

१०२. गाउँपालिकालाइ तोकीएकै समयभित्र बालमैत्री स्थानीय शासन लागु भएको गाउँपालिका घोषणा गर्न आवश्यक पर्ने सुचकहरुमा काम गर्न आवश्यक रकम विनियोजन गरेको छु। यसका लागी रु. ४० लाख रकम विनियोजन गरेको छु।

१०३. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययन गरीरहेका जेहेन्दार विद्यार्थीहरुलाइ र एसइइ मा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीहरुले एमबिबिएस, बनविज्ञान, र कृषि बिज्ञानमा उच्च शिक्षा अध्ययन गर्न चाहेमा छात्राबृत्ति उपलब्ध गराउने व्यवस्था मिलाएको छु। यसका लागी रु. १० लाख रकम विनियोजन गरेको छु।

१०४. यसरी शिक्षा तर्फ रु. ३ करोड १४ लाख रकम विनियोजन गरेको छु।

**स्वास्थ्य**

१०५. गाउँपालिकाका जनताहरुलाई आफ्नो स्वास्थ्यको चासो राख्न तथा समयसमयमा स्वास्थ्य उपचार गर्ने परिपाटीको विकास गर्ने वातावरण सिर्जना गर्ने गाउँपालिकाका विभिन्न स्थानहरुमा स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाइएको छु। यस कार्यका लागि रु. २ लाख रकम विनियोजन गरेको छु।

१०६. युवा तथा किशोर किशोरीलाई लागू औषध दुर्व्यसनीको कुलतबाट टाढा राख्न विभिन्न प्रकारका प्रशिक्षण तथा जनचेतनामुलक कार्यक्रम प्रहरी संगको साझेदारीमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छु। यस कार्यका लागि रु. २ लाख रकम विनियोजन गरेको छु।

१०७. तिनाउ गाउँपालिका वडा नं. २ को स्वास्थ्य क्षेत्र तर्फ सामुदायिक स्वास्थ्य इकाइ भवन हरीयाली गाउ मर्मतको लागी रु. ३ लाख र सामुदायिक स्वास्थ्य इकाइ भवन नुवाकोट मर्मतको लागी रु. १ लाख गरी जम्मा रु. ४ लाख रकम विनियोजन गरेको छु।

१०८. गाउँपालिकाबाट निशुल्क वितरण गरिने विभिन्न प्रकारका औषधीहरु खरिद गरी गाउँपालिकाको विभिन्न स्वास्थ्य संस्थाहरुमा उपचारका लागि आउने विरामीहरुलाई वितरण गर्ने औषधी खरिद गर्ने व्यवस्था मिलाइएको छु। सशर्तबाट प्राप्त हुने अनुदानबाट औषधी खरिद गर्न अपुग हुने औषधि व्यवस्था गर्ने व्यसव्था समेत मिलाएको छु। यस कार्यका लागि रु.३ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१०९. सामूदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको कार्यसम्पादनको उच्च सम्मान गर्दै गाउँपालिकाबाट बिदाइ हुने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाइ गर्ने व्यवस्था मिलाइएको छु, सामूदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको कार्यलाई थप प्रभावकारी बनाउने सबै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उपलब्ध गराउँदै आएको खाजा खर्चलाई निरन्तरता दिएको छु। यसरी सामूदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई अन्य विविध सेवा सुविधाहरु थप गर्ने विषयमा आगामी वर्षहरुमा अन्य कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था समेत मिलाउन पहल गरिने कुरा समेत अवगत गराउँदछु।

११०. प्रसुति, सडक दुर्घटनामा यातायात सहायता तथा प्रोटोकल अनुसार गर्भजाच प्रोत्साहनका लागी अण्डा वितरण कार्यक्रमको लागी रु. ५ लाख ५० हजार, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालनका लागी रु. १ लाख ५० हजार, स्वस्थ तिनाउ अभियान, सचेतना, घरदैलो नसर्ने रोग स्क्रिनिङ् लगायतको कार्यक्रमको लागी रु. २ लाख २१ हजार, पुर्ण सस्थागत प्रसुति सेवायुक्त पालिका घोषणा अभियान कार्यक्रम संचालनका लागी रु. २ लाख ५० हजार, ल्यापटप खरिद तथा स्वास्थ्य संस्थाको न्युनतम सेवा सुदृढिकरण कार्यक्रमको लागी रु. ७ लाख, प्राथमिक उपचार तालिम तथा सामाग्री हस्तान्तरणका लागी रु. २ लाख, एच.एम. आइएस फर्म, फरमेट छपाइका लागी रु. ९० हजार, गाउघर, पोषण तथा खोप क्लिनिक यातायात खर्चका लागी रु. १ लाख ३९ हजार र रक्तदान प्रवर्दन कार्यक्रमका लागी रु. ५० हजार गरी जम्मा रु. २३ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१११. गाउँपालिकाभित्र हुने दुर्घटना तथा कडा रोग लागेका विरामीहरुलाइ आवश्यक पर्ने भरपर्दो ब्यवस्था मिलाउन नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखालाइ रक्तसंचार सेवा संचालन अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु। यसका लागी रु. ५ लाख रकम विनियोजन गरेको छु।

११२. गाउँपालिका भित्र रहेको आँखा उपचार केन्द्रलाइ व्यवस्थित र प्रभावकारी बनाउनका लागी संचालन अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु। यसको लागी रु. ७ लाख रकम विनियोजन गरेको छु।

११३. बैकल्पिक चिकित्सा पद्दती मार्फत स्वास्थ्य सेवालाइ प्रभावकारी बनाउन आयूर्वेद सेवा संचालन कार्यक्रम राखेको छु। यसका लागी रु. २ लाख रकम विनियोजन गरेको छु।

११४. गाउँपालिकाभित्र मनोरोगको कारण समुदायमा व्यापक नकारात्मक असर पर्दै गएकोले मनोसामाजिक परामर्श मार्फत समाज परिवर्तन गराउन आवश्यक रकम विनियोजन गरेको छु। यसका लागी रु. २ लाख ५० हजार रकम विनियोजन गरेको छु।

११५. यसरी स्वास्थ्य क्षेत्रको लागि कुल रु. ५७ लाख ५० हजार रकम विनियोजन गरेको छु।

**सभाअध्यक्ष महोदय,**

११६. अब म खानेपानी तथा सरसफाई तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु।

## खानेपानी तथा सरसफाई

११७. गाउँपालिकाको वडा नं. १ मा खानेपानी तथा सरसफाइ अन्तर्गत ठुलिउदाङ् खानेपानी आयोजना मर्मतका लागि रु. १ लाख, पुरुवा खानेपानी मर्मतका लागि रु. १ लाख, सापकोटा खानेपानी आयोजनाका लागी रु. ५०, सानी उदाङ खानेपानी निर्माण गर्न ५ लाख गरी जम्मा रु. ७ लाख ५० हजार रकम विनियोजन गरेको छु।

११८. गाउँपालिकाको वडा नं. २ मा खानेपानी तथा सरसफाइ अन्तर्गत कुसुमडाडा जबुने खानेपानी आयोजनाका लागी रु. २ लाख, गणेशटोल खानेपानी मुल संरक्षणका लागि रु. १ लाख, देउले खानेपानी आयोजनाका लागी रु. १ लाख र पाखापानी मुल संरक्षणका लागी रु. १ लाख गरी जम्मा रु. ५ लाख रकम विनियोजन गरेको छु।

११९. गाउँपालिकाको वडा नं. ३ मा खानेपानी तथा सरसफाइ अन्तर्गत रु ५ लाख र फिरफिरे खानेपानीको लागी रु ३ लाख गरी जम्मा रु ८ लाख रकम विनियोजन गरेको छु।

१२०. गाउँपालिकाको वडा नं. ४ मा खानेपानी तथा सरसफाइ अन्तर्गत रु. ६ लाख र पृथ्वीप्रकाश मा वि खानेपानी व्यवस्थापनका लागी रु. ५ लाख गरी जम्मा रु. ११ लाख रकम विनियोजन गरेको छु।

१२१. गाउँपालिकाको वडा नं. ५ मा खानेपानी तथा सरसफाइ अन्तर्गत बुद्धविकास मा वि खानेपानी व्यवस्थापनका लागी रु. १ लाख, डाडाटोल खानेपानी ब्यवस्थापनका लागी रु. १ लाख, हिउदेखोला खानेपानी व्यवस्थापनका लागी रु. २ लाख, पातल खानेपानी व्यवस्थापनका लागी रु. २ लाख, चरचरे खानेपानी ब्यवस्थापनका लागी रु. ५० हजार, चौविसमाइल खानेपानी व्यवस्थापनका लागी रु. २ लाख, गिट्टीखानी खानेपानी ब्यबस्थापनका लागी रु. २ लाख र लिम्दी खानेपानी आयोजनाको लागी रु. १ लाख गरी जम्मा रु. ११ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१२२. गाउँपालिकाको वडा नं. ६ मा खानेपानी तथा सरसफाइ अन्तर्गत पाटन लिफ्टिङ खानेपानी आयोजना टंकी निर्माणका लागी रु. ५ लाख रकम विनियोजन गरेको छु।

१२३. गाउँपालिकाको विभिन्न स्थानमा सरसफाईका विभिन्न संरचना निर्माण गर्ने कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु। यस कार्यका लागि गाउँपालिका अन्तर्गत खानेपानी तथा सरसफाइ कार्यक्रमको लागी रु. ४ लाख र खानेपानी मर्मत सम्बन्धी तालिमको लागी रु. ६ लाख गरी जम्मा रु. १० लाख रकम विनियोजन गरेको छु।

१२४. यसरी खानेपानी तथा सरसफाई तर्फ रु. ५८ लाख  रकम विनियोजन गरेको छु।

### संस्कृति प्रवर्द्धन

१२५. तिनाउ गाउँपालिकाको ऐतिहासिक महत्वको रुपमा रहेको नुवाकोट क्षेत्रमा बुटवल उपमहानगरपालिका संग समपुरक अनुदानमा काम गर्ने गरी निशान भगवतिको मन्दिर निर्माण गर्ने व्यवस्था मिलाएको छु। यस कार्यको लागी बुटवल उपमहानगरपालिका बाट रु. १० लाख र गाउँपालिकाबाट रु. १० लाख २० हजार गरी जम्मा रु. २० लाख २० हजार रकम विनियोजन गरेको छु।

१२६. वडा न ५ को केराबारी मन्दिर संरक्षण गर्न रु. ५० हजार र सोहि वडाकै चरचरे दुर्गामन्दिर पुर्वाधार निर्माण गर्न रु. २ लाख ५० हजार गरी जम्मा रु. ३ लाख रकम विनियोजन गरेको छु।

१२७. यसरी संस्कृति प्रवर्द्धन तर्फ जम्मा रु. २३ लाख २० हजार रकम विनियोजन गरेको छु।

**खेलकुद तथा मनोरञ्जन**

१२८. खेलकुदका विभिन्न कार्यक्रमबाट गाउँपालिका बासीलाई स्वस्थ र तन्दुरुस्त राख्न खेलकुदका कार्यक्रमहरुलाइ निरन्तरता दिएको छु। यस कार्यका लागि खेलकुद प्रवर्दन कार्यक्रम मार्फत रु. ७ लाख रकम विनियोजन गरेको छु।

१२९. तिनाउ गाउँपालिका वडा नं. १ मा आरखुदि खेलमैदान निर्माण गर्न रु. २ लाख, कुडापानी खेलमैदान निर्माण गर्न रु. १ लाख, ताल खेलमैदान निर्माण गर्न रु. २ लाख, बुढीकोट खेलमैदान निर्माण गर्न रु. १ लाख ५० हजार गरी वडा न १ को खेल संरचना निर्माणको लागी जम्मा रु. ६ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१३०. तिनाउ गाउँपालिका वडा नं. २ को झ्याङ्गला खेलमैदान तारबार गर्न रु. १ लाख र माराबास खेलमैदान तारबार गर्ने कार्यका लागी रु. १ लाख गरी जम्मा रु. २ लाख खेलमैदान मर्मत तथा सुधार गर्न रकम विनियोजन गरेको छु।

१३१. तिनाउ गाउँपालिका वडा नं. ४ को सत्यवति माथिल्लो टोल मा रहेको खेलमैदान स्तरउन्नति गरी खेलकुदका कार्यक्रम संचालन गर्न रु. ५ लाख रकम विनियोजन गरेको छु।

१३२. तिनाउ गाउँपालिका वडा नं. ५ को मरामकोट खेलमैदान निर्माणका लागी रु. ३ लाख, यसैगरी सोही वडाको घुघुराछाप खेलमैदान निर्माण गर्न रु. २ लाख गरी वडा न ५ का खेलमैदानहरु निर्माण गर्न जम्मा रु. ५ लाख रकम विनियोजन गरेको ।

१३३. तिनाउ गाउँपालिका वडा नं. ६ मा खेलकुदका विभिन्न कार्यक्रम गरी खेलाडी उत्पादन तथा पहिचान गर्न रु. १ लाख रकम विनियोजन गरेको छु।

१३४. गाउँपालिकामा रहेका खेलाडीहरुलाई खेल प्रति जागरुक गराउन तथा खेलमा दक्ष बनाउन अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइको छु। यस कार्यक्रमको लागि रु. ७ लाख रकम विनयोजन गरेकोछु।

१३५. यसरी खेलकुद तथा मनोरञ्जन तर्फ कुल रु. ३३ लाख ५० हजार रकम विनियोजन गरेको छु।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**सभाका सभाध्यक्ष महोदय,**

१३६. अब म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत रकम विनियोजन गर्न चाहान्छु।

१३७. गाउँपालिकाका महिलाहरुलाइ विभिन्न कार्यक्रम मार्फत सशक्तिकरण गरी समाजमा उल्लेखनीय प्रभाव फैल्याउन सक्ने बनाउन महिला लक्षित कार्यक्रमको लागी रु. ५ लाख, एकल महिला लक्षित कार्यक्रमको लागी रु. ३ लाख गरी जम्मा रु. ८ लाख रकम विनियोजन गरेको छु।

१३८. अपाङ्गहरुलाइ लक्षित गरी अपाङ्गमैत्री कार्यक्रम संचालन गर्न रु. ३ लाख रकम विनियोजन गरेको छु।

१३९. जेष्ठ नागरीकहरुको सम्मान तथा उहाँहरुलाइ गाउँपालिकाप्रतिको माया तथा सद्भाव जगाउन जेष्ठ नागरीकहरुले चाहे अनुसारको कार्यक्रम संचालन गर्ने गरी रु. ३ लाख रकम विनियोजन गरेको छ।

१४०. दलित वर्गको उत्थान तथा निजहरुको ब्यवसायमा टेवा पुर्याउने कार्यक्रमहरु संचालन गरी दलितहरुलाइ गाउँपालिकाप्रति अपनत्वको भावना विकास गर्न दलित लक्षित कार्यक्रम गर्ने व्यवस्था मिलाएको छ। यसका लागी रु. ५ लाख रकम विनियोजन गरेको छ।

१४१. यस गाउँपालिकामा भएका विभिन्न प्रकारका जनजातिहरुको विकास तथा संरक्षण गर्न आवश्यक देखी उनीहरुले संचालन गर्ने कार्यक्रमहरुको लागी रु. ५ लाख रकम विनियोजन गरेको छ।

१४२. युवाहरुको जोस र जाँगरलाइ गाउँपालिकाको विकासमा लगाइ गाउँपालिकालाइ युवामैत्री गाउँपालिकाको भावना जगाउन युवा लक्षित कार्यक्रम रु. ३ लाख मा सम्पन्न गर्ने गरी रकम विनियोजन गरेको छ।

१४३. यसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ जम्मा रु. २७ लाख रकम विनियोजन गरेको छ।

१४४. यसरी सम्पूर्ण सामाजिक विकास क्षेत्रको लागि जम्मा रु.५ करोड ८ लाख २० हजार रकम विनियोजन गरेको छ।

**सभाअध्यक्ष महोदय,**

१४५. अव म आर्थिक विकास तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु।

१४६. तिनाउका युवाहरुलाई विभिन्न प्रकारका इलमहरु गरी गाउँपालिका भित्र रोजगारी सिर्जना गर्न प्रोत्साहन गर्ने व्यवस्था अध्यक्षसँग युवा इलम कार्यक्रम मार्फत मिलाइएको छ। यस कार्यक्रममा आफ्नो व्यवसायलाई विस्तार र प्रविधि मैत्री बनाउन चाहाने युवाहरुलाई गाउँपालिकासँग आवद्ध गराउन रु. १० लाख रकम विनियोजन गरेको छ।

**कृषि तथा पशु क्षेत्रका कार्यक्रमहरु**

१४७. कृषि तथा पशु क्षेत्रका कार्यक्रमबाट गाउँपालिकालाई आर्थिक समृद्धिको बाटोमा अँगाडी बढाउन गाउँपालिकाको वडा नं. ३ मा ५० प्रतिशत अनुदानमा तरकारी खेति प्रबर्दन गर्न रु. ७ लाख रकम विनियोजन गरेको छ।

१४८. वडा न ६ मा ५० प्रतिशत अनुदानमै तरकारी प्रबर्दन कार्यक्रम गर्न रु. ४ लाख ७५ हजार रकम विनियोजन गरेको छ।

१४९. कृषिको उत्पादनमा मेशिनरी औजारहरुको प्रयोग गरी उत्पादनलाई वृद्धि गर्न कृषिका विभिन्न औजारहरु खरिद गरी वितरण गर्ने व्यवस्था मिलाइएको छ। यस कार्यका लागि वडा न १ मा ५० प्रतिशत अनुदानमा मिनिटिलर वितरण गर्न रु. १० लाख, वडा न ३ मा ५० प्रतिशत अनुदानमा कृषि सामाग्री वितरण गर्न रु. ४ लाख वडा न ४ मा कृषि औजार तथा उपकरण वितरण, विउविजन वितरण, प्लाष्टिक पोखरी निर्माण र गोठ सुधार गर्न आवश्यक पर्ने रु. ७ लाख, वडा न ५ मा कृषि औजार उपकरण वितरण र विउविजन वितरण गर्न रु. ३ लाख, वडा न  ६ मा साना उद्योग कुटानी पिसानी मिल वितरण गर्न रु. १ लाख र मिनिटिलर खरिदको लागी गाउँपालिकाबाट रु. २० लाख गरी जम्मा रु. ४५ लाख रकम विनियोजन गरेको छ।

१५०. कृषिको क्षेत्रमा कृषकको रोजाइ वृद्धि गर्न कृषकहरुलाई तिनाउ गाउँपालिकाले बुटवल बजारमा स्थापना गरेको कृषि उपज संकलन तथा विक्री केन्द्रमा आफ्नो उत्पादन लैजाने कृषकहरुलाइ मात्र उत्पादनमा

आधारीत अनुदान (कृषि,पशु र दुध) उपलब्ध गराउने व्यवस्था मिलाएको छु। यस कार्यका लागी रु. १५ लाख रकम विनियोजन गरेको छु।

१५१. व्यवसायिक रुपमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्ने कृषकहरुलाई वित्तीय संस्थाहरुसँगको सहकार्यमा ऋण परिचालन गरी आफ्नो कृषि तथा पशुपालन व्यवसाय गर्ने कृषकहरुलाइ प्रोत्साहन गर्न व्याजमा अनुदान दिने व्यवस्था मिलाएको छु। यस कार्यको लागी रु. ५ लाख रुपैया विनियोजन गरेको छु।

१५२. गाउँपालिकाभित्र उत्पादन हुने दुध तथा दुधजन्य पदार्थको उपयोग तथा व्यापार बृद्धि गर्न गाउँपालिका भित्र उत्पादित दुधलाई प्रयोग गरी दुधका परिकारहरु निर्माण गर्ने कार्यलाई प्रोत्साहन गर्न रु. ५ लाख रकम विनियोजन गरेको छु।

१५३. यसरी कृषि तथा पशु क्षेत्र तर्फ रु. ८१ लाख ७५ हजार रकम विनियोजन गरेको छु।

### पर्यटन विकास कार्यक्रम

१५४. गाउँपालिकाभित्र रहेका धार्मिक तथा पुरातात्विक सम्पदाहरुको पहिचान सहित गाउँपालिकाभित्र रहेको कृषि तथा पशु क्षेत्रको उत्पादनलाइ प्रयोग गरी समुदायमा आधारीत (होमस्टे प्रवर्द्धन) आयोजना गाउँपालिकाको वडा न ४ को सत्यवति, वडा न ५ को मरामकोट र वडा न ६ को जन्तिलुङ्गमा संचालन गर्ने व्यवस्था मिलाएको छु। पर्यटन विकासलाइ व्यवस्थित र आकर्षक बनाउन लुम्बिनी प्रदेश सरकारसंगको साझेदारीमा मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम संचालन गर्न लुम्बिनी प्रदेश सरकारको ९९ लाख ४० हजार तिनाउ गाउँपालिकाको २२ लाख ६० हजार र स्थानीय जनसमुदायको ४२ लाख ५० हजार लागत साझेदारी गरी जम्मा रु. १ करोड ८४ लाख ५० हजार बराबरको आयोजना सम्झौता गरी समुदायमा आधारीत कृषि पर्यटन होमस्टे प्रबर्दन गर्ने व्यवस्था मिलाइएको छु।

१५५. गाउँपालिकाभित्र रहेका विभिन्न पर्यटकीय स्थलहरुको सम्भाव्यता अध्ययन गरी पर्यटन क्षेत्रको विकास गर्न पर्यटन प्रवर्दन सम्बन्धी कार्यक्रम गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागी आवश्यक रकम रु. १० लाख विनियोजन गरेको छु।

१५६. यसरी पर्यटन विकासमा चालु आ.व. मा जम्मा रु. १ करोड ९५ लाख ५० हजार को कार्यक्रम गर्ने प्रस्ताव गरेको छु।

### सहकारी

१५७. गाउँपालिका भित्र रहेका सहकारीहरुको क्षमता विकास तथा सहकारीहरुलाई आवश्यक पर्ने विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गर्ने आवश्यक व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु।

### उद्योग तथा व्यापार

१५८. गाउँपालिका भित्र विभिन्न क्षेत्रमा उद्यम संचालन गरी उत्कृष्ट नतिजा देखाउने उद्यमीहरुलाइ सम्मान गर्न उत्कृष्ट उद्यमी सम्मान कार्यक्रम राखेको छु। यस कार्यक्रमको लागी रु. २ लाख रकम विनियोजन गरेको छु।

१५९. मस्यामका उद्यमी महिलाहरुले आफुले सिकेको सिपलाइ उद्यमशिलतामा परिणत गर्न सफल भइ केही आशालाग्दो काम देखाउन सफल भएकोले मस्याम उद्यमी महिला समुहलाइ ५० प्रतिशत अनुदानमा प्रविधि सहयोग गर्ने कार्यक्रम राखेको छु। यसको लागी रु. १ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१६०. यसरी सम्पूर्ण आर्थिक विकास क्षेत्रको लागि जम्मा रु.२ करोड ९५ लाख ७५ हजार रकम विनियोजन गरेको छु। यसमा समुदायमा आधारीत कृषि पर्यटन होमस्टे प्रवर्दन मा प्रदेश सरकारले व्यहोर्ने रु ९९ लाख ४० हजार गाउँपालिकाको बजेटमा समाबेश गरेको छैन।

**सभाअध्यक्ष महोदय,**

१६१. अव म पूर्वाधार विकास तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु।

## भौतिक पूर्वाधार विकास

### स्थानीय सडक तथा पुल

१६२. आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेश सरकारसँगको समपुरक अनुदानमा योजना कार्यान्वयन गर्ने गरी रकम विनियोजन गरेको छु। यस अन्तर्गत वडा नं. १ को ओखलढुङ्गा बुढीकोट ठाडे रितुङ्ग सडक स्तरउन्नती गर्न प्रदेश सरकारको रु. ३५ लाख र तिनाउ गाउँपालिकाको रु. ३५ लाख ४० हजार गरी जम्मा रु. ७० लाख ४० हजार रकम विनियोजन गरेको छु।

१६३. आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेश सरकारसँगको समपुरक अनुदानमा योजना कार्यान्वयन गर्ने गरी वडा नं. ६ को डुम्रे मस्याम पुग्दी सडक स्तरउन्नती गर्न प्रदेश सरकारको रु. ३५ लाख र तिनाउ गाउँपालिकाको रु. ३५ लाख ४० हजार गरी जम्मा रु ७० लाख ४० हजार रकम विनियोजन गरेको छु।

१६४. तिनाउ गाउँपालिकाको विभिन्न वडाहरुमा ठुला सडकहरु स्तरउन्नती गर्न वडा न २ को गणेशटोल झ्याङ्गला बगाहा हरीयाली गाउ मोटरबाटो स्तरउन्नती, वडा न ३ को चौकीभञ्याङ् झिन्टुङ् मोटरबाटो स्तरउन्नती, वडा न ४ को गिट्टीखानी जाल्माघाट बौरीडाडा दह सत्यवति छाप गिजनचौर डुडाखोला मोटरबाटो स्तरउन्नती र वडा न ५ को चरचरे कोलडाडा सडक स्तरउन्नती गर्न प्रत्येक सडकको लागी रु ७० लाख को दरले रकम विनियोजन गरी जम्मा रु. २ करोड ८० लाख रकम विनियोजन गरेको छु।

१६५. तिनाउ गाउँपालिकाले यस वर्ष देखी ठुला पुर्वाधारमा बजेट विनियोजन गर्ने गरी गाउँपालिका गौरबका आयोजनाहरु कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छ। यसअन्तर्गत वडा न १ को छतिवन कुडापानी ताल सुर्थुम ओखलढुङ्गा मोटरबाटो स्तरउन्नती, वडा न २ को घोडेबास माराबास मरेक मोटरबाटो स्तरउन्नती, वडा न ३ को सिसुवा काभ्राचौर मरेक मोटरबाटो स्तरउन्नती र वडा न ६ को मस्याम हटिया देखी जन्तिलुङ्ग पर्यटकीय मार्ग स्तरउन्नती गर्न प्रत्येक सडकको लागी रु. ३० लाखका दरले रकम विनियोजन गरी जम्मा रु. १ करोड २० लाख रकम विनियोजन गरेको छु।

१६६. वडा नम्बर १ को कचल झिगामारा मोटरबाटो स्तरउन्नती गर्न रु. ५ लाख र देदु रितुङ्ग गोरेटोबाटो स्तरउन्नती गर्न रु. १ लाख गरी जम्मा रु. ६ लाख रकम विनियोजन गरेको छु।

१६७. वडा नं. २ को घोडेबास सिस्नेरी मोटरबाटो स्तरउन्नती गर्न रु. १ लाख ५० हजार र दाहसंस्कार स्थल जाने बाटो मर्मत गर्न रु. १ लाख गरी जम्मा रु. २ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१६८. वडा नं. ३ को लग्दुवा विसमुरे अधुरो बाटो निर्माण गर्न रु. २ लाख र हेग्बारी फिरफिरे मोटरबाटो निर्माण गर्न रु. ८ लाख गरी जम्मा रु. १० लाख रकम विनियोजन गरेको छु।

१६९. वडा नं. ४ को देउराली मधुवन मोटरबाटो स्तरउन्नती, उदुर्दी बेसी पानीमिल मोटरबाटो स्तरउन्नती र बेसी थपनडाडा मोटरबाटो स्तरउन्नती गर्ने कार्यक्रम राखेको छु, यी प्रत्येक बाटोको लागी रु ५ लाखका दरले जम्मा रु. १५ लाख रकम विनियोजन गरेको छु।

१७०. वडा नं. ५ को बाग्जुरी पक्की पुल गोरेटोबाटो स्तरउन्नती गर्न रु. १ लाख रकम विनियोजन गरेको छु।

१७१. वडा नं. ६ को खारपानी चिदिश मोटरबाटो स्तरउन्नती गर्ने कार्यका लागी रकम रु. ५ लाख विनि योजन गरेको छु।

१७२. यसरी सडक तथा पुलतर्फ जम्मा रु. ५ करोड ८० लाख ३० हजार रकम विनियोजन गरेको छु।

**सिँचाई**

१७३. सिंचाइ सुविधाको व्यवस्था गरी कृषि तथा वेमौसमी खेती गर्न वडा नम्बर २ को बगाहा सिचाइ आयोजनाको लागी रु. २ लाख, झ्याङ्गला सिचाइ आयोजनाको लागी रु. ३ लाख, खुर्सनि तल्लो टोल सिचाइ आयोजनाको लागी रु. २ लाख, बुढासटक सिचाइ (माथिल्लो र तल्लो टोल) को लागी रु. २ लाख, माँझिकुलो सिचाइको लागी रु. २ लाख र बेलदमार सिचाइ आयोजनाको लागी रु. १ लाख गरी जम्मा सिचाइ आयोजनाका लागी रु. १२लाख रकम विनियोजन गरेको छु।

१७४. वडा नं. ३ को बुटवल खानेपानी क्षेत्र प्रभावित सिचाइ योजनाको लागी रु ८ लाख र सोधिटोल सिचाइ आयोजनाको लागी रु. ३ लाख गरी जम्मा रु. ११ लाख रकम विनियोजन गरेको छु।

१७५. वडा नं. ४ का विभिन्न वडास्तरीय सिचाइ आयोजनाका लागी रु. ९ लाख रकम विनियोजन गरेको छु।

१७६. वडा नं. ३ को सिसुवा सिचाइ कुलो मर्मत गर्न रु. ३ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१७७. यसरी सिंचाइ क्षेत्रमा जम्मा रु. ३५ लाख ५० हजार रकम विनियोजन गरेको छु।

## भवन तथा सहरी विकास

**सभाध्यक्ष महोदय,**

१७८. अब म गाउँपालिका भित्र रहेका विभिन्न सामूदायिक तथा सरकारी भवनहरु निर्माण गर्ने कार्यको बजेट सम्बन्धी रकम विनियोजन गर्न चाहान्छु।

१७९. तिनाउ गाउँपालिकाले यस वर्ष देखी ठुला पुर्वाधारमा बजेट विनियोजन गर्ने नीती लिएअनुरुप तिनाउ गाउँपालिका वडा न. ४ को वडा कार्यालय भवनको भौतिक पुर्वाधार निर्माण र वडा न. ५ को वडा कार्यालयको भौतिक पुर्वाधार निर्माण गर्न प्रत्येक भवनको लागी रु ३० लाखका दरले रकम विनियोजन गरी जम्मा रु. ६० लाख रकम विनियोजन गरेको छु।

१८०. गाउँपालिकाको वडा नम्बर १ मा कचल आपटोल महिला सामुदायिक भवन निर्माण गर्न रु. ४ लाख, वडा न. २ को सामुदायिक स्वास्थ्य इकाइ भवन हरीयालीगाउ मर्मतको लागी ३ लाख, सामुदायिक स्वास्थ्य इकाइ भवन नुवाकोट मर्मतको लागी १ लाख, देविस्थान सामुदायिक भवन मर्मत तथा रङ्गरोहनका लागी १ लाख ५० हजार, वडा न ३ को सामुदायिक भवन फुलबारी र देउराली शौचालय निर्माण गर्न रु ५ लाख, वडा न ४ को सामुदायिक भवन स्तरउन्नती दह तथा बङरीडाडा को लागी रु ५ लाख, वडा न ५ को महिला भवन निर्माण बिस्कुनडाडा अधुरो भवन सम्पन्न गर्नका लागी रु. २ लाख, झाक्से सामुदायिक अधुरो भवन सम्पन्न गर्नका लागी रु. २ लाख, खमौरी सामुदायिक अधुरो भवन सम्पन्न गर्नका लागी रु. २ लाख, कोलडाडा सामुदायिक अधुरो भवन सम्पन्न गर्नका लागी रु. २ लाख र वडा न ६ को छिसखरक सामुदायिक भवन निर्माण गर्न रु. ५ लाख गरी जम्मा रु. ३२ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१८१. गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागी रु. ५० लाख रकम विनियोजन गरेको छु।

१८२. यसरी भवन निर्माण तर्फ जम्मा रु. ८२ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१८३. गाउँपालिकाले बालमैत्री स्थानीय शासनको कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँपालिकाको विभिन्न स्थानमा बालउद्यान सहित सिकाइ श्रोतकेन्द्रको निर्माण गर्न रु. ३० लाख रकम विनियोजन गरेको छु।

१८४. यसरी माथि प्रस्तुत गरिए बमोजिम पूर्वाधारहरुको विकासमा जम्मा रु. ७ करोड २८ लाख ३० हजार रकम विनियोजन गरेको छु।

**सभाअध्यक्ष महोदय,**

१८५. अव म वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु।

१८६. वन वातावरण तथा विपद् व्यवस्थापन

## वन तथा भु-संरक्षण

१८७. खानेपानीको स्रोतलाइ दीर्घकालिन बनाउन पानीका मुहान, पोखरी र ताल तलैया संरक्षण गर्न स्थानीय सरकार संचालन ऐन बमोजम आफ्नो कार्ययोजना गाउँपालिकामा पेश गर्ने तथा गाउँपालिकालाइ बन पैदावार विक्रीबाट प्राप्त रकमको १० प्रतिशत रकम गाउँपालिकामा बुझाउने गरि सामुदायिक वनहरुसंग साझेदारीमा पुन भरण पोखरी निर्माण कार्य गरीने छ। यसका लागी रु. ५ लाख रकम विनियोजन गरेको छु।

१८८. गाउँपालिका भित्र गर्मी यामको समयमा आगोलागिको घटनाहरु कम गर्न सामूदायिक वन क्षेत्र भित्र हुने खोसमेरा/पस्यौंलाहरुको संकलन गरी जैविक मल निर्माण गर्न पशु क्षेत्रमा काम गर्ने सहकारीहरुसंग साझेदारीमा काम गर्ने गरी रु. ५ लाख रकम विनियोजन गरेको छु।

१८९. गाउँपालिकामा रहेका सामुदायिक वनहरुको अध्ययन गरी आगलागीको धेरै जोखिम रहेको बन क्षेत्रको पहिचान गरी अग्नी रेखा निर्माण गरीने छ। यस कार्यका लागी रु. ५ लाख रकम विनियोजन गरेको छु।

१९०. गाउँपालिकाको भुगोललाइ उपयुक्त हुने गरी आगलागीको समयमा हुने बन डढेलो नियन्त्रण गर्न अग्नी नियन्त्रण सामाग्रीहरु खरिद गरी वितरण गर्ने व्यवस्था मिलाइने छ।यस कार्यका लागी रु. ३ लाख रकम विनियोजन गरेको छु।

**विपद् व्यवस्थापन**

१९१. वडा नम्बर १ मा रहेका जोखीमयुक्त सडकहरुमा नियमित काम गरी विभिन्न ११ वटा सडकहरुलाइ सुचारु गराउन लेन्थमेनहरुको व्यवस्था गरी ज्याला उपलब्ध गराउन रु. ५ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१९२. वडा न २ मा जोखिम रहेको ठाउमा मर्मत सम्भार गर्न रु. ३ लाख, वडा न ३ मा मर्मत सम्भार गर्न रु. ५ लाख, वडा न ४ मा मर्मत सम्भार गर्न रु. ३ लाख, वडा न ५ मा मर्मत सम्भार गर्न रु. २ लाख र वडा न ६ का विभिन्न संरचना मर्मत सम्भार गर्न रु. ४ लाख ५० हजार गरी जम्मा रु. १७ लाख ५० हजार रकम विनियोजन गरेको छु।

१९३. गाउँपालिकाले हालसम्म निर्माण गरेका विभिन्न संरचनाहरु दीगो रुपमा संचालन गर्न मर्मत सम्भार कोषको स्थापना गरी कार्यविधि बनाइ कोषको रकम खर्च गर्ने ब्यवस्था मिलाएको छु। यसको लागी रु. ५० लाख रकम विनियोजन गरेको छु।

१९४. गाउँपालिका भित्र आइ पर्ने प्राकृतिक तथा दैवी प्रकोपको कारणबाट हुने क्षति कम गर्न तथा भएको क्षति वापत तत्काल राहत उपलब्ध गराउन गाउँपालिकामा प्रकोप व्यवस्थापन (दैवी प्रकोप उद्दार) कोष निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु। उक्त कोषमा रु. ५० लाख जम्मा हुने गरी रकम विनियोजन गरेको छु।

१९५. गाउँपालिका भित्र विभिन्न कारणले आर्थिक सहायता प्रदान गर्नु पर्ने अवस्था आएका विभिन्न विपन्न वर्गका व्यक्तिहरुलाई तत्काल राहत उपलब्ध गराउने व्यवस्था मिलाउन रु. १५ लाख रकम विनियोजन गरेको छु।

१९६. गाउँपालिकाको क्षेत्रमा उत्पादन हुने फोहोरमैलाहरुको उचित व्यवस्थापन गर्न रु. ३ लाख रकम विनियोजन गरेको छु।

१९७. यसरी वातावरण तथा विपद व्यवस्थापन तर्फ जम्मा रु. १ करोड ५९ लाख रकम विनियोजन गरेको छु।

१९८. सभाअध्यक्ष महोदय,

१९९. अब म सुशासन तथा संस्थागत विकास तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु।

**सुशासन तथा संस्थागत विकास**

२००. गाउँपालिका भित्र रहेका विभिन्न प्रकारका सिप विकास, जनचेतना तथा सहकारी सम्बन्धी तालिम गोष्ठी कार्यक्रमहरु सञ्चालन गरी विभिन्न समुदाय तथा संघ सँस्थाहरुको क्षमता विकास गर्ने कार्यको लागि रकम व्यवस्था गरेको छु। यस कामको लागि रु. १० लाख रकम विनियोजन गरेको छु।

२०१. आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन गर्ने विभिन्न प्रकारका कार्यक्रमहरुमा कर्मचारीहरुलाई क्षमता विकास गर्ने कार्यका लागि रु. १० लाख रकम विनियोजन गरेको छु।

२०२. गाउँपालिकाको बजेट निर्माण देखी खर्च लेखाङ्कनका सम्पूर्ण कार्यहरु नेपाल सरकारले अनिवार्य रुपमा लागू गरेको सुत्र (SuTRA) प्रणाली मार्फत कामकाज गर्ने व्यवस्था मिलाइएको छु।

२०३. गाउँपालिकाको सुरक्षा व्यवस्था मिलाउन नगर प्रहरीको व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु। गाउँपालिका भित्र घट्ने विभिन्न अप्रिय घटनाको निष्पक्ष अनुसन्धान गर्न सहयोग पुऱ्याउन गाउँपालिकाको विभिन्न ठाउँमा सि.सि.टी.भी. क्यामेरा जडान गर्ने व्यवस्था मिलाइएको छु।

२०४. गाउँपालिकामा रहेको न्यायीक समिति तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि तथा न्याय सम्पादन गर्दा हुने विविध प्रकारका खर्चहरु व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु। यस कार्यका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु।

२०५. गाउँपालिकाको कार्य सम्पादनलाई प्रभावकारी बनाउन गाउँपालिकामा आगामी आर्थिक वर्ष देखि लागू हुने गरी कार्यालय सहयोगी (वडा सहित) १० जना, नगरप्रहरी ५ जना, हलुका सवारी चालक २ जना, ब्याकहो लोडर अपरेटर १ जना र ब्याकहो लोडर सहयोगी १ जना गरी जम्मा १९ जनाको दरबन्दी सिर्जना गरी कार्य सम्पादन गर्ने व्यवस्था मिलाएको छु।

२०६. गाउँपालिकाको प्रशासनिक भवनमा इन्टरनेटको व्यवस्थापन गर्न रु. १० लाख रकम विनियोजन गरेको छु।

२०७. सार्बजनिक निर्माणका आयोजनाहरुमा नियमअनुसार कन्टिन्जेन्सी रकम कट्टी गरी कार्यविधि वनाइ खर्च गर्ने व्यवस्था मिलाएको छु।

२०८. यसरी संस्थागत विकास, सेवा प्रवाह र सुःशासन तर्फ जम्मा रु. ३५ लाख रकम विनियोजन गरेको छु।

**सभाअध्यक्ष महोदय,**

२०९. अव म संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त शशर्त अनुदान तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु।

२१०. संघीय सरकारबाट प्राप्त सशर्त अनुदानलाई सोही बमोजिम खर्च गर्ने गरी रकम विनियोजन गरेको छु। यसका लागि चालु तर्फ रु. २२ करोड १४ लाख ९ हजार र पुँजिगत तर्फ रु. २१ लाख रकम विनियोजन गरेको छु। जस बाट चालु आर्थिक वर्षमा गाउँपालिकामा जम्मा संघीय सशर्त अनुदानबाट रु. २२ करोड ३२ लाख ९ हजार बराबर खर्च हुने अनुमान गरेको छु।

२११. लुम्बिनी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानलाई पनि सोही बमोजिम खर्च गर्ने गरी रकम विनियोजन गरेको छु। यस अन्तर्गत गाउँपालिकामा पुजिगत तर्फ वडा न ३ बेरुवा अधुरो सामुदायिक भवन निर्माणका लागी रु. १० लाख, वडा न ५ कोलडाडा अधुरो स्वास्थ्य चौकी भवन निर्माणका लागी रु. ५ लाख, वडा न ३ अर्घाछाप बन्यजन्तु आक्रमणबाट बचाउन तारवार गर्ने कार्यका लागी रु. १० लाख, घोडेबास कजवे निर्माणका लागी रु. ५ लाख, वडा न २ सुकेताल भकार्लुङ्ग पाटन सडकका लागी रु. ५ लाख, वडा न ३ सिसुवा काभ्राचौर हुदै श्रीडाडा मोटरबाटो स्तरउन्नतीका लागी रु. ५ लाख, वडा न ३ झुम्सा सराङ्गखोला मोटरबाटो स्तरउन्नतीका लागी रु. ५ लाख, वडा न २ दोभान मा वि (अङ्ग्रेजी माध्यम) कक्षाकोठा ब्यवस्थापनका लागी रु. ५ लाख, वडा न २ बोटेगाउ बेलदमार कजवे निर्माणका लागी रु. ५ लाख, वडा न ४ खहरेखोला रितुगण सिचाइका लागी रु. १५ लाख गरी जम्मा रु. ७० लाख पुजिगत तर्फ विनियोजन गरेको छु। त्यसैगरी बेमौसमी तरकारी प्रवर्दन तर्फ रु. १० लाख चालुतर्फ विनियोजन गरी प्रदेश सशर्त तर्फ जम्मा रु. ८० लाख रकम विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमती चाहन्छु।

२१२. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ५२ करोड १९ हजार ५ सय रकम विनियोजन गरेको छु। यस मध्ये चालु तर्फ रु. ३६ करोड ८६ लाख ६४ हजार कुल बजेटको ७०.८९ प्रतिशत, पूँजिगत तर्फ रु. १५ करोड १३ लाख ५५ हजार ५ सय कुल बजेटको २९.११ प्रतिशत रहने अनुमान गरेको छु। यसमा चालुतर्फ सशर्त अनुदानबाट प्राप्त हुने रकम धेरै भएकोले प्रतिशतमा तलमाथी भएको अवस्था छ। गाउँपालिकाको खास चालु खर्च ८ करोड ७५ लाख मात्र रहेको व्यहोरा जानकारी गराँउदछु।

२१३. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये गाउँपालिकाको आन्तरिक आम्दानीबाट रु. ५ करोड ४१ लाख, चालु आर्थिक वर्षको नगद बैंक मौज्दातबाट रु. १ करोड ३२ लाख ५८ हजार, जम्मा राजस्व बाँडफाँड (संघ र प्रदेश) बाट १० करोड ५० लाख ४३ हजार, जम्मा अनुदान (संघ र प्रदेशः वित्तीय समानीकरण, सशर्त अनुदान र विशेष अनुदान) बाट रु. ३३ करोड ५३ लाख ६८ हजार ५ सय र लागत सहभागिताबाट रु. १ करोड २२ लाख ५० हजार गरी जम्मा रु. ५२ करोड १९ हजार ५ सय रकम प्राप्त हुने अनुमान गरेको छु।

**सभाध्यक्ष महोदय,**

२१४. अब म आगामी आर्थिक वर्ष २०८१/८२ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु।

२१५. यस गाउँपालिकालाई आत्मनिर्भर गराउँदै जाने योजना सफल बनाउनका लागि कर प्रणालीमा संरचनात्मक परिवर्तन गरी संघ र प्रदेश सरकारसँग निर्भर रहनु पर्ने वाध्यताको अन्त्य गर्दै आन्तरीक आर्थिक क्रियाकलापमा आधारित तुल्याइ दीगो कर प्रणालीमा रुपान्तरण गर्दै जान निम्न उद्देश्य हासिल गर्ने गरी राजस्व परिचालन गरिनेछ।

२१६. वैज्ञानिक अनुमान योग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट नीजि लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादन मुलक उद्योग तथा व्यवसाय प्रबर्द्धन र संरक्षण प्रदान गर्ने।

२१७. गाउँपालिका भित्र सम्भावित करयोग्य सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउँदै कर छली तथा चुहावट नियन्त्रण गरी करको दर कम गर्दै दायरा विस्तार गर्ने।

२१८. मानव स्वास्थ्यलाई नोक्सान पुऱ्याउने तथा वातावरण ह्रास गराउने वस्तुको प्रयोगमा निरुत्साहित गर्ने।

२१९. गाउँपालिकाको कर प्रशासनलाई सक्षम बनाउन सूचना प्रविधिको प्रयोग मार्फत कर संकलन गर्ने।

२२०. गैर कर राजस्वका दरहरुलाई समसामयिक लागत प्रभावी र पारदर्शि बनाइ थप राजस्व संकलन गर्न प्रयास गर्ने।

**सभाध्यक्ष महोदय,**

२२१. आर्थिक वर्ष २०७९/८० को यथार्थ आय र खर्च, आर्थिक वर्ष २०८०/८१ अनुमानित आय, जेष्ठ मसान्त सम्मको यथार्थ आय तथा ब्यय र आर्थिक वर्ष २०८१/८२ को अनुमानित आय व्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु।

२२२. मैले माथि प्रस्तुत गरेको बजेटको सफल कार्यान्वयनबाट गाउँपालिकामा उपलब्ध श्रोत र साधनको उच्चतम उपयोग र समन्यायीक वितरण भै गाउँपालिका बासीको जीवन स्तर सहज सुरक्षित र गुणस्तरिय हुँदै जाने तथा दीगो र उच्च आर्थिक वृद्धिको जग मजबुत हुने अपेक्षा लिएको छु। गाउँपालिका भित्रको सार्वजनिक सेवाको प्रभावकारिता एवं गुणस्तर अभिवृद्धि भै सुशासनको प्रत्याभुती हुने विश्वास लिएको छु।

२२३. प्रस्तुत बजेट तर्जुमा गर्दा मलाई सहयोग गर्ने अध्यक्षज्यू, गाउँपालिका वडाध्यक्षहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, गाउँ सभाका सदस्यहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, गाउँपालिकाका राजनीति दलका प्रमुख तथा प्रतिनिधीहरु, गाउँपालिकाका विद्वत वर्गहरु, गाउँपालिकाका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, बजेट निर्माणको क्रममा अमुल्य राय सुझाव उपलब्ध गराउने सम्पूर्ण सहयोगिहरु र गाउँपालिका बासी प्रति हार्दिक आभार प्रकट गर्दै बजेट कार्यान्वयनमा सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दै सबल र समृद्ध तिनाउ गाउँपालिका निर्माणको महान यात्रामा सबै गाउँपालिका बासीलाई सहभागि हुन आव्हान गर्दै विदा हुन चाहन्छु। धन्यबाद, नमस्कार।

**लालबहादुर थापा**

उपाध्यक्ष

# तिनाउ गाउँपालिकाको आर्थिक ऐन, २०८१

तिनाउ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना** :- तिनाउ गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यावस्था गर्न वाञ्छनिय भएकाले, नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिक तिनाउ गाँउ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐन २०८१ श्रावण १ गते देखि तिनाउ गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. **सम्पति कर** : तिनाउ गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम सम्पति कर/जग्गा कर लगाईने र असुल उपर गरिने छ।

३. **भुमि कर (मालपोत)** : तिनाउ गाउँपालिका क्षेत्र भित्र अनुसूची (२) बमोजिम भुमि कर (मालपोत) लगाईने र असुल उपर गरिने छ।

४. **घर वाहाल कर** : तिनाउ गाउँपालिका क्षेत्र भित्र कुनै ब्यात्ति वा संघ संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरि पुरै वा आशिक तवरले वाहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वाहाल कर लगाईने र असुल उपर गरिने छ।

५. **व्यावसाय कर** : तिनाउ गाउँपालिका क्षेत्र भित्र व्यावसाय वा सेवामा पूजिँगत लगानि र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यबसाय कर लगाईने र असुल उपर गरिने छ।

६. **जडिबुटी, कवाडि र जीवजन्तु कर** : तिनाउ गाउँपालिका क्षेत्र भित्र कुनै व्यात्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस कवाडी माल र प्रचलित कानुनले निषेध गरियको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, छाला, सिङ, प्वाँख, जस्ता बस्तुको व्यावसायिक कारोवार गरे वापत अनुसूची (५) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ।

७. **सवारी साधन कर** : तिनाउ गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारि साधन कर लगाईने र असुल उपर गरिनेछ। तर लुम्विनी प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **विज्ञापन कर** : तिनाउ गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोही बमोजिम हुनेछ।

९. **मनोरन्जन कर** : तिनाउ गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यावसाय सेवामा अनुसूची (८) बमोजिम व्यावसाय कर लगाईने र असुल उपर गरिने छ। तर लुम्विनी प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्क :** तिनाउ गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेमा अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईनेछ।

११. **सवारी साधन पार्किङ शुल्क :** तिनाउ गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम सवारी साधन पार्किङ शुल्क लगाइ असुल उपर गरिनेछ। साथै सार्वजनिक निजी अवधारणा अनुसार पार्किङ व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थाले तिनाउ गाउँपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्ने छ।

१२. **सेवा शुल्क, दस्तुरः** उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा (११)व्यवस्था भए अनुसारको शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **पर्यटन शुल्क :** तिनाउ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१४. **घरजग्गा रजिष्ट्रेशन शुल्क :** तिनाउ गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन गर्दा अनुसूची (१३) बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असुल उपर गरिनेछ।

१५. अनुसूचीमा छुट भएका कर तथा राजस्वको सम्बन्धमा निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रदान गरिएको छ।

१६. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। कुनै विषयमा कर छुट दिनु पर्ने भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यको हकमा यस ऐनसँग बनाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि तिनाउ गाउँपालिका गाउँ कार्यपालिकाले तोके अनुसार हुने छ।

१८. **यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

१९. नियम वा कार्यविधि बनाउन सक्ने तिनाउ गाउँपालिका गाउँ कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

२०. **साविक बमोजिम हुने :** यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा साविक बमोजिम नै हुने छ।

२१. **खारेजी :** साविकमा तिनाउ गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएका हकसम्म खारेज हुनेछ।

## अनुसूची-१

(ऐनको दफा २ संग सम्बन्धित)

जिल्ला मालपोत कार्यालयको आ.व. ०७९/०८० को न्युनतम् रजिष्ट्रेशन मुल्याङ्कनको आधारमा आगामी आ.व. ०८१/०८२ को लागि सम्पत्ति मुल्याङ्कन दर देहाय बमोजिम कायम गरिएको छ ।

**(क) तिनाउ गाउँ पालिका अन्तर्गतका खेतियोग्य जग्गाहरु प्रतिरोपनी न्यूनतम मूल्य तपशिल बमोजिम कायम गर्ने ।**

| हालको वडा नं. | साविकको गा.वि.स वडा नं | किसिम | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|---|
| १ | सा.फेक ५,६ र ४ हा. कचल र जुठापौवा ९ सा.फेक ४ का केही भाग | खेत | १,००,०००।- | ८०,०००।- | ६०,०००।- | २०,०००।- |
| | | पाखो | ४०,०००।- | ३२,०००।- | २०,०००।- | १२,०००।- |
| २ | दोभान (सुकेताल) ३,६,७,८,९ | खेत | २,८०,०००।- | २,४०,०००।- | १,६०,०००।- | १,२०,०००।- |
| | | पाखो | १,००,०००।- | ८०,०००।- | ४४,०००।- | १६,०००।- |
| ३ | दोभान १,२,४,५ गोठादी ७ (दोभान २) | खेत | २,८०,०००।- | २,४०,०००।- | १,६०,०००।- | १,२०,०००।- |
| | | पाखो | १,००,०००।- | ८०,०००।- | ४४,०००।- | १६,०००।- |
| ४ | कोलडाडा(सत्यवति) १,२,३,४ झुम्सा | खेत | ५६,०००।- | ४०,०००।- | २८,०००।- | २०,०००।- |
| | | पाखो | २८,०००।- | २०,०००।- | १२,०००।- | ८,०००।- |
| ५ | कोलडाडा ५,९ मस्याम ४ | खेत | ८०,०००।- | ६०,०००।- | ४०,०००।- | २०,०००।- |
| | | पाखो | ४४,०००।- | ३२,०००।- | २४,०००।- | १२,०००।- |
| ६ | मस्याम १, २, ३, ५, ६, ७, ८, ९ दोभान ८ | खेत | ८०,०००।- | ६०,०००।- | ४०,०००।- | २०,०००।- |
| | | पाखो | ४४,०००।- | ३२,०००।- | २४,०००।- | १२,०००।- |

**(ख) भुम्सा, कोलडाडा सिद्धार्थ राजमार्गमा पर्ने घडेरि जग्गा प्रति आना रु १,४०,०००।-(एक लाख चालिस हजार मात्र)**

**(ग) हालको वडा नं १ कचल**

- खुर्सानि कचल मो.वा मा पर्ने जग्गा रु २,००,०००।-(दुई लाख प्रति रोपनी)
- कुडापानी जलुके सालधारा मो.वा मा पर्ने जग्गा रु २,००,०००।- (दुई लाख प्रति रोपनी)
- छतिवन कुडापानी ताल ज्ञानोदय मा.वि ओखलढुगा मो.वा मा पर्ने जग्गा रु २,००,०००।-( दुई लाख प्रति रोपनी)
- रानीवगिया झिगामारा ठुलिउदाङ मो.वा मा पर्ने जग्गा रु २,००,०००।-(दुई लाख प्रति रोपनी)

- झिगामारा कचल मो.वा मा पर्ने जग्गा रु १,५०,०००।-(एक लाख पचास हजार प्रति रोपनी)

**(घ) हालको वडा नं २ दोभान**

- गाईखोला, लामाचौपारि, गणेश टोल क्षेत्र मा पर्ने जग्गा रु ५०,०००।-(पचास हजार प्रति आना)
- भ्याकुतेपानी, स्वामीधारा, झेस्दी पुरानो पौवा क्षेत्र मा पर्ने जग्गा रु ३०,०००।-(तिस हजार प्रति आना)
- नुवाकोट क्षेत्र मा पर्ने जग्गा रु ८०,०००।-(असि हजार प्रति आना)
- दोभान खुर्सानि मो.वा मा पर्ने जग्गा रु ३०,०००।-(तिस हजार प्रति आना)

**(ङ) हालको वडा नं ३ झुम्सा**

- भुतखोला, अर्घाछाप, लामेदमार क्षेत्रमा पर्ने जग्गा रु ४०,०००।-(चालिस हजार प्रति आना)
- झुम्सा, पलन्दर, जिम्मालटोल क्षेत्रमा पर्ने जग्गा रु ५०,०००।-(पचास हजार प्रति आना)
- गड्डा, सराङखोला, हात्तिकोट, ज्यामिरे क्षेत्रमा पर्ने जग्गा रु ५०,०००।-(पचास हजार प्रति आना)
- वसन्तपुर क्षेत्रमा पर्ने जग्गा रु १,००,०००।-(एक लाख प्रति आना)

**(च) हालको वडा नं ४ सत्यवति**

- सत्यवति मन्दिर आसपासको क्षेत्रमा पर्ने जग्गा रु २५,०००।-(पच्चिस हजार प्रति आना)

**(छ) हालको वडा नं ५ कोलडाडा**

- वारिखेत, आठविसेखेत क्षेत्रमा पर्ने जग्गा रु २,००,०००।-(दुई लाख प्रति रोपनी)

**(ज) हालको वडा नं ६ मस्याम**

- डुम्रे, तिनधारे, मिलटोल, धन वहादुरको खेत सम्म वाह्रविसे क्षेत्रमा पर्ने जग्गा रु ५५,०००।-(पचपन्न हजार प्रति आना)
- वाह्रविसे धन वहादुरको खेत देखि घोलिघाट सम्मको क्षेत्रमा पर्ने जग्गा रु ३०,०००।- (तिस हजार प्रति आना)
- डुम्रे वतासे मो.वा मा पर्ने जग्गा रु ३०,०००।- (तिस हजार प्रति आना)
- डुम्रे भौसिकट्टा विसमुरे मो.वा मा पर्ने जग्गा रु ३०,०००।- (तिस हजार प्रति आना)
- झुम्सा मरेक सिस्नेखोला मस्याम मो.वा मा पर्ने पर्ने जग्गा रु ३०,०००।- (तिस हजार प्रति आना)
- जन्तिलुङ्ग क्षेत्रमा पर्ने जग्गा रु ३०,०००।- (तिस हजार प्रति आना)

**सम्पत्ति करको दररेट**

| सि.नं. | देखि | सम्म | कर |
|---|---|---|---|
| १ | एक रुपैया | पाँच लाख रुपैया | रु १००।- |
| २ | पाँच लाख एक रुपैया | दश लाख रुपैया | रु १२५।- |
| ३ | दश लाख एक रुपैया | पन्ध्र लाख रुपैया | रु १५०।- |
| ४ | पन्ध्र लाख एक रुपैया | विस लाख रुपैया | रु १७५।- |
| ५ | विस लाख एक रुपैया | पच्चिस लाख रुपैया | रु २००।- |
| ६ | पच्चिस लाख एक रुपैया | तिस लाख रुपैया | रु २२५।- |
| ७ | तिस लाख एक रुपैया | पैतिस लाख रुपैया | रु २५०।- |
| ८ | पैतिस लाख एक रुपैया | चालिस लाख रुपैया | रु २७५।- |
| ९ | चालिस लाख एक रुपैया | पैचालिस लाख रुपैया | रु ३००।- |
| १० | पैचालिस लाख एक रुपैया | पचास लाख रुपैया | रु ३५०।- |
| ११ | पचास लाख एक रुपैया | पचपन्न लाख रुपैया | रु ४००।- |
| १२ | पचपन्न लाख एक रुपैया | साट्ठी लाख रुपैया | रु ४५०।- |
| १३ | साट्ठी लाख एक रुपैया | पैसट्ठी लाख रुपैया | रु ५००।- |
| १४ | पैसट्ठी लाख एक रुपैया | सत्तरि लाख रुपैया | रु ५५०।- |
| १५ | सत्तरि लाख एक रुपैया | पचहत्तर लाख रुपैया | रु ६००।- |
| १६ | पचहत्तर लाख एक रुपैया | असि लाख रुपैया | रु ६५०।- |
| १७ | असि लाख एक रुपैया | पचासि लाख रुपैया | रु ७००।- |
| १८ | पचासि लाख एक रुपैया | नव्वे लाख रुपैया | रु ८००।- |
| १९ | नव्वे लाख एक रुपैया | पन्चानव्वे लाख रुपैया | रु ९००।- |
| २० | पन्चानव्वे लाख एक रुपैया | एक करोड रुपैया | रु १०००।- |
| २१ | एक करोड एक रुपैया देखी माथि प्रति ५ लाख | | रु १५० थप |

**घर कर**

| क्र.सं. | घरको प्रकार | १ तला | २ तला | ३ तला | ४ तला |
|---|---|---|---|---|---|
| १ | फुसको | ३० | ४५ | ६० | ७५ |
| २ | कच्चि घर | १०० | २०० | ३०० | ४०० |
| ३ | पक्कि घर | २०० | ४०० | ६०० | ८०० |

## अनुसूची-३

### बहाल कर

| क्र.सं. | प्रकार | करको दर |
|---|---|---|
| १ | घरको/जग्गाको | वहाल रकमको १०% |

## अनुसूची-४

### व्यवसाय करको दर

| क्र.सं. | व्यावसायको वर्गिकरण | दर्ता शुल्क/ नविकरण शुल्क |
|---|---|---|
| १ | छप्पर फुटपाथ | ५००।- |
| २ | स्थानीय दर्ता | ५००।- |
| ३ | घरेलुमा दर्ता | ५००।- |
| ४ | पानमा दर्ता | ५००।- |
| ५ | भ्याटमा दर्ता | २०००।- |
| ६ | कम्पनी दर्ता प्रा.लि. | ५०००।- |
| ७ | कम्पनी र्दता ली | १०,०००।- |

## अनुसूची-५

### जडीबुटी, कवाडी र जीवजन्तु कर

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| **क)** | **उन, खोटो, जडीबुटी, वनकस** | |
| १ | दालचिनि पात प्रति के.जी. | ५० पैसा |
| २ | दालचिनि वोक्रा प्रति के.जी. | १ रुपैया |
| ३ | उन (पाकृतिक, कृतिम, जगर) प्रति के.जी. | १० पैसा |
| ४ | खोटो प्रति के.जी. | ५० पैसा |
| ५ | अन्य जडीबुटीहरु प्रति के.जी. | ५० पैसा |
| ६ | वनकस(खर), बाबियो, छवाली, पराल, वगास, निगालो, लोकता, पटेर, अम्रिसो (कुचो) प्रति टक,टेक्टर | ५० रुपौया |
| **ख)** | **कवाडि मालसामान** | |
| १ | खालि सिसी(वियर) वोतल साईज हेरी प्रति गोटा | २५ पैसा |

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| २ | खालि सिसी(मदिरा र अन्य) ५०० एम.एल माथि प्रति गोटा | २० पैसा |
| ३ | खालि सिसी (मदिरा र अन्य) ५०० एम.एल तल प्रति गोटा | ५ पैसा |
| ४ | प्लाष्टिक (वोतल, भाडाकुडा, पुरानो जुत्ता, चप्पल,ग्यालिन,जर्किन आदि) प्रति के.जी. | १ रुपैया |
| ५ | खाली वोरा (जुट,प्लाष्टिक) | ५ पैसा |
| ६ | तेलको टिन १० लि. भन्दा ठुलो | १५ पैसा |
| ७ | तेलको टिन १० लि. भन्दा सानो | १० पैसा |
| **ग)** | **पुनः प्रशोधन गरि प्रयोग हुन सक्ने** | |
| १ | गार्मेण्टको कपडा,जुट,कार्पेटका टुक्रा प्रति के.जी. | १ रुपैया |
| २ | जलेको मोविल प्रति लि. | ५० पैसा |
| ३ | टायर ट्युवा प्रति के.जी. | १ रुपैया |
| ४ | थोत्रो टिन प्रति के.जी. | ५० पैसा |
| ५ | पुरानो ड्रम प्रति के.जी. | ५० पैसा |
| ६ | पुरानो कागज अखवार कार्टुन समेत प्रति के.जी | ५० पैसा |
| ७ | फलाम प्रति के.जी | १ रुपैया |
| ८ | अन्य धातु पित्तल, तामा आदी प्रति के.जी. | २ रुपैया |
| ९ | अन्य मेशिनरी औजार प्रति के.जी | ७५ पैसा |
| १० | पोलिथिन पाइपका टुक्रा प्रति के.जी | ५० पैसा |
| ११ | सिसाको धुलो र टुक्रा प्रति के.जी | २ रुपैया |
| १२ | पुरानो व्याट्रि प्रति गोटा | २ रुपैया |
| **घ** | **प्रचलित कानुनले निषेत्र गरिएको वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड,सिङ,प्वाँख,छाला** | |
| १ | हाँस, कुखुरा जस्ता पक्षिहरुको प्वाँख प्रति के.जी. | १ रुपैया |
| २ | हाड, सिङ, खुर प्रति के.जी. | १ रुपैया |
| ३ | छाला ठुलो प्रति गोटा | ३० रुपैया |
| ४ | छाला सानो प्रति गोटा | १५ रुपैया |

## अनूसूची-६

## सवारी साधन कर

| क्र.सं. | विवरण | | कर, दस्तूर, शूल्क |
|---|---|---|---|
| १ | **अटो रेक्सा** | दर्ता शूल्क | रु १०००। |
| | | बार्षिक नविकरण **शूल्क** | रु ५००। |

## अनूसूची-७

## विज्ञापन कर

| क्र.सं. | विवरण | | कर, दस्तूर, शूल्क |
|---|---|---|---|
| **१** | **विज्ञापन दर** | साइनवोर्ड, ग्लोवार्ड, स्टल आदिमा प्रति वर्गफुट ( ४५ भन्दा ठूलोमा) | ४५। |
| | | साइनवोर्ड, ग्लोवार्ड, स्टल आदिमा ४५ वर्गफुट सम्म प्रति वर्गफुट | ५०। |

## अनुसूची-८

## मनोरञ्जन कर

| क्र.सं. | विवरण | कर, दस्तूर, शूल्क |
|---|---|---|
| १ | फिल्म सूटिङ्ग | १०००। |
| २ | फिसिङ्ग प्रति बल्छि | २००। |
| ३ | फिसिङ्ग प्रति जाल | ३००। |
| ४ | प्रति टिकट प्रति व्यक्ति (प्रदेश कानुन बमोजिम) | ५% |

## अनुसूचि-११

## सेवा शुल्क, दस्तुर

| सि.नं. | कर सुचि | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| १ | परिक्षा दस्तुर | | विज्ञापनमा उल्लेख भए वमोजिम |
| २ | न्यायीक दस्तुर | उजुरि दर्ता | रु २००।- |
| | | प्रतिवादि दस्तुर | |
| | | नक्कल दस्तुर | |

| सि.नं. | कर सुचि | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| | | मिलापत्र दस्तुर | |
| | | अन्य न्यायीक दस्तुर | |
| ३ | ठेक्का फाराम विक्रि दस्तुर | | सुचना प्रकाशनमा उल्लेख भएवमोजिम |
| ४ | घ वर्गको ईजाजत पत्र | | कार्यविधि अनुसार |
| ५ | व्यक्तिगत घटना दर्ता | | संघीय ऐन अनुसार |
| ६ | प्रशासनि दण्ड जरिवाना जफत | | ऐन,कार्यविधि निर्णय वमोजिम |
| ७ | न्यायीक दण्ड जरिवाना जफत | | ऐन,कार्यविधि निर्णय वमोजिम |
| ८ | वातावरण, विकास तथा सरसफाई शुल्क | संघीय, प्रदेश, स्थानीय सरकारवाट अनुमति प्राप्त प्राकृतिक श्रोत साधन उत्खनन तथा ओसार पसार | सहमति अनुसार |
| ९ | केवलकार शुल्क | प्रति टिकट | २% |
| १० | आई.ई.ई सिफारिस | प्रति | रु १००००।- |
| ११ | नया खानी दर्ता | प्रति खानी | रु ३०००००।- |
| १२ | सिफारिस दस्तुर | सवै सिफारिस | रु २००।- |
| १३ | प्रमाणित दस्तुर | सवै प्रमाणित | रु २००।- |
| १४ | सुचिकृत | सानो मेशिन | रु ५०००।- |
| | | ठुलो मेशिन | रु १००००।- |
| १५ | आय प्रमाणित | प्रति दश लाख | रु १००० ।- |
| १६ | सर्जिवन मुचुल्का | साधारण | रु २००।- |
| | | स्थलगत | रु ५००।- |
| १७ | सिलौटा ढुगां | वटा | रु २०।- |

**प्राकृतिक साधन उपयोग कर**

लुम्विनी प्रदेश सरकारको अर्थसम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक "प्रदेश आर्थिक ऐन" को दफा ९ सँग सम्बन्धित अनुसूची ६ बमोजिम संकलन गरिनेछ।

**घर नक्शापास दस्तुर**

| विवरण | आवसिय भवन | व्यापारिक भवन | कैफियत |
|---|---|---|---|
| अभिलेखिकरण | | | |
| अभिलेखिकरण | रु ३ प्रति व.फि | रु ५ प्रति व.फि | |
| ट्रस अभिलेखिकरण | रु १ .५ प्रति व.फि | रु १ प्रति व.फि | |
| घर सुचिकृत दस्तुर | रु ५०० प्रति घर | रु १५०० प्रति घर | मापदण्डमा नपरेका |
| नयाँनक्सा | | | |
| आर.सि.सि फ्रेम स्ट्रकचर | रु ६ प्रति व.फि | रु ८ प्रति व.फि | |
| ईट्टा,ढुङ्गा,ब्लकको सिमेन्टको गाह्रोमा टिन,टायलको छाना | रु ४ प्रति व.फि | रु ६ प्रति व.फि | |
| ईट्टा,ढुङ्गा,ब्लकको माटोको गाह्रोमा टिन,टायलको छाना | रु ३ प्रति व.फि | रु ५ प्रति व.फि | |
| ट्रसमा टिन,टायलको छाना | रु २ प्रति व.फि | रु ४ प्रति व.फि | |
| थप नक्सा निर्माण दस्तुर | | | |
| | रु ८ प्रति व.फि | रु ८ प्रति व.फि | |
| नक्सा नामसारी दस्तुर | | | |
| खरिद / बिक्री सट्टा पट्टा | रु ३ प्रति व.फि | रु ६ प्रति व.फि | |
| अंशबण्डा | रु २ प्रति व.फि | रु ४ प्रति व.फि | |
| घरधनी मृत्यु | रु १००० प्रति घर | रु १००० प्रति घर | |
| नक्शा पास किताब | रु.५०० प्रति घर | | |
| निवेदन दस्तुर | कार्यालयबाट निःशुल्क वितरण | | |

**नोटः दीन दुःखीहरुको हकमा प्रमुख प्रशासकीय अधिकृतको तोक आदेश र वडा अध्यक्षको सिफारिस अनुसार निःशुल्क सेवा प्रदान गर्न सकिनेछ ।**

# तिनाउ गाउँपालिकाको आ.व. २०८१/०८२ को आय विवरण

रु. हजारमा

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| आय | ५०,००,८० | ५३,७३,२६ | ५४,२०,८४ |
| राजस्व | १३,८०,६९ | १८,२९,०४ | १९,४४,६६ |
| आन्तरिक श्रोत | ३,७१,७३ | ९,२५,७० | ८,९४,२३ |
| ११३१३ सम्पती कर | ९३ | १०,०० | ५,०० |
| ११३१४ भुमिकर/मालपोत | ६,९२ | १४,०० | ८,०० |
| ११३१७ वहाल कर | ५,०१ | १०,०० | ६,०० |
| ११४७९ अन्य मनोरञ्जन कर | | ० | ५० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | | ० | ३,४५,०० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | १०,७९ | | |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | | ० | १,०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | | ५,०० | ० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १,१०,४३ | १,५०,०० | ५,०० |
| १४२२१ न्यायिक दस्तूर | | ५० | ५० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | | १,०० | १,०० |
| १४२४२ नक्सापास दस्तुर | १,५६ | ४,७० | १,०० |
| १४२४३ सिफारिश दस्तुर | १,२९ | १०,०० | ५,०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २,१४ | ० | ३,०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १७ | २० | १,०० |
| १४२४९ अन्य दस्तुर | | ५,०० | ० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | | २,०० | १,०० |
| १४२६५ अन्य क्षेत्रको आय | १,००,१९ | ८०,०० | १,०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | | ० | ५० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५,६५ | १०,०० | ५,०० |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | १,१४,०७ | १,०० | १,५०,०० |
| १४६११ व्यवसाय कर | ६१ | | |
| ३२१२२ बैंक मौज्दात | | ६,२२,३० | ३,५३,२३ |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १०,०८,९६ | ९,०३,३३ | १०,५०,४३ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,५१,६९ | ६,००,०० | ६,५६,८२ |

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १,८४,७३ | २,४३,५८ | २,३९,१७ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ६६,५३ | ५३,१५ | ५३,८३ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | २४ | ६० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | | ६,३६ | १,००,०० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | ६,०० | | |
| अन्य आय | ११,९१ | ० | १,५० |
| १४५२९ अन्य राजस्व | ९,३३ | ० | १,०० |
| १५१११ बेरूजू | २,५८ | ० | ५० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ३५,४७,४१ | ३५,४४,२२ | ३३,५३,६८ |
| संघीय सरकार | ३२,३७,५४ | ३२,८३,१३ | ३१,४७,०९ |
| १३३११ समानिकरण अनुदान | ८,८९,८५ | ८,५३,०० | ८,६२,०० |
| १३३१२ शसर्त अनुदान चालु | २१,३७,८२ | २१,८६,३० | २२,१४,०९ |
| १३३१३ शसर्त अनुदान पुंजीगत | १,८०,०१ | ८३,८३ | २१,०० |
| १३३१५ विषेश अनुदान पुंजीगत | | ८०,०० | ५०,०० |
| १३३१७ समपुरक अनुदान पुंजीगत | २९,८६ | ८०,०० | ० |
| प्रदेश सरकार | ३,०९,८७ | २,६१,०९ | २,०६,५९ |
| १३३११ समानिकरण अनुदान | ५२,०३ | ५९,५९ | ५६,५९ |
| १३३१२ शसर्त अनुदान चालु | | २६,५० | १०,०० |
| १३३१३ शसर्त अनुदान पुंजीगत | ८०,०० | ६०,०० | ७०,०० |
| १३३१४ विषेश अनुदान चालु | ६०,०० | | |
| १३३१५ विषेश अनुदान पुंजीगत | | १५,०० | ० |
| १३३१७ समपुरक अनुदान पुंजीगत | १,१७,८४ | १,००,०० | ७०,०० |
| बैदेशिक | | | |
| जनसहभागिता | ६२,६९ | ० | १,२२,५० |

# तिनाउ गाउँपालिकाको विनियोजन ऐन, २०८१

**प्रस्तावनाः** आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष माथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन आवश्यक भएकोले यस गाउँ सभा समक्ष यो ऐन पेश गरेको छु।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस ऐनको नाम **“विनियोजन ऐन २०८१”** रहेको छ।

(२) यो ऐन सम्वत् २०८१ साल साउन १ गतेदेखि लागू हुनेछ।

२. आर्थिक वर्ष २०८१/८२ को निमित्त स्थानीय सञ्चित कोषबाट खर्च गर्ने अधिकारः आर्थिक वर्ष २०८१/८२ को निमित्त अनुसूची मा उल्लेख भए बमोजिम स्थानीय सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूचीमा उल्लिखित चालू खर्च र अनुसूचीमा उल्लिखित पूँजीगत खर्च गरि जम्मा रकम रु **५४,२०,८४,५००.००/-** अक्षेरपी **चौउन्न करोड बिस लाख चौरासी हजार पाँच सय मात्र** र मूल कोषमा अन्य जुनसुकै स्रोतबाट प्राप्त भइ शीर्षक तोकिएकोमा तोकिए बमोजिम र नतोकिकोमा गाउँ कार्यपालिकाको निर्णय भन्दा नबढ्ने गरी मा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चीत कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्वारा स्थानीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त अनुसूचीमा उल्लिखित कार्यहरुको निमित्त बजेट विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूचीको विभिन्न शिर्षकमा सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा नपुग हुने देखिन आएमा कार्यपालिका बैठकले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढि शिर्षकबाट अर्को एक वा एकभन्दा बढि शिर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

क. एउटै शिर्षकको बजेट शीर्षक/उपशीर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

ख. चालुबाट पूँजिगत शीर्षकमा रकम कार्यपालिकाबाट चालु शीर्षकमा सार्दा गाउँसभाबाट सार्न सकिने छ।

ग.पूँजीगत बाट चालु शीर्षकमा रकमान्तर गर्न गाउँसभाका बहुमत सदस्यको स्विकृत आवश्यक पर्ने छ।

४. समपुरक कोष वापत छुट्याइएको रकम सोही शिर्षकमा खर्च हुन नसक्ने भएमा गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार खर्च गर्न सकिने छ।

